# अध्याय : एक (CHAPTER : ONE)

## १. परिचय (Introduction)

प्रस्तुत अध्याय एक भित्रको परिचय अर्न्तगत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको मह[illegible]व, अध्ययनको सीमाहरू, अध्ययनको संगठन राखिएको छ, जुन निम्नअनुसार छन् :-

## १.१ अध्ययनको पृष्ठभुमी (Background of the Study)

विप्रेषण भन्नाले देशको सिमाना नाघेर अर्को देशमा गएर काम गरी आर्जन गरेको आय आफ्नो देशमा आफ्नो परिवारलाइ पठाएको रकम भन्ने वुझिन्छ । "Remmittance is about the transfer of money by migrant worker.For a payment sent by a customer to a business, see Remmitances man. A Remittance advice. For an allowance sent to an exiled person on condition that they do not return home, see remittance man. A Remttance is a transfer of money by a foregn worker to an individual is his or her home countrys. Money sent home by migrant cometes with international aid as one of the largest financial inflows to developing countries." वैदेशिक रोजगार भन्नाले श्रमको निश्चित मुल्यको आसा अथवा व्यवस्था सहित एक देशबाट अर्को देशमा गई विभिन्न क्षेत्रमा श्रमको उपयोग गर्ने विधिलाई वैदेशिक रोजगार भनिन्छ (पण्डित, २०५७) ।

वैदेशिक रोजगारी भन्ने शब्द हाल आएर समाजमा ब्यापकता पाउदै गएको छ । हाल बढ्दै गईरहेको विश्वब्यापीकरण, खुल्ला आर्थिक व्यवस्थामा श्रमको आदन प्रदान र सर्वसुलभ सस्तो श्रमको आयात तथा निर्यातवाट उब्जिएको यो शब्द कुनै पनि देशको परिधि नाघेर अको देशमा जानु र श्रमको मुल्य लिनु वैदेशिक रोजगारको सरल परिभाषा हो । नेपालको सन्दर्भमा पनि कामको शिलशिलामा स्थानान्तरण वा आफ्नो ठाउँ छोडेर अन्यत्र जाने गरेको कुरा इतिहासमा धेरै मात्रामा धेरै मात्रामा प्रमाणहरू पाइन्छ (पण्डित, २०५६) ।

नेपालीहरूको प्रमुख पेशा कृषि र कृषिमा वर्ष दिन काम गरे पनि खान पुग्ने अवस्था विद्यमान छ भने अर्कोतिर रोजगारीको अवसरको अभावले गर्दा १७/१८ वर्ष देखि ४०/४५ वर्ष सम्मका उत्पादनशील युवाहरू वेरोजगारी कारणले खाली हात वस्नु परेको छ । यि

युवाहरूको रोजगारीको एकमात्र विकल्प वैदेशिक रोजगार भएकोले वर्तमान समयमा नेपाली युवाहरू जाने आउने गरेको पाइन्छ (शर्मा, २०६२) ।

नेपालमा रोजगार प्रवर्द्धनका लागि सरकारी स्तरवाट अनुकुल वातावरणको सिर्जना कार्य वि.स. २०२८ सालमा श्रम विभागको स्थापना सँगै शुरु भएको हो । तत्कालिन समयमा उद्योग मन्त्रालय अन्तर्गत स्थापित श्रम विभागवाट कारखानामा निरिक्षण र श्रम विवाद समाधान केन्दित रहदा विभागको कार्य क्षेत्र आन्तरीक श्रमशक्तिको व्यवस्थापन गर्नमा मात्र सीमित रहेको थियो । समयको विकास कमसगैं देश भित्रको श्रम शक्तिको वैदेशिक रोजगारीमा जाने श्रम शुरु भएपछि नेपाल सरकारबाट वैदेशिक रोजगार ऐन, २०४२ जारी भयो भने २०५६ सालमा विभागको कार्य क्षेत्र विस्तार गरी विभागको नाम श्रम तथा रोजगार प्रवर्द्धन विभाग कायम गरियो । यसै क्रममा विभागले गर्दै आएको वैदेशिक रोजगार सम्बन्धि कार्यको जटिलता र वढ्दो कार्य वोझलाई सम्वोधन गरी समसामयिक सुधार ल्याइएको वैदेशिक रोजगार ऐन, २०६४ मा भएको ब्यवस्था अनुरुप श्रम विभागवाट अलग गरी २०६५ पुष १६ गते वैदेशिक रोजगार विभाग स्थापना भयो ( वैदेशिक रोजगार विभाग, २०७०) ।

देशको अर्थतन्त्रलाई क्रियाशिल वनाउनमा आयको महत्वपुर्ण भुमिका रहन्छ । देशभित्र पर्याप्त रोजगारीका अवसरहरू उपलब्ध नभैरहेको वर्तमान अवस्थामा वैदेशिक रोजगारी नै नेपालको युवा जनशक्तिको रोजगारीको प्रमुख स्रोत वन्न गएको छ । विगत दशक देखि वैदेशिक रोजगारीको लागि देश छाड्ने ब्यक्तिहरूको संख्या आर्थिक वर्ष २०६७/६८ मा ३,५४,७१६ जना रहेकोमा करिब ८ प्रतिशतले वृद्धि भइ आ.व. २०६८/६९ मा वैदेशिक रोजगारीमा जानेहरूको संख्या ३,८४,६६५ जना पुगेको छ । गत आर्थिक वर्ष भरी विदेशमा काम गर्न जाने ब्यक्तिहरूवाट विप्रेसणको रुपमा रु ३३०.९ भित्रिएको र उक्त रकम कुल ग्राहर्स्थ उत्पादनका २१.२ प्रतिशत हुन आउने तथ्य आर्थिक सर्वेक्षण २०६८/६९ मा उल्लेख भएको छ । अर्थतन्त्रमा विप्रेषणको योगदानको आधारमा गरिएको सर्वेक्षण अनुसार नेपाल विश्वमै छैटौं स्थानमा छ । सेवा र वस्तु निर्यातवाट कमाएको रकमको २० प्रतिशत भन्दा बढी विप्रेषणबाट कमाउनेको सुचिमा नेपाल तेस्रो स्थानमा परेको छ (वैदेशिक रोजगार विभाग, २०६९) ।

विप्रेषणको वर्तमान अवस्था (Present Condifion of Remittance) अन्तराष्ट्रिय वजारको माग अनुरुप ज्ञान र सिप प्रदान गरी प्रतिस्पर्धी श्रम शक्तिको विकाश गर्ने, सुरक्षित र व्यवस्थित र मर्यादित वैदेशिक रोजगारीको सञ्चालन र वैदेशिक रोजगारको सम्वोधन गर्ने मूल उद्देश्य रहेको वैदेशिक रोजगार निती २०६८ जारी भई कार्यान्यनको दिशामा अघि बढी सकेको छ । तीन वर्षिय योजनाले देशको वेरोजगारी अवस्थामा कमि ल्याउन, गरिबी न्युनीकरण गर्न र अर्थतन्त्रको सुदृढीकरणमा वैदेशिक रोजगारीको योगदानलाई बढाउनुका साथै सुरक्षित तथा मर्यादित वैदेशिक रोजगारको व्यवस्थापन गर्ने उद्देश्य राखेको छ । वैदेशिक रोजगारीका लागि सस्थांगत रुपमा कामदार पठाउन खुल्ला गरिएका मुलुकहरूको सख्या १०९ पुगेको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

वैदेशिक रोजगारी स्वदेशमा वेरोजगार तथा अवसरमा विकल्पको रुपमा वर्तमान समयमा स्थापित भइसकेको छ । सामान्य पढेलेखेको तथा उच्च शिक्षा गरेको दक्ष जनशक्तिको समेत आम्दानीको प्रमुख स्रोतको रुपमा देखिएको छ । विश्वब्यापिकरणको माहोल सगैँ सुचना र प्रविधिले फड्को मारिरहेको यो अवस्थामा आज प्रत्येक नेपालीहरूलाई पनि आफ्नो बालबालिकाको भविष्य प्रति चासोको विषय बनेको छ । सुचना र प्रविधिसग प्रतिस्पर्धा गर्न तथा गुणस्तरीय शिक्षा आफ्ना बालबालिकाहरूलाई प्रदान गर्ने दायित्व पनि बढ्दै गइरहेको छ । चरम वेरोजगारी तथा अवसरको कमिले गर्दा बालबालिकाहरूको दायित्व निभाउन नसकिरहेको अवस्थामा वैदेशिक रोजगार अहिले सहज वन्दै गइरहेको छ ( रेग्मी, २०६५) ।

अहिलेको समयमा नेपालबाट शिक्षित वा माथिलो स्तरका प्राविधिक ज्ञान हासिल गरेका युवाहरू विदेश पलायन हुने गर्दछन् भने यस देखि बाहेक देशमा रहेका सामान्य शिक्षा प्राप्त गरेका अशिक्षित युवाहरू समेत वैदेशिक रोजगारका लागि जाने क्रम तिब्र गतिमा बढिरहेको छ । यसमा पनि न्यूनतम सामान्य आर्थिक अवस्था भएको युवायुवतीहरू आफ्नो देश तथा गाउँ, घरपरिवारलाई छोडेर विदेशिन बाध्य हुनु परेको छ । र यस्तो कार्य तिव्र रुपमा बढिरहेको छ । त्यसैले नेपाल गाउँ नै गाउँले भरिएको राष्ट्र भएको हुदाँ नेपालको धेरैजसो ग्रमिण क्षेत्रमा युवायुवतीहरू कम मात्रामा रहेको पाइन्छ । ग्रमिण क्षेत्रका युवा पुस्ताहरू धेरैजसो वैदेशिक रोजगारमा गएको अवस्था छ । अहिले नेपालको स्थिती

यस्तो भैसकेको छ की शिक्षक, कर्मचारी, बुढाबुढी, बालबालिका तथा अशक्त व्यक्तिहरू भन्दा अरु युवाहरू गाउँमा विया भेटिएजस्तै भइसकेको छ । आफ्ना सम्पूर्ण घरपरिवार, पढाई, समाज, पढाई, साथिसंगी तथा राष्ट्रलाई छाडेर युवाहरू वैदेशिक रोजगारीका लागि विभिन्न खाडी राष्ट्रमा जान्छन् । ती वैदेशिक रोजगारीबाट प्राप्त आयले युवाहरूको घरपरिवारको आर्थिक तथा शैक्षिक स्थितीमा कस्तो प्रभाव परेको छ ? विप्रेषणबाट प्राप्त आम्दानी कहाँ लगानी भएको छ ? लगानीबाट प्रतिफल कति प्राप्त भएको छ ? बालबालिकाको पढाईमा सकारात्मक प्रभाव परेको छ वा छैन ? सबैभन्दा बढी कुन शैक्षिक अवस्था भएका युवाहरू वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ ? आदि विषयबस्तुको खोज अनुसन्धान गरी निष्कर्ष निकालेर रोजगारीमा अपनाउनुपर्ने सहजता र ठोस सुझाब दिनु अध्ययनको उद्देश्य रहेको छ ?

बर्तमान समयमा पनि नेपाली युवाले रोजगारी नपाउनु नै अहिलेको नेपालमा देखिएको एउटा गम्भिर समस्या हो । हिमाल, पहाड र तराईमा प्रसस्त मात्रामा पुर्वाधार विकास हुन नसक्नु नै बेरोजगारी उत्पन्न हुनु हो । साथै ग्रमिण क्षेत्रमा देखा परेका यस्ता पुर्वाधारको कमि र बढी बेरोजगारी देखा परेकोले ग्रामिण अर्थतन्त्रलाई माथि उकास्न, बेरोजगारी, गरिबीलाई हटाउन वैदेशिक रोजगारले राम्रो भुमिका खेल्दछ । त्यसैले वैदेशिक रोजगार नेपाल अर्थतन्त्रको विकासमा प्रमुख माध्यम भएकोले यस अध्ययनले खोज अनुसन्धान समाजमा विद्यमान सकारात्मक र नकारात्मक प्रभावको सम्बन्धमा ठोस सल्लाह, सुझाब र निष्कर्ष अध्ययनको प्रमुख पक्ष रहेको छ ।

वैदेशिक रोजगारीमा अवसर तथा आम्दानी पनि राम्रै हुने गरेको देखिन्छ । वैदेशिक रोजगारीमा अवसर तथा आम्दानी पनि राम्रो नै हुने गरेको देखिन्छ । वैदेशिक रोजगारीमा रहदा आम्दानी सबै बालबालिकाहरको पढाइमा तथा विभिन्न वस्तुहरूको उपयोगमै सकिन्छ भन्ने हुदैन । विभिन्न किसिमको उत्पादनमुलक क्षेत्रमा लगाएर थप गरिरहेको हुन सक्छ । यस सोधमा उक्त आम्दानी उत्पादन मुलक क्षेत्रमा लगाइएको छ अथवा छैन भनी यर्थाथमा पनि पत्ता लगाउन खोजिएको छ ।

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

यस अध्ययनको साधारण उद्देश्य रेमिट्न्यासले वैदेशिक रोजगारमा संलग्न घर परिवारको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु हो भने यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् :-

१. वैंदेशिक रोजगारीमा जानु अघि र पछिको उनिहरूको आर्थिक अवस्थामा आएको परिवर्तनको तुलनात्मक विश्लेषण गर्नु ।
२. विप्रेषणबाट गरिएको लगानीको प्रतिफल पत्ता लगाउनु ।
३. विप्रेषणबाट प्राप्त रकमले उनीहरूको बालबालिकाको शैक्षिक स्तरमा पारेको प्रभावको विष्लेषण गर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू (Research Questions)

यो अध्ययन सामान्यतया निम्न अनुसन्धान प्रश्नहरू (Researce Question) बाट निर्देशित छ ।

१. वैदेशिक रोजगारीमा जानु अघिको पारिवारीक आर्थिक स्थिति कस्तो थियो ?
२. के आफ्नो परिवारलाई विप्रेषण पठाउन थालेपछि परिवारको आर्थिक स्थितीमा फरक आएको छ ?
३. के विप्रेषणवाट उत्पादन मुलक क्षेत्रमा लगानी भएको छ ?
४. के उत्पादनमुलक क्षेत्रमा गरिएको लगानीवाट प्रतिफल प्राप्त भएको छ ?
५. उत्पादनमुलक क्षेत्रमा गरिएको लगानीबाट कति प्रतिफल प्राप्त भएको छ ?
६. रेमिटयान्सले बालबालिकाको पढाइमा सकारात्मक प्रभाव पारेको छ ?
७. सबैभन्दा बढी कुन शैक्षिक अवस्था भएका युवाहरू वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ ?

## १.५ अध्ययनको मह□व (Importance of the Study)

नेपालको कुल गार्हस्थ उत्पादन (Gross Domestic Production) मा २३ प्रतिशतले योगदान विप्रेषण वर्तमान समयमा रोजगारीको निम्ती निकै उपयुक्त मानिन्छ र वार्षिक छ

लाखको हाराहारीमा नेपाली युवाहरू वैदेशिक रोजगारीमा गइरहेको तथ्याङ्कहरू श्रम मन्त्रालयम, रोजगार प्रवर्द्धन समिती, केन्द्रीय तथ्याङ्क विभाग, वैदेशिक रोजगार विभाग आदीले समय समयमा सार्वजनिक गरेको छ । यस तथ्याङ्कको आधारमा सोभै वैदेशिक रोजगारको महत्वबारे अनुमान गर्न सकिन्छ । यसले नेपालीहरूको आय स्तरमा, स्वास्थ्य स्थितीमा, खाद्य उपयोग तथा शैक्षिक स्तरमा नै गुणात्मक परिवर्तन ल्याउन सफल भएको छ ।

नेपालको रोजगारीको क्षेत्रलाई खोतल्ने हो भने सबैभन्दा बढी रोजगारी कृषि क्षेत्रबाट पाएका छन् । यसरी परम्परागत कृषि प्रणालीले गर्दा कृषकहरूलाई आफ्नो विहान बेलुकाको छाक टार्न पनि धौ धौ पर्ने हुनाले आम नेपाली युवाहरू वैदेशिक रोजगारीमा होमिनु परेको छ । यस अध्ययनमा वैदेशिक रोजगारीको लागि खाडी मुलुक पलायन भएका नेपाली युवाहरूको आर्थिक अवस्था, शैक्षिक स्थिती तथा उनीहरूको सिपको उपयोग र वैदेशिक रोजगारीमा गई प्राप्त विप्रेषणको लगानीले उनीहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव र वैदेशिक रोजगारको लागि व्यवस्थित विकास एवम् प्रवर्द्धनको ठोस सुझाव प्रदान गर्नको निमित्त यस अध्ययनमा कदम चालिएको छ । वैदेशिक रोजगारीको क्रममा यस अध्ययनले सकरात्मक तथा नकरात्मक पक्षहरूको जानकारी दिन र वैदेशिक रोजगारीमा देखिएको वर्तमान समस्याहरूको लागि यस अध्ययन महत्वपूर्ण हुनेछ ।

नेपाली युवाहरूले वैदेशिक रोजगारीमा देखिएको वर्तमान समस्या पत्ता लगाई सम्बन्धित पक्षहरूलाई जानकारी दिन, कामदारहरूले वैदेशिक रोजगारमा जानु अघि अपनाउनु पर्ने सावधानीहरू, आवश्यक तालिम तथा सीप र भाषा सम्बन्धि ज्ञानको बारेमा सरकारले अपनाउनुपर्ने कार्य निर्माण गर्नुपर्ने नीति नियमहरूको जानकारी, अर्थशास्त्र विभागका विद्यार्थीहरूलाई वैदेशिक रोजगार सम्बन्धि अध्ययन तथा मार्गनिर्देशन दिन यस शोधपत्रले सहयोग गर्नेछ । यो अध्ययनको महत्वलाई निम्नानुसार बुदाँमा व्यक्त गर्न सकिन्छ :-

१. वैदेशिक रोजगारीमा सलंग्न युवाहरूको आर्थिक तथा पारीवारीक शैक्षिक अवस्थाको विश्लेषण गर्न ।
२. वैदेशिक रोजगारीको सकारात्मक र नकारात्मक पक्षको विश्लेषण गरी सम्बन्धित व्यक्तिलाई जानकारी दिने ।

३. यस अध्ययन विषयसँग सरोकार राख्ने व्यक्तिहरूको लागी अध्ययनमा सहभागी बन्ने ।

४. सरकारले वैदेशिक रोजगारी सम्बन्धी अपनाउनु पर्ने सावधानीहरूको जानकारी दिन ।

५. निती निर्माणकर्तालाई निती निर्माणमा सहयोगी बन्ने ।

६. यस सोधले अर्थशास्त्र विभागका विद्यार्थीहरूलाई वैदेशिक रोजगार सम्बन्धि अध्ययन गर्न तथा मार्ग निर्देशन दिन सहयोग गर्ने अपेक्षा लिइएको छ ।

## १.६ अध्ययनको सिमा (Limitation of the Study)

कुनै पनि विषय वस्तुको अध्ययन कार्यलाई त्यसको उद्देश्य प्राप्तीका लागी निश्चित सिमा भित्र रहेर गर्नु आवश्यक हुन्छ । अनुसन्धान कर्ताको समय, लागत, आवश्यक पर्ने जनशक्तिको सिमितता तथा अध्ययन कार्यलाई प्रभावकारी, यथार्थपरक, औचित्य पूर्ण, उपयोगी र समय सान्दर्भीक वनाउनका लागि निम्नानुसार सिमावद्ध गरिएको छ :-

१. यो अध्ययनमा वैदेशिक रोजगारीबाट फर्किएका युवायुवती तथा उनीहरूको अभिभावकलाई मात्र समेटिएको छ ।

२. यस अध्ययनमा डि.भी. परेर अमेरिका गएका, नागरिकता लिएर विदेशमा नै वसेका तथा खुला सिमाका कारण भारतमा गएर काम गरेका ब्यक्तिलाई समावेश गरिएको छैन ।

३. यस अध्ययनमा मलेसिया, साउदी अरब, कतार, दुवई र कुवेत गरी ५ देशहरूलाई मात्र लिइएको छ ।

४. यस अध्ययनमा कार्यक्षेत्र अध्ययन, सामाजिन सर्वेक्षण र प्रश्नावली साधनको प्रयोग गरीएको छ ।

५. यस अध्ययनमा अन्तरवार्ता र वैयक्तिक अध्ययन प्रविधिको प्रयोग गरिएको छ ।

६. यस अध्ययनमा वि. स. २०६९ देखि २०७१ साल सम्मको आम्दानी तथा खर्चलाई समेटिएको छ ।

७. यस अध्ययनको निष्कर्षलाई देशको सम्पुर्ण सन्दर्भमा सामान्यीकरण गर्न सकिदैन भन्ने मान्यता राखिएको छ ।

८. यस अध्ययनलाई आर्थिक वर्ष २०६९/७० र २०७०/७१ सम्मको तथ्याङ्कमा सीमीत गरीएको छ ।

## १.७ मुख्य शव्दावलीको परिभाषा (**Key difinication of the Words**)

**वैदेशिक रोजगार** :- देशको सीमा नागेर अर्को देशमा गएर काम गर्नुलाई वैदेशिक रोजगार भनिन्छ ।

**विप्रेषण** :- विदेशमा गएर गरिएको आम्दानी स्वदेशमा भि□याउनु

**प्रत्यक्ष अवलोकन** :- अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा आफै गई गरिएको अवलोकन ।

**आम्दानी** :- वस्तु तथा सेवा विक्रि गरे वापत प्राप्त गरिएको रकम ।

**खर्च** :- वस्तु तथा सेवा खरिद गर्दा भुक्तान गरिएको रकम ।

**बचत** :- आम्दानी र खर्च विचको अन्तर बचत हो ।

**अन्तरवार्ता** :- दुई वा दुई भन्दा बढी व्याक्तहरू विच आमने सामने बसेर गरिने कुराकारी ।

**जनसंख्या** :- अनुसन्धानकर्ताको लागि छनोट गरिएका सम्पूर्ण मानिस वा बस्तुहरूको समुह ।

**नमुना** :- ठूलो जनसंख्याबाट छनौट गरिएको प्रतिनिधिमुलक समुह ।

**नमुना छनौट** :- ठूलो समुहबाट केहि एकाईहरू छनौट गर्ने प्रक्रिया ।

**साक्षर** :- आफ्नो नाम लेख्न र पढ्न सक्ने मानिस ।

**निरक्षर** :- आफ्नो नाम लेख्न र पढ्न नसक्ने मानिस ।

## १.८ अध्ययनको संगठन (**Organization of the Study**)

यस शोधपत्रलाई जम्मा पाँच अध्यायमा तयार गरीएको छ । जसको खाका निम्नानुसार छ ।

यस अध्ययनको अध्याय एकमा परिचय खण्ड राखिएको छ । यस अन्तर्गत पृष्ठभूमि, अध्ययनको मह□व, समस्याको कथन, उद्देश्य, अनुसन्धान प्रश्न, सीमा र अध्ययनको शोधविधि समावेश गरीएको छ । अध्याय दुईमा सन्दर्भ साहित्यको पुनरावलोकन रहेको छ । यस अन्तर्गत सैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्व साहित्यको समिक्षा, साहित्यको पुनरावलोकन अध्ययनको समिक्षा, अध्ययनको अवधारणात्मक ढाँचा, अनुसन्धान अन्तर

रअध्ययनको कार्यात्मक अवधारणा रहेका छन् । अध्याय तीनमा अध्ययनको विधि र प्रक्रिया रहेको छ । यस अन्तर्गत अध्ययनको ढाँचा, जनसंख्या र नमुना छनोट, तथ्याङ्कका स्रोतहरू, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका औजारहरू, तथ्याङ्क संङ्कलन विधि रहेको छ ।अध्याय चार अन्तर्गत तथ्याङ्कको प्रस्तुती र विश्लेषण रहेको छ । अध्याय पाँचमा निष्कर्ष र सुझावहरू प्रस्तुत गरीएको छ ।

# अध्याय : दुई (CHAPTER : TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Literature)

यस अध्यायमा पुर्व साहित्यको समिक्षा प्रस्तुत गरिएको छ । यस अन्तरगत विभिन्न व्यक्तिहरूको लेख तथा विभिन्न सस्थानहरूवाट प्राप्त विवरणलाई प्रमुख आधारको रुपमा लिइएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Thoretical Review of Literature)

हाडा (२०६५) ले गरेको अनुसन्धान अनुसार, उन्नाइसौ सताब्दीको पहिलो दशकमा भारतको इष्ट इन्डिया कम्पनिले नेपालमा युवाहरूलाई सेनामा भर्ती लिन थालेपछि नेपाली युवाहरू विदेशमा रोजगारीका लागी जान थालेको पाइन्छ । त्यसै बेला देखि नै वैदेशिक रोजगारले परिवारको आर्थिक, सामाजिक स्थितीमा प्रभाव पारेको पाइन्छ ।

साह, (२०६९) ले गरेको अनुसन्धान अनुसार वैदेशिक रोजगार भन्नाले जीवन निर्वाह गर्न गरिने काम, इलम, पेशा वा व्यवसाय हो भनेका छन् । अर्थात् विकासोन्मुख देशमा रोजगारका पर्याप्त अवसर नभएका कारण विकसित देश तिर वैदेशिक रोजगार पर्याप्त पाउने र आफ्ना आवश्यकता पुरा हुने गरी श्रम शक्तिको आपुर्ति हुनु भन्ने बुझिन्छ भने नेपालमा वैदेशिक रोजगार भन्नाले भारत भन्दा बाहिर, अमेरिका, जापान, कोरिया गएर काम गर्नु भन्ने बुझिन्छ । लाखौं युवा युवतीहरू वैदेशिक रोजगारीमा गइरहेका छन् । यसबाट प्राप्त विप्रेषणले युवाहरूको मात्र होइन नेपालको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पारेको छ । तै पनि वैदेशिक रोजगार माथि अत्याधिक निर्भरताले दीर्घकालको लागि प्रत्युपादक बन्न सक्दछ भन्ने कुराहरूलाई हामीले भुल्नु हुदैन किनभने कुनै समयमा नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको ऊनी गलैचा र तयारी पोशाक आज आएर धारासायी तथा बन्दै हुने अवस्थामा पुगेको तितो यथार्थ हाम्रो सामु ताजा नै रहेको छ अन्तराष्ट्रिय श्रम बजारमा तुलनात्मक रुपमा श्रमको माग तिब्र रुपमा हुन सकेको खण्डमा मात्र आपुर्ति पक्षको भुमिका सहज हुन सक्दछ । तर दीर्घकाल सम्ममा यस प्रक्रियाले निरन्तरता पाउन सक्दछ भन्ने कुरामा एकिन गर्न गाह्रो छ । तसर्थ कुनै समयमा

अन्तराष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकको माग घट्न गई आम्दानीले निरन्तरता नपाउन सक्ने संभावाना माथि पनि उत्तिकै सजग हुनुपर्ने देखिन्छ । वर्तमानको आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गरी स्वदेशमा नै रोजगारीको अवसरहरू सिर्जना गर्न सकेको खण्डमा वा स्वरोजगारलाई प्रोत्साहन दिन सकेको खण्डमा मात्र भविश्यमा समुन्नति र दीगो आर्थिक विकासको आशा गर्न सकिन्छ ।

घिमिरे,(२०६१) ले अनुसार विदेशमा नेपालीहरूको रोजगारी सेवा हुने भर्तीबाट शुरु भए पनि अहिले यो अन्यन्त व्यापक र बहुआयामिक बन्दै गइरहेको भनेका छन् । यसलाइ थप मर्यादित बनाउन वैदेशिक रोजगार सम्बन्धि ऐन २०६४ तयार भई कार्यान्वयनमा आएको छ भने २०३८ मा श्रम विभाग र २०६५ मा स्थापना भएको वैदेशिक रोजगारले पनि उत्तिकै मह□वपूर्ण योगदान पु¥याएको देखिन्छ ।

Kansakar, (१९८२) ले आफ्नो एक अनुसन्धानमा सन् १८१४ पछि नेपालमा विप्रेषणको सुरुवात सेनाहरूवाट भएता पनि पछि गएर गैर सैनिक श्रमिकहरूवाट पर्याप्त हुन गरेको उल्लेख गरिएको छन् । उनको उक्त अनुसन्धानले नेपालको वढ्दो जनसंख्या रोजगारीका अवसरहरू वीच सन्तुलन ल्याउन तथा वैदेशिक मुद्रा आर्जन गर्न एउटा कोशे ढुङ्गा नै सावित भएको छ । उनले आफ्नो अध्ययनमा वैदेशिक रोजगारीबाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारको आर्थिक सामाजिक तथा शैक्षिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख छ । त्यसको नकारात्मक अथवा वैदेशिक रोजगारीको खराब पक्षमा श्रमिकको तिब्र पलायनका कारण कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्फ पनि सचेत गरिएको छ ।

अधिकारी, (२०६५) ले गरेको अनुसन्धान अनुसार विदेशबाट प्राप्त विप्रेषण आयले गरिबी निवारणमा मेरुदण्डको काम गरेको छ । त्यसैगरी उनले आफ्नो लेखमा विप्रेषण नहुने हो की भने गरिवीको रेखामुनीको गरिबी ३१% बाट बढेर ३६.३७% हुने थियो भनि उल्लेख गरेका छन् । उनले विप्रेषण आय घरायसी खर्च मात्र नभएर पुजीँ निर्माणमा पनि ठुलो भूमिका हुने निष्कर्ष निकालेका छन् । विश्व वैंक, २०१२ का अनुसार विकासोन्मुख मुलुकमा २०१२ मा वैधानिक तथ्याङ्को विप्रेषण आप्रवाह ४ खर्व १ अर्व अमेरीकी डलर पुगेको छ । जुन अघिल्लो वर्षको भन्दा ५ प्रतिशत वढि हो । सन् २०१३ देखि २०१५ सम्म यो मुलुकमा विप्रेषणको आप्रवास ८ प्रतिशतले बढ्ने अनुमान बैंकको छ । वृद्धि पछि यो २०१५ मा ५

खर्व १५ अर्व अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ । अमेरिका आप्रवासी कामदारका लागी रोजगारीको अवसर वृद्धि भइरहेकाले पनि विप्रेषणको गति बढ्ने अनुमान विश्व बैंकको छ। जुन १ खर्व ९ अर्व डलर वरावर छ। पछिल्लो दुई वर्षमा यो १३.८ प्रतिशतको वृद्धिदर हो । भारतमा मुख्यरुपमा अदक्ष कामदारले वहराइन, कुवेत, ओमन, कतार,साउदी अरबीया र युएई जस्ता जी सी सी सदस्य मुलुकहरूबाट आएको प्रतिवेदनले उल्लेख गरिएको छ दक्षिण एसियाली मुलुकमा विप्रेषण भित्रीने क्रम आगामी वर्षमा पनि सुखत रहने तर २०११/१२ जस्तो वृद्धिदर भने नदेखिएको अध्ययनमा लेखिएको छ। नेपाल राष्ट्र वैंकको तथ्याङकले पनि मुलुक भित्र विप्रेषणको वृद्धिदरमा कमी आएको देखाउछ ।

भट्टराई, (२०६७) ले गरेको अनुसन्धान अनुसार वैदेशिक रोजगारी नेपालको सन्दर्भमा नौलो होइन । करिब २सय वर्ष अघि देखि नेपालीहरू आप्रावासको रुपमा जाने गरेको इतिहास छ । सन् १९७० को दशकपछि यसमा आमुल परिवर्तन आएको छ । अहिले सरकारले विश्वका १ सय ९ देश वैदेशिक रोजगारका लागी खुल्ला गरेको छ । संसारका सबै कुनामा धेरथोर नेपाली वैदेशिक रोजगारका लागी पुगेका छन् । वैदेशिक रोजगारीमा नेपालीलाई पठाउने व्यवसायमा निजी क्षेत्रको प्रवेश पछि नेपाली कामदारको उपस्थिति खाडी राष्ट्रहरूका साथै दक्षिण पूर्वी एसियाली राष्ट्र मलेसियामा बढिनै हुने गरेको छ। कुल वैदेशिक रोजगारीको ९० प्रतिशत अंश यी राष्ट्रले आगटेको तथ्यांकले देखाउछ । आज करिब ३५ लाख नेपाली श्रमस्वीकृति लिएर विदेशी भुमीमा श्रम गरिरहेका छन् । नेपालको वैदेशिक रोजगारीको निर्भरता दिनहु बढिरहेको छ । गत आर्थिक वर्ष वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या ३ लाख ४८ हजार ६ सय ६५ पुगेको छ । एकपटक वैदेशिक रोजगारी गएर पुनः जानेको संख्या १ लाख ४६ हजार १ सय ४० समेत जोड्दा एक आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्या ५ लाख ३० हजार ८ सय ५ पुगेको छ। तिनीहरूलाई करीब ८ सयको संख्यामा रहको वैदेशिक रोजगार व्यवसायीक सेवा पुऱ्याइरहेका छन् ।

नेपाल राष्ट्र बैंक, (२०६२) ले गरेको अनुसन्धानमा भारत बाहेक तेस्रो मुलुक तर्फ गएका नेपाली कामदारहरू मध्ये झन्डै ८६ प्रतिशत खाडी मुलुकहरूमा मात्र गएको र बाँकी विश्वका अन्य मुलुकहरूमा गएको देखाईएको छ । उक्त अध्ययनमा नेपालको वैदेशिक रोजगारको क्षेत्र मूलत : खाडी मुलुकमा मात्र केन्द्रित भएको हुनाले तुलनात्मक रुपले

नेपाली कामदारहरूको न्यन वेतन प्राप्त गर्ने गरेकोले यसवाट नेपालले अपेक्षित लाभ लिन नसकेको कुरा उल्लेख गरिएको छ। साथै नेपाली कामदारहरूले काम मा जाँदा झल्नु परेका विभिन्न समस्याहरू, विदेशमा काम गर्दा सहनु परेको पिर मर्काहरूका बारेमा पनि उक्त अध्ययन व्याख्या गरिएको छ।

Chaudhary, (१९९३) ले ५ वटा अनुसन्धानलाई विश्लेशण गर्दै भनेका छन्, विप्रेषण आयको आकार विदेशमा गरेका काम, श्रमिकहरूको सामाजिक स्थितीले प्रभाव पार्दछ। उनले आफ्नो अनुशन्धानको निष्कर्षमा भनेका छन्  विप्रेषण आएको प्रभावलाई मख्य गरी ४ वटा तत्वले प्रभाव पारेको हुन्छ गरिबलाई मुख्य तत्व मान्दै विप्रेषण आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखामुनी भएमा अनिवार्य आवश्यक वस्तुहरूको उपभोगमा विप्रेषण आय बढी खर्च हुने र आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखा भन्दा माथि गएमा उच्च कोटीका वस्तु उपभोगमा ज्यादा खर्च गर्ने तथ्य पत्ता लगाएका छन्। दास्रो तत्व बचत तथा तेस्रो तत्व वस्तु तथा सेवाहरूको उपलब्धता हो भने चौथो तत्व विभिन्न पेशाप्रतिको दृष्टिकोण हो भनी व्याख्या गरेका थिए।

Seddon & Graner, (२००४) ले आफ्नो लेखमा सन् १९९६-९७ देखि २००३ - ०४ सम्मको विप्रेषणको परिवर्तनलाई प्रथमिक दिदै नेपाली श्रमिकहरूले विदेशी भूमिमा जान खाज्ने प्रवृत्ति तथा जस्का कारणले भित्रिएका विप्रेषण उल्लेखिय मात्रामा वृद्धि हुदै गएका कुरा उल्लेख गरेका छन्। Gurung and Gramer को अनुशन्धानलाई विश्लेशण गर्दै उक्त लेखमा के उल्लेख गरिएको छ भने सामान्यतया खाडी राष्ट्रमा जाने ५३ प्रतिशत मानिसहरू विशिष्ट तथा मह□वपूर्ण पेशामा नभई श्रमिकका रुपमा गएका छन्।

हाते पुस्तिका, (२०६८) ले स्थानीय सुशासनका समग्र प्रक्रियाहरूमा वैदेशिक रोजगारीसंग सम्वन्धित विविध विषयवारे सामाजिक परिचालकहरूलाई प्रशिक्षित गरी वडा नागरिक मञ्च, नागरिक सुचना केन्द्र आदि जस्ता नागरिक संस्था मार्फत स्थानिय तहमा व्यक्ति तथा परिवारको सचेतना अभिवृद्धि गर्ने र स्थानिय सरकारलाई वैदेशिक रोजगार सम्वन्धी विविध सवालहरू प्रति संवेदनशिल जिम्मेवारी एवम उत्तरदायी बनाउन सहयोग पुऱ्याउने उदेश्य राखेको छ। भने प्रस्तावित अन्तरक्रिया/छलफलका विधिहरू प्रयोग गर्ने भनिएको छ।  यस अध्ययनको अन्त्यमा वैदेशिक रोजगारीको नाममा हुने गरेको मानव बेचविखन प्रति सचेत रहेको यस अध्ययनको निष्कर्ष निकालेका छन्।

वैदेशिक रोजगार विभाग, (२०६८) मा वैदेशिक रोजगारमा जाने कामदारहरू प्रति वर्तमान स्थिती, समस्याहरू तथा चुनौती, निती तथा रणनितीहरूका बारेमा सुनिश्ति गरेको पाइयो, जसमा यस्को उद्देश्य मुलुकको ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै वैदेशिक रोजगारमा उनिहरूको प्रवेशलाई सुरक्षित, व्यवस्थित स मर्यादित वनाउने लिएको थियो ।

## २.२ स्थलगत साहित्यक अनुसन्धान (Empirical Review of Literature)

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्नुपर्दा गर्न लागिएको अध्ययन सम्बन्धी पहिलेको अनुसन्धान तथा लेख रचनाहरूको अध्ययनको अपरिहार्य हुने गर्दछ । यसै सन्दर्भमा यस प्रस्तावना पत्र तयार गर्ने सन्दर्भमा पनि विभिन्न प्रकारका आफ्नो विषयसंग सम्वन्धित स्रोत सामाग्रीहरूको अध्ययन र पुनरावलोकन गरिएको थियो । ती मध्ये केही उल्लेखनिय सन्दर्भहरूलाई तल प्रस्तुत गरिएको छ ।

खत्री, (२०६९) ले गरेका अध्ययन अनुसार वैदेशिक रोजगारबाट फर्केका प्राय धेरै कामदारहरूको आर्थिक एवम शैक्षिक अवस्थामा सुधार आएको, वैदेशिक रोजगारमा गई फर्किएका कामदारहरूले प्रायः अनुत्पादित क्षेत्रमा लगानी गरेको, कृषिमा संलग्न भई अर्धवेरोजगार अवस्थामा रहेका नेपालीहरूले वैदेशिक रोजगार सेवालाई आफ्नो रोजगारीको माध्ययम बनाईएको, वैदेशिक रोजगारीको मामिलामा काम गर्न जाने देखि लिएर घरमा अभिभावकहरू समेत प्राय ठगिएको पाइएको, तथा यस व्यवसायलाई अनैतिक अमर्यादित, अवैधानिक आर्जनको रुपमा हेर्नेहरूको नियन्त्रण भएको छैन भन्ने निष्कर्ष निकालेको थियो ।

बन्जाडे, (२०६८) ले गरेको अध्ययन अनुसार अधिकांश कामदारहरूको न्युनतम तलब भएकोले आर्थिक क्षेत्रमा खासै प्रगति हुन सकेको छैन र आफ्नो आम्दानीअनुसार वैदेशिक कामदारहरू कुनै न कुनै समस्यामा परेको साथै नेपालमा कुनै सीप नसिकी वैदेशिक रोजगारमा जाँदा विदेशमा काममा समस्या आउने तथा भाषा नसिक्नाले पनि नेपाली कामदारहरलाई ठुलो समस्या परेको विदेशमा विभिन्न देशका कामदारहरूले एउटै काम गर्दा पिन फरक फरक तलब तथा भत्ता पाउने भनी निष्कर्ष निकालेको थियो ।

पोखरेल, २०५७ ले गरेको अध्ययन अनुसार तीव्र एजेन्सीहरू खोली धरै मान्छे गएर थप्रै रेमिटेन्स भित्रिएको, पासपोर्ट असाध्यै तिब्र गतिमा निष्कासन भईरहेको, १८ वर्ष देखि

३० वर्षको उमेरमा सवभन्दा वढि विवाहित पुरुषहरू सवैजातिका वैदेशिक रोजगारीमा सबभन्दा बढि खाडी मुलुकमा गएको, वैदेशिक रोजगारीमा जानुको एउटै कारण नेपालमा राम्रो काम नपाउनु, कृषिमा कुनै त्यस्तो प्रविधि तथा उपकरण नभित्रिनु तथा सिचाई सुविधाको अभाव भई विदेशिनु, सामाजिक सुरक्षा अति कम देखिन्छ भने विदेशिने कारण सामाजिक कारण नै वढि प्रभावकारी छ तथा व्यवसाय मास्न हुदैन भन्ने धेरैको धाराण र विदेशमा कामदारको चरित्रिक शोषण, कुलतमा पर्नु, पहिला वढि भएको यस अध्ययनको मख्य निष्कर्षहरू रहेको पाइयो ।

गौतम, (२०५८) ले गरेको अध्ययन अनुसार यस सोधपत्रको निष्कर्षहरूमा आर्थिक क्रियाकलापहरूमा सक्रिय रहने उमेरमा युवाहरू शिक्षित जनशक्तिहरू वढि मात्रामा वैदेशिक रोजगार सेवामा संलग्न हुने गरेका छन जसमा पुरुषहरूको वाहुल्यता पाइन्छ, वैदेशिक रोजगारमा गई पठाएको विप्रेषण हेर्दा धेरै देखिने र कुनै काम गर्न सकिने हुदा विदेशिएको, विदेशमा जादा दु : ख खेप्नु परेको, अरुको सरह काम गर्नु पर्दा पनि हेपिनु तथा कम सुविधा पाएको, वैदेशिक रोजगार सेवा व्यवसायलाई सम्मान पूर्वक नै हेरिने तथा यस प्रति सकारात्मक दृष्टीकोण रहेको छ भनी निष्कर्षहरू निकालिएको छ ।

थापा, (२०७०) ले गरेको अध्ययन अनुसार नेपाली कामदारहरू स्वदेशमा रोजगारी नपाएर, कृषिमा आधुनिकरण गर्न नसकेर, शिक्षित जनशक्ति र श्रम बजारको बेमेल, वैदेशिक रोजगारमा जानु भन्दा अगाडि ११५ घरधुरीको आम्दानी रु ५३,२५००० भएको देखिन्छ । त्यसैगरी औषत पारिवारीक आम्दानी भने रु ५,०७,१४,२८६ बाट वृद्धि भई ५०,३२,८५, ७१३ भएको छ जसमा के देखिन्छ भने वैदेशिक रोजगारीले नेपाली कामदारहरूको आम्दानीमा आमुल परिवर्तन ल्याएको छ । महङ्गीको तुलनामा कम तलब पाएर, धेरै पैसा कमाउन वैदेशिक रोजगारीमा गएको निष्कर्ष निकालेको थियो ।

पण्डित, (२०५७) ले गरेको “नेपालमा वैदेशिक रोजगार” नामक अध्ययन विकासोन्मूख मुलुकहरूवाट विकरित मुलुकहरूमा वैदेशिक रोजगारीमा जाने कार्यले विदेशी मुद्राको आर्जन, प्रविधि हस्तान्तरण र बेरोजगारी हल हुँदा विश्व अर्थव्यवस्थामा वैदेशिक रोजगारीको मह□वपुर्ण स्थान रहने कुरा उल्लेख गरेका छन् । उनको अध्ययनमा दक्षिण एशियाली एंब सार्कको मह□वपूर्ण स्थान रहेको कुरा स्पष्ट पारिएको छ । सार्कका मुलुकहरूमध्ये भारतको योगदान सबभन्दा धेरै र त्यसपछि क्रमशः पाकिस्तान, बंगलादेश,

श्रीलंका र नेपाल पर्दछन् भनी उक्त अध्ययनमा उल्लेख गरिएको छ । उक्त अध्ययनमा वेदेशिक रोजगार व्यवसाय नेपालमा वैकल्पिक र अल्पकालिन रोजगारीको माध्यमको रुपमा अवलम्वन गरिनुका साथै यसबाट नेपाली कामदारहरूले रोजगारी पाउने विदेशी मुद्रा आर्जन हुने, प्रविधि आदान प्रदान हुने, जीवन स्तर सुधार आउने व्यवस्थापन क्षमताको विकास हुने कुरा स्पष्ट पारिएको छ ।

घिमिरे, (२०६५) ले गरेको अध्ययन अनुसार नेपाली कामदारहरू स्वदेशमा रोगथार नपाएर, आर्थिक आवस्था कमजोर भएर, मंहगीको तुलनामा कंम तलव पाएर, धेरै पैसा कमाउन वैदेशिक रोजगारीमा गएको, कामदारहरूले विदेशमा जटिल खालका कामहरू गर्नुपरेको, अधिकांश कामदारहरू सीप नसकी गएको, विदेशमा सिकेको सीपको पनि नेपालमा प्रयोग गर्ने कुनै त्यस्तो उचित ठाँउ नभएको र विदेशमा सिकेको सीप त्यतीकै खेर गइरहेको, वैदेशिक रोजगारमा जादा विभिन्न मान्छेहरूवाट विभिन्न ठाँउमा ठगिएको, कामगर्दा अन्य देशको कामदार संरह तलब नपाएका, खाडी राष्ट्रमा घरमा काम गर्ने महिलाहरू यौन शोषणका विवशता भएको,विदेशमा काम सिकेर आएका नेपाली कामदारहरू स्पदेशमा सीप प्रयोग नभएको र कमाएर ल्याएको पैसा अनुत्पादक क्षेत्रमा लगानी भएको निष्कर्ष निकालेको थियो ।

राई, (२०६९) ले गरेको अध्ययन अनुसार वैदेशिक रोजगारी सेवा पूर्ण रुपमा सरकारको नियन्त्रणमा संचालन भएमा राम्रो हुन्छ जसको कारणले विप्रेषण भित्रिने सम्भावना अत्याधिक बढि हुने, नेपालीहरू वैदेशिक रोजगारीमा जाने देशहरूको भाषा, सस्कार तथा नियमहरूको ज्ञान कम भएको कारण समस्या परेको, कामदारहरूलाई विदेशमा गर्नुपर्ने कामको बारेमा सामान्य सीप तथा तालिम दिलाउने परिपाटी नभएको, विदेशमा एउटै काम गर्दा पनि फरक फरक तलब सुविधा दिने, नेपाली कामदारले विदेशबाट प्राप्त गरेका रकमहरू अझ पनि सही तथा उत्पादनशिल क्षेत्रमा लगानी हुन सकेका छैनन्, मेनपावर एजेन्सीहरूले कामदाहरूलाई विदेश पठाउन सरकारसंग लिइने अनुमति र स्वीकृती प्रकृया झन्झटिलो भएको भनाई मेनपावरहरूले राखेको, सरकारले विदेशबाट कोट ल्याउन तथा राम्रा कोटा ल्याउन तथा राम्रा देशहरूसंग श्रम सम्झौता गर्न कदम नचालिएको सरकारसँग यस व्यवसायलाई मर्यादित रुपमा संचालन गर्नको लागि कानुन भए पनि त्यसको प्रभावकारी उपयोग नगरेको, विदेश गएका नेपालीहरूलाई श्रम संम्झौता अनुसार

तलव सुविधा लगायतका अन्य सहुलियत आदिका बारेमा कम्पनीले व्यवस्था गरेको भनी निष्कर्ष निकालेको पाइयो ।

गेलाल, (२०७०) ले गरको अध्ययन अनुसार आर्थिक क्रियाकलापमा सक्रिय रहने उमेरका युवा, शिक्षित जनशक्तिहरू बढी मात्रामा वैदेशिक रोजगारीमा संलग्न हुने गरेका छन्, जसमा पुरुषहरूको बाहुलियता उच्च छ । वैदेशिक रोजगामा मुख्यगरी पढ्न नसकेका, कम पढेका, कम आय भएका, वेरोजगार व्यक्तिहरू वैदेशिक रोजगारीमा गएका छन् । विषेशगरी वेरोजगार रहेको र कृषिमा संलग्न भई अर्धवेरोगार अवस्थामा रहेका नेपालीहरूले वैदेशिक रोजगार सेवालाई आफ्नो रोजगारीको माध्यम बनााई प्राप्त गरेको आम्दानीको सदुपयोग गरी दैनिक उपभोगमा सुधार, बालबालिकाको शिक्षामा वृदि र आर्थिक अवस्थामा सुधार ल्याएका छन् । वैदेशिक रोजगारीबाट प्राप्त गरको आम्दानी विशेष गरी जग्गा जमिन र बालबालिकाको पठनपाठनमा लगाइएको हुनाले आर्थिक तथा शैक्षिक अवस्था राम्रो देखियो भने अर्को तर्फ व्यापार व्यवसायमा पनि लगानी गरिएको हुनाले आर्थिक अवस्थालाई मजबुत बनााएको देखिन्छ । वैदेशिक रोजगार सेवा व्यवसायलाई समान पूर्वक हेरिनु र त्यसबाट आफ्नो शैक्षिक तथा आर्थिक अवस्थामा सकरात्मक प्रभाव बढी परेको हुनाले वैदेशिक रोजगार प्रतिको धारण सकारात्मक अर्थात वैदेशिक रोजगार प्रति सन्तुष्ट रहेको देखिन्छ भन्ने निष्कर्ष निकालेको पाइयो ।

तामाङ, (२०७१) ले गरेको अनुसन्धानमा नेपाली कामदारहरू वैदेशिक रोजगारमा स्वदेशमा काम नपाएर, कृषिमा आधुनिकीकरण गर्न नसकेर, देशको शिक्षा र श्रम बजारसंगको वेमेल, महंगीको तुलनामा कम तलब पाएर, धेरै पैसा कमाउन वैदेशिक रोजगारमा जाने गरेको तथा नेपाली कामदारहरूले वैदेशिक रोजगारमा जोखिमपूर्ण र जटिल प्रकृतिका कामहरू गर्ने गरेका छन् । साथै नेपाली कामदारहरू विदेश जादा अधिकांश कामदारहरू सीप नसिकी विदेश जाने हुदाँ जटिल तथा जोखिमपूर्ण काम गर्नुपर्ने, कम तलबमा काम गर्नुपर्ने, भाषा नसिकी विदेश जादा विदेशी कामदारहरू संग काम गर्न समस्या भएको, अन्य मुलुकको कामदार सरह तलब तथा अन्य सुविधारहरू नपाएको भन्ने निष्कर्ष निकालेको पाइयो ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको समिक्षा (**Implication of the Review of Literature for the Study**)

यस अध्ययनमा विभिन्न सैदान्तिक साहित्यको पनुरावलोकन र पूर्वसाहित्यको अध्ययन अन्तर्गत निम्नानुसार समिक्षा गरिएको छ ।

नेपाल एक अल्पविकसित मुलुक हो । यहाँ औधोगिक क्षेत्र विकास तथा विस्तार हुन नसकेकाले रोजगारको अवसर ज्यादै कम हरको पाइन्छ, साथै वेरोजगारीको संख्या वर्षेनी ५ प्रतिशतले बढी रहेको र जनसंख्या वृद्धिदर १.३५ प्रतिशतले बढिरहको अवस्था छ । नेपालको बढ्दो जनसंख्या र रोजगारीको अवसर विच सन्तुलन ल्याउन वैदेशिक रोजगार उत्तम उपायको रुपमा रहेको विज्ञहरू बताउछन् । नेपालीहरूको वैदेशिक रोजगारको सुरुवात ब्रिटिस सेनामा भर्तीबाट सुरु भए पनि अहिले अत्यन्त व्यापक र बहुआयमिक बन्दै गइहेको छ । यसलाई थप मर्यादित बनाउने काम वैदेशिक रोजगार सम्बन्धि ऐन २०६४ ले गरेको छ (घिमिरे, २०६१) ।

वैदेशिक आयले उक्त आय प्राप्त गर्ने परिवारको आर्थिक सामाजिक तथा शैक्षिक अवस्था उच्च राखेको छ । विश्व वैक २०१२ का अनुसार विकासोन्मुख मुलुकमा २०१२१ मा वैधानिक तथ्याङ्कको विप्रेषण आप्रवाह ४ खर्व १ अर्व डल पुगेको छ । जुन अघिल्लो वर्ष भन्दा ५ प्रतिशतले बढी हो (अधिकारी, २०६५) । वैदेशिक रोजगार व्यवसाय नेपालमा वैकल्पिक र अल्पकालिन रोजगारीको माध्यमको रुपमा अवलम्बन गरिनुका साथै यसबाट कामदारहरूले रोजगारी पाउने, विदेशी मुद्रा आर्जन हुने, प्रविधि आदन प्रदान हुने, जीवनस्तरमा सुधार हुने र व्यवस्थापन क्षमताको विकास हुन्छ ।

वैदेशिक रोजगारमा आर्थिक क्रियाकलापमा सकृय रहने उमेरका युवा, शिक्षित तथा अशिक्षित संलग्न हुने गरेका छन् । जसमा पुरुषहरूको बाहुल्यता रहेको छ । वैदेशिक रोजगारमा मुख्यगरी मलेसिया, साउदीअरव दक्षिण कोरिया, कतार आदि देश जाने गरेको छन् । नेपाली कामदारहरू वैदेशिक रोजगारमा जादा सीप नसीकी गएको, विदेशमा सिकेको सीप नेपालमा प्रयोग गर्ने कुनै त्यस्तो उचित ठाउँ नभएको, वैदेशिक रोजगारमा जाने क्रममा विभिन्न मान्छेहरूबाट विभिन्न ठाउँमा ठगीएको, खाडी राष्ट्रमा घरमा काम गर्ने

महिलाहरू यौन शोषणमा परेको, अन्य देशका कामदार सरह तलब सुविधा नपाएको तथा कमाएर ल्याएको रकम अनुत्पादक क्षेत्रमा लगाएको देखिन्छ (घिमिरे, २०६५) ।


## २.४ अनुसन्धान अन्तर (Research Gap)

अन्य सात्यिमा शैक्षिक अवस्था, कामदारको सुरक्षा स्थिती, जाँदा लाग्ने खर्च, सीप, शैक्षिक लगानी जस्ता कुराहरू पाइयो भने यो अनुशन्धान वैदेशिक रोजगारीमा जानुपर्ने कारणहरू, अध्ययन, विप्रेषण लगानीको अवस्था, जादा लाग्ने खर्च, लगानीका क्षेत्र, सीप आदीमा केन्द्रित छ । त्यसैगरी यस अनुसन्धानको शिर्षकसँग सम्वन्धित भई नेपालको पूर्वी जिल्लाको मधेसा गा.वि.स.मा हाल कुनै अनुसन्धान भएका छैनन् त्यसैले यो अध्ययन अनुसन्धान अन्य अनुसन्धान भन्दा भिन्न छ ।

माथि छलफल गरिएको पूर्व साहित्यमा रोजगारीमा संलग्न व्यक्तिहरू १८-४६ वर्षको उमेर समुहको देखियो भने यो अध्ययनमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरू २६-३५ वर्ष उमेर समुहको रहेका छन् । अघिल्लो अनुषन्धानमा मख्य उत्तरदाताहरू वैदेशिक रोजगारबाट फर्किएका ब्यक्तिहरूमात्र रहेका थिए भने यो अनुशन्धानमा मुख्य उत्तरदाता वैदेशिक रोजगारमा संलग्न ब्यक्तिहरूका घरपरिवार साथै फर्किएका व्यक्तिहरू परेका छन् । तसर्थ यो अनुसन्धान पहिलाको अनुसन्धान भन्दा वृहत र व्यापक छ । पहिला गएका अनुसन्धानहरूमा आम्दानी, खर्च तथा वचतको तुलनात्मक अध्ययन गरिएको पाइएन तर यो अनुशन्धानमा नमुना छनोटमा सम्पुर्ण घरपरिवारको आम्दानी, खर्च तथा वचतको तुलनात्मक अध्ययन गरिएको छ । यो अनुसन्धानमा वैदेशिक रोजगार जानु पहिले शिक्षामा लगानी रु ३,८०,०००।- र गएपश्चात २४,३९,७८०।- लगानी भएको छ तर पहिलाको अनुसन्धानमा शैक्षिक लगानीको तुलनात्मक अध्ययन नगरेको पाइयो । यो अनुसन्धानमा विप्रेषण लगानीको आकार, विप्रेषणको क्षेत्रगत लगानी, विप्रेषण लगानीबाट प्राप्त आम्दानी तथा विप्रेषण लगानीबाट प्राप्त अवसर आय जस्ता कुराहरूको अध्ययन गरीएको छ, जुन पुर्व अनुसन्धानमा गरिएको थिएन । पुर्व अनुसन्धानमा तथ्याङ्क सहितको निष्कर्ष उल्लेख नगरिएको तथा समसामयिक रुपमा प्रस्तुत गरिएको पाइयो भने यो अनुसन्धान तथ्याङ्क सहितको निष्कर्ष तथा सुझावहरू पनि समसामयिक तथा आवश्यक रुपमा सबैलाई समेट्ने गरी प्रस्तुत गरिएको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)


यस अध्ययनको अवधारणात्मक ढाँचा यसप्रकार रहेको छ ।




स्रोत : राउत, २०७१ ।

## २.६ कार्यामक ढाँचा (Functional Framework)

यस अध्ययनको कार्यात्मक ढाँचा यसप्रकार रहेको छ ।



# अध्याय : तीन (CHAPTER : THREE)

## ३ अनुसन्धान विधि तथा ढाँचा (Research Methodology and Design)

प्रस्तुत अध्ययनमा समावेश हुने अनुसन्धान ढाचाँ, तथ्याङकको स्रोत, जनसंख्या, नमुना छनोट, सुचना संकलनका साधनहरू र सुचना संकलनका प्रक्रियाहरूलाई समावेश गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक अनुसन्धान ढाचाँ (Descriptive Rearch Design) मा आधारित छ । यो अध्ययन विप्रेषणले वैदेशिक रोजगारमा संलग्न घरपरिवारको आर्थिक तथा शैक्षिक अवस्थामा पारेको प्रभावको विश्लेषणमा केन्द्रित छ । यस अध्ययनको उद्देश्य पूरा गर्नका लागी प्राथमिक तथ्याङ्क तथा सहायक तथ्याङ्कको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनका लागि साधन अन्तर्गत प्रश्नावली र अन्तवार्ता प्रविधिको प्रयोग गरिएको छ । यसरी प्राप्त प्राथमिक तथा द्वितीय तथ्याङ्कलाई परिमाणात्मक तथा विश्लेशणात्मक ढाँचाबाट प्रस्तुत गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत (Sources of Data)

यस अध्ययनमा प्राथमिक तथा द्वितीय तथ्याङ्क प्रयोग गरिएको छ । उक्त तथ्याङ्कको स्रोतलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्कको स्रोत (Sources of Primary Data)

यो अध्ययनको प्राथमिक स्रोत अन्तर्गत अध्ययन स्थलका वैदेशिक रोजगारीमा सहभागी व्यक्तिहरूसगँ प्रश्नावलीको माध्यमवाट गरिएका अन्तवार्तावाट निकालिएका निष्कर्षहरू राखिएको छन् । यस अध्ययनको लागि प्राथमिक तथ्याङकका स्रोतहरू भनेको वैदेशिक रोजगारीबाट फर्किएका युवायुवतीहरू र सोही युवायुवतीका घरपरिवारका अभिभावकहरू हुन ।

### ३.२.२ द्वितीय तथ्याङ्कको स्रोत ( **Source of Secondary Data**)

अध्ययनको उद्देश्यलाई पुरा गर्न द्वितीय तथ्याङ्क पनि प्रयोग गरिएको छ । जस अन्तर्गत पत्रपत्रिकामा प्रकाशित वैदेशिक रोजगारीसगँ सम्वधि रिपोर्टहरू गा.वि.स. कार्यालय, मधेसा जि.वि.स. कार्यालय, सुनसरी अर्थमन्त्रालय, वैदेशिक रोजगार विभाग, केन्द्रिय तथ्याङक विभाग कार्यलयबाट प्रकाशित लेख रचना, वुलेटिन र गुगल तथा यससगँ सम्वन्धित पुराना सोध पत्रहरू रहेका छन् ।

## ३.३ जनसंख्या, नमूना आकार र नमूना छनौट रणनीति (**Population, Sample Size and Sampling Strategy**)

यस अध्ययनका लागि आवश्यक पर्ने जनसंख्या र त्यसबाट छनोट गरिएको नमुना आकार तथा नमुना छनोट रणनीति यसप्रकार छ ।

### ३.३.१ जनसंख्या (**Population**)

यस अध्ययनमा सुनसरी जिल्लाको मधेसा गा.वि.स.मा अवस्थित ३४१ घरपरिवार वैदेशिक रोजगारबाट विप्रेषण पाउने घरपरिवार रहेका छन् र ३३ जना वैदेशिक रोजगारीबाट फर्किएका छन् । त्यसैले ३७४ जना यस अध्यनका लागि जनसंख्या मानिएको छ ।

### ३.३.२ नमूना आकार (**Sample Size**)

यस अध्ययनमा वैदेशिक रोजगारबाट रकम पाउने ३४१ घरपरिवार मध्ये ५८.७ प्रतिशत हुन आउने २०० र वैदेशिक रोजगारबाट फर्किएका ३३ जना मध्ये ६०.६ प्रतिशत हुन आउने २० जना गरी जम्मा २२० जना अर्थात कुल जनसङ्ख्या ३४१ बाट ६४.५२ प्रतिशत हुन आउने जनसङ्ख्या यस अध्यनको लागि नमुना आकार मानिएको छ ।

### ३.३.३ नमूना छनौट रणनीति (**Sampling Strategy**)

अनुसन्धान कार्तासँग समय, आर्थिक लगानी र आवश्यक जनशक्तिको अभावका कारण निश्चत मात्रालाई तथा जनसंख्यालाई नमूनाको रुपमा निम्न अनुसार छनौट गरीएको छ ।

१. यस अध्ययनमा सुनसरी जिल्ला, मधेसा गा.वि.स.लाई उद्देश्यमुलक नमूना छनौट विधिको आधारमा छनौट गरीएको छ । किनभने यस गा.वि.स.मा विप्रेषण संम्बन्धि कुनै अध्ययन हालसम्म भएको छैन ।

२. यस अध्ययनमा सुनसरी जिल्ला मधेसा गा.वि.स.अन्तर्गत उद्देश्य अनुरुप वैदेशिक रोजगारबाट विप्रेषण प्राप्त गर्ने घरपरिवार र वैदेशिक रोजगारबाट फर्किएका घरपरिवार छनौट गरीएको छ ।

३. छनोटमा परेका वडा न.१ देखि ९ सम्म समावेश गर्ने कुल घरपरिवार संख्या ८४१ मध्ये वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने घर परिवार संख्या ३४१ बाट सम्भावनायुक्त नमुना छनोट विधि (Simple Random Sampling Method) अन्तर्गत चिट्ठा (Lottery Method) प्रणालीवाट २०० घरपरिवार अर्थात ५८.७ प्रतिशतलाई नमुनाको रुपमा छनोट गरिएको छ । ती नमुना छनोटमा परेका प्रत्येक घरपरिवारका अभिभावकलाई समानुपातिक रुपमा छनोट भएको मानिएको छ ।

४. नमुना छनोटमा परेका वैदेशिक रोजगारीबाट फर्किएका घरपरिवारहरूको कुल संख्या २० जना मध्ये १७ पुरुष र महिला ३ जना लाई संगणना विधि (Census Method) काआधारमा छनोट गरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका : ३.१**

**नमुना छनोट विवरण**

| वडा नं. | कुल घरपरिवार | वै.रो.सं. घरपरिवार | नमुना छनौटमा परेका घरपरिवार |
|---|---|---|---|
| १ | ११० | ५० | ३३ |
| २ | ९५ | ३९ | २३ |
| ३ | ८१ | ४० | २४ |
| ४ | ९८ | ४१ | २५ |
| ५ | ७९ | ३० | १४ |
| ६ | १०१ | ३३ | १८ |
| ७ | ९९ | २५ | १० |
| ८ | ९० | ४२ | २७ |
| ९ | ८८ | ४१ | २६ |
| कुल( | ८४१ | ३४१ | २०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरू (Tools of the Data collection)

यस सोधमा प्रयोग गरिएका तथ्याङ्क संकलनका साधनहरू निम्न प्रकार रहेका छन् :-

### ३.४.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनमा सवै भन्दा धेरै सुचना लिने साधनको रुपमा अन्तवार्ता प्रश्नावलीलाई प्रभावकारी रुपमा प्रयोग गरिएको छ । अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि सरंचित र असरंचित दुवै प्रकारको प्रश्नावली प्रयोग गरिएको छ । पहिलो मुख्य उत्तरदाताको रुपमा विप्रेषण प्राप्त गर्ने घरका अभिभावकहरु मध्ये २०० जना रहेका थिए र विप्रेषण पठाउने तर घर फर्किएका मध्ये २० जना जम्मा युवाहरू रहेका छन् । पहिलो मुख्य उत्तरदातालाई सोधिएका प्रश्नहरू अनुसुचि १ मा र वैदेशिक रोजगारवाट फर्किएका युवायुवतीहरूलाई सोधिएका प्रश्नहरू अनुसुचि २ मा राखिएको छ ।

### ३.४.२ अवलोकन सुचि (Observation List)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्न अध्ययनकर्ता स्वयम् वैदेशिक रोजगारीमा गएका परिवारहरूको शैक्षिक तथा आर्थिक अवस्थाको बारेमा उनीहरूको परिवार तथा प्रत्यक्ष कामदारहरूको व्यक्तित्व माथि अवलोकन माथि अवलोकन गरिएको थियो ।

### ३.४.३ छलफल निर्देशिका (Discussion Gride)

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि छलफल निर्देशिकाको प्रयोग गरिएको थियो । जसको खाका अनुसूची ५ मा राखिएको छ ।

## ३.५ तथ्याङ्क सकंलनका प्रविधि (Techniques of Data Collection)

### (क) अन्तवार्ता (Interview)

यस अध्यनका लागि आवश्यक तथ्याङ्क संकलन गर्नको लागि प्रत्यक्ष व्यक्तिगत अन्तवार्ता (Direct Persional Interview) प्रयोग गरिएको थियो । यस अध्ययनमा उद्देश्यको आधार अन्तर्गतको अनुसन्धान अन्तवार्तालाई प्रयोग गरिएको थियो ।

### (ख) प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अनुसन्धानमा अध्ययन क्षेत्रमा गइ अनुसन्धानकर्ता आफै संलग्न भई समुदायका ब्यक्तिहरूको प्रत्यक्ष सहभागितामुलक अवलोकन गरिएको थियो । उत्तरदाताहरूको घर, पढाइको स्तर, रहनसहन र आर्थिक स्तर आदिको बारमा अध्यनकर्ता प्रत्यक्ष अध्ययन क्षेत्रमा गई अवलोकन गरिएको थियो ।

### (ग) लक्षित समुह छलफल (Focused Group Discussion)

यस अनुसन्धानमा उल्लेखित उद्देश्य प्राप्तीमा सहयोग पुग्ने गरी अनुसन्धानकर्ता तथा नमुना छनोटमा परेका विदेशबाट फर्किएका १० जना मध्ये १६ जना र विप्रेषण प्राप्त गर्ने २०० घरपरिवारका अभिभावक मध्ये १० जना मधेसा गा.वि.स.भवनको कोठा नं. ५ मा २०७२ मंसिर १९ गते शनिवार विहानको ११ बजे देखि दिउँसो ३ बजे सम्म निलम राईको सहयोगमा लक्षित समुह छलफल संचालन गरिएको थियो ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रकिया (Data Collection Procedure)

यस अध्ययन मुख्य त प्राथमिक तथ्याङ्कमा आधारति हुने भएकोले अध्ययनको कममा अनुसन्धानकर्ता आफैले अध्ययन क्षेत्रमा गई सम्बधित व्यक्तिसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली र अवलोकनको माध्यमबाट आवश्यक सुचना प्राप्त गरिएको छ । प्राथमिक तथ्याङ्कको अभावलाई पुरा गर्नका लागि सहायक तथ्याङ्कलाई पनि यस अध्ययनमा समावेश गरिएको छ । जसको माध्ययमबाट अध्ययनको निष्कर्षलाई विश्वासनियता र वैधमा प्रदान गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण र विवेचना विधि (Data Analysis and Interpretation Procedure)

यस अध्ययनमा विभिन्न सुचना सकंलनका साधनहरु प्रयोग गरी प्राप्त गरिएका परिणात्मक तथा गुणात्मक तथ्याङ्क र सुचनाहरुको विश्लेषण र व्याख्या गरिएको छ । सदस्यहरु सँग गरिएको प्रश्नावली तथा अन्तर्वाता प्राप्त सुचना तथा तथ्याङ्कहरुलाई उद्देश्य अनुसार विभिन्न ढाँचामा तालिका, प्रतिशत, औसत, वृतचित्र, आदिद्धारा विश्लेषण गरी प्रस्तुत गरिइको छ ।

# अध्याय : चार (CHAPTER : FOUR)

## ४. नतिजाको तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण (Presentation and Analysis of Result)

यस अध्यायमा अनुसन्धानबाट प्राप्त गरेका तथ्याङ्कहरूलाईं उद्देश्य अनुरुप यसलाई आर्थिक शैक्षिक क्षेत्र अन्तर्गत बिभिन्न शिर्षकमा विभाजन गरिएको छ । जुन यस प्रकार छन् :-

## ४.१ जिल्लाको परिचय (Introduction of the District)

सुनसरी जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चलमा रहेको अत्याधिक जनघनत्व भएको जिल्ला हो । यस जिल्लाको दक्षिणमा भारत, पुर्वमा मोरङ जिल्ला, उत्तरमा धनकुटा जिल्ला र पश्चिममा सप्तकोशी नदीले सप्तरी जिल्लासित छुट्याउको छ । इनरुवा यहाँको सदरमुकाम हो । वर्तमान संघीय संरचनाको क्षेत्र नं १ मा पर्दछ । १२५६ वर्ग कि.मि. क्षेत्रफल रहेको यस जिल्लामा करिब ७ लाख मानिसको वसोवास रहेको छ । अधिकांश भाग तराईमा पर्नेसुनसर्रा जिल्लाको मुख्य पेशा कृषि हो । धान, गहु, दलहन  पछि उखु, जुट र सुर्ति पनि यस जिल्लामा उत्पादन हुन्छ । सुनसरी जिल्लामा दक्षिणमा समुन्द्र सतह देखि १५२ मिटर र उत्तरमा ९१४ मिटर उचाइमा रहेको छ । जिल्लामा मुख्यतया राई, लिम्बु, पाहुन, क्षेत्रि, थारु र सतार आदी जातीको बसोवास पाइन्छ । यस जिल्लाको नामकरण भरौला गा.वि.स. क्षेत्रको चारकोसे झाडीवाट उत्पन्न भएको सुनसरी नदिको नामबाट भएको हो । यो नदी भरौल, वक्लौरी, सिगिया, भोक्राहा, नरिसंह, जल्पापु हुदै भारत तर्फ बगेको छ ।

सुनसरी जिल्ला महाभारत पर्वतश्रृङला, चारकोशी जगंल र तराइको उर्वर भागहरू मिलेर बनेको छ । यस जिल्लाको भौगोलिक वनावटलाई उत्तरको पहाडि प्रदेश, मध्यभागका पहाडी प्रदेश, मध्य भागका पहाडी प्रदेश र दक्षिणको समथर भूमि गरी मुख्य तीन भागमा विभाजन गर्न सकिन्छ (जि.वि.स., प्रोफाइल, २०७०) ।

### ४.१.१ भौतिक अवस्था (Geographical Condition)

सुनसरी जिल्ला नेपालको पूर्वाञ्चल विकासक्षेत्रको कोसी अञ्चलमा पर्दछ । यो जिल्ला नेपालको दक्षिणी क्षेत्र तराई प्रदेशमा अवस्थित छ । यस जिल्लाको पूर्व मोरङ्ग, पश्चिम, सप्तरी, उत्तर उदयपुर तथा दक्षिणी सीमानामा भारत (बिहार) पर्दछ । सको क्षेत्रफल १,२५७ वर्ग कि.मी. रहेको छ ।

### ४.१.२ जनसाङ्ख्यिक अवस्था (Population Condition)

कुल जनसङ्ख्या ७,६३,४८७ रहेको यस जिल्लामा पुरुषको जनसङ्ख्या ३,७१,२२९ र महिलाको जनसङ्ख्या ३,९२,२५८ रहेको छ भने १,६२,२७९ कुल घरधुरी सङ्ख्या रहेको छ भने औषत घर परिवार सङ्ख्या ४.७० लिङ्ग अनुपात ९४.६४ र जनघनत्व ६१० प्रतिवर्ग कि.मि. रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

### ४.१.३ शैक्षिक अवस्था (Educational Condition)

सुनसरी जिल्लाको साक्षरता ६९.६७ रहेको छ भने पुरुषको साक्षरता ७७.६० प्रतिशत रहेको छ भने महिलाको ६३.०६ प्रतिशत रहेको छ (तथ्याङ्क विभाग, २०६८) ।

### ४.१.४ सामाजिक अवस्था (Social Condition)

सुनसरी जिल्लामा विभिन्न जातजातिको बसोबास रहेको छ । यो जिल्लामा मुख्य गरी क्षेत्री, ब्राह्मण, मगर, तामाङ, नेवार, लिम्बु, राई जातिको बसोबास रहेको छ । विभिन्न जातजातिको बसोबास भए पनि यस जिल्लामा जातिय तथा धार्मिक सहिष्णुता रहेको छ ।

## ४.२ मधेसा गा.वि.स.को परिचय (Introduction of Madhesha V.D.C.)

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोशी अञ्चलमा पार्ने सुनसरी जिल्लाको ४१ गा.वि.स. मध्ये दक्षिण पूर्वी भागमा पर्ने मधेसा पनि एक हो । वि.स. २०६८ सालको जनगणना अनुसार जनसंख्या ४,९७२ रहेको छ । भने घरधुरी संख्या ८९१ रहेको छ । यो गा.वि.स. सुनसरी जिल्लाको सदरमुकाम इनरुवा देखि उत्तर र झुम्काबाट दक्षिण दिशातिर पर्दछ ।

यस गा.वि.स.मा मिश्रित जातीको बसोबास रहेको छ । यहाँ ब्राहमण, क्षेत्री, नेवार, राई, लिम्बु, यादव, शाह, चमार आदि जातीको बसोबास रहेको छ । यहाँको मानिसहको

मुख्य पेशा कृषि हो , यसका साथै उद्योगमा काम गर्ने, सरकारी जागीर खाने तथा वैदेशिक रोजगारमा जाने मानिस पनि प्रशस्त मात्रामा भेटिन्छ ।

मधेसा गा.वि.स. को पारिवारिक जनसङ्ख्या ५.५ रहेको छ भने लिङ्ग अनुपात ८५.८१ रहेको छ । मधेसा गा.वि.स. मा क्षेत्री (१३५८), ब्राह्मण (१३८६), मगर (२०२), तामाङ (३८), नेवार (४६४), लिम्बु, राई आदि जातजातिको बसोबास रहेको छ । मधेसा गा.वि.स. मा ६९.६७ प्रतिशत साक्षर रहेका छन् ।

## ४.३ अध्ययन क्षेत्रमा वैदेशिक रोजगारको अवस्था (Status of Foreign Employment is Study Area)

नेपालीहरू वैदेशिक रोजगारीमा जानथालेको पनि दशकौ भइसकेको छ । नेपालमा रोजगारको पर्याप्त अवसर नभएका कारण वैदेशिक रोजगार प्रति युवा वर्गको उच्च आर्कषण देखिएको छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या बढ्दै गएको छ । यो ब्यापक वेरोजगारीको गन्तब्यस्थल वैदेशिक रोजगार वनिरहेको छ ।

**तालिका ४.१**

**वैदेशिक रोजगारमा देशगत रुपमा महिला र पूरुषको सहभागिता**

| देश | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| मलेशिया | ५१ | २६.१ | २ | ४० | ५३ | २६.५ |
| कतार | ४५ | २३ | - | - | ४५ | २३.५ |
| साउदी अरब | ४६ | २३.५ | - | - | ४६ | २३ |
| कुवेत | २८ | १४.३ | २ | ४० | ३० | १५ |
| दुवई | २५ | १२.८ | १ | २० | २६ | १३ |
| | १९५ | १०० | ५ | १०० | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१ मा देशगत रुपमा महिला तथा पुरषको सहभागिता हेर्दा सबै भन्दा वढी मलेसिया २६.५ प्रतिशत रहको देखिन्छ । कतार,साउदी अरब, कुवेत, दुवइ क्रमश २२.५, २३, १५, १३ प्रतिशत रहेको देखियो । त्यसैगरी महिलाहरू मलेसीयामा ४० प्रतिशत,

कुवेतमा ४० प्रतिशत, दुवई १० प्रतिशत गएको देखिन्छ तर पुरुष भने सवै देशमा गएको देखिन्छ ।

### ४.३.१ नमुना छनोटमा परेका घरपरिवारको पारिवारीक स्थिती (Population Condition of Sample Household)

प्रत्येक घरपरिवारको जनसंख्याको आकार एक अर्कासँग भिन्न रहेको हुन्छ । नेपालको उमेरगत जनसंख्यामा विविधता रहेको पाइन्छ । यस अध्ययनमा नमुना छनोटमा परेका २०० घर धुरीका मानिसहरूको उयमेर समुहको आधारमा रहेको जनसंख्यालाई सर्वेक्षण गरिएको थियो । सर्वेक्षण गर्दाको समयमा प्राप्त जनसंख्यालाई उमेर समुहको आधारमा निम्नअनुसार तालिका देखाइएको  छ ।

**तालिका : ४.२**

**नमुना छनौटमा परेका घरपरिवारको पारिवारिक स्थिती - २०६९**

| वडा नं. | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११ | १ | १२ | ६ |
| २ | १६ | १ | १७ | ८.५ |
| ३ | १५ | १ | १६ | ८ |
| ४ | ३१ | | ३१ | १५.५ |
| ५ | २५ | १ | २६ | १३ |
| ६ | २१ | | २१ | १०.५ |
| ७ | १३ | १ | १४ | ७ |
| ८ | ३० | | ३० | १५ |
| ९ | ३३ | | ३३ | १६.५ |
| जम्मा | १९५ | ५ | २०० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७२ ।

तलिका ४.२ का अनुसार नमुना छनोटमा परेका घरपरिवारको पारिवारिक स्थितीलाई हेर्दा सवैभन्दा बढि वडा नं. ९ बाट ३३ जना अर्थात १६.५ प्रतिशत रहेको देखिन्छ भने सवैभन्दा कम वडा नं. १ मा ११ जना अर्थात ६ प्रतिशत देखिएको छ ।

### ४.३.२ पारिवारीक जनसंख्याको आधारमा वैदेशिक रोजगारमा सहभागीता (Participation in Foreign Employment on the Bases of Family population)

प्रत्येक समुदायमा पारिवारीक संरचनामा विविधता रहको हुन्छ । कहीँ एकल हुन्छ भने कहीँ संयुक्त परिवार रहेको हुन्छ कुनै ठुलो अकारको हुन्छ भने कुनै सानो आकारको हुन्छ । उक्त परिवारको सदस्यहरू वैदेशिक रोजगारमा भएका कामदारहरूको सहभागीता निम्नानुसार रहेको छ ।

**तालिका : ४.३**

**पारिवारीक जनसंख्याको आधारमा वैदेशिक रोजगारीमा सहभागीता**

| क्र.स. | पारिवारीक संख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | २-४ | ९० | ४६.१ | २ | ४० | ९२ | ४६ |
| २ | ४-६ | ४८ | २४.६ | २ | ४० | ५० | २५ |
| ३ | ७ भन्दा वढी | ५७ | २९.२ | १ | २० | ५८ | २९ |
| | जम्मा | १९५ | १०० | ५ | १०० | २०० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७२ ।

तलिका ४.३ का अनुसार सवै भन्दा वढी जनसंख्या २-४ जनाको रहेको देखिन्छ । उक्त घरपरिवारमा पुरुष ९० (४६.१%) र महिला २ (४०%) रहेका छ त्यसै गरी ४-६ जनाको परिवार भएको घरपरिवारमा ५० (२५%) रहेको देखिन्छ । उक्त घरपरिवारमा पुरुष ४८ (२४.६%) महिला २ (४०%) रहेको छ । त्यसैगरी ७ जना भन्दा बढीको पारिवारीक जनसंख्या ५८ (२९%) रहेको छ । उक्त घर परिवारमा पुरुष ५७ (२९.२%) र महिला १ ( २०%) रहको देखिन्छ ।

### ४.३.३ वैदेशिक रोजगारमा गएका सहभागीहरूको वैवाहिक स्थिती (Marital status of participant in Foreign Empioyment)

अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा बढी मात्रामा विवाहित महिलाको तुलनामा विवाहित पुरुष गएको पाइन्छ । वैवाहिक बन्धनमा बाधिए सँगै पारिवारिक बोझ पनि बढ्ने, रोजगारको राम्रो अवसर नहुने भएकोले वैदेशिक रोजगारीमा जाने गरेका छन् । यो अध्ययन वैदेशिक रोजगारीले उनीहरूको आर्थिक तथा शैक्षिक स्थितिमा पारेको प्रभावले बारेमा

व्याख्या तथा विश्लेषण गर्न खोजिएको हुँदा यहाँ उनीहरूको वैवाहिक स्थितिलाई तालिकीकरण गरिएको छ ।

**तालिका ४.४**

**वैदेशिक रोजगारीमा सहभागीको वैवाहिक स्थिति-२०६९**

| वैवाहिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| विवाहित | ९९ | ९७.०५ | ३ | २.९४ | १०२ | ५१ |
| अविवाहित | ९६ | ९७.९५ | २ | २.०८ | ९८ | ४९ |
| जम्मा | १९५ | | ५ | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.४ का अनुसार वैदेशिक रोजगामा गएका व्यक्तिहरूको वैवाहिक अवस्था कुल २०० जनामा विवाहित १०२ (५१%) जना विवाहित पुरुष तथा महिला देखियो ९८ (४९%) अविवाहित पुरुष तथा महिला देखियो । यहाँ कुल १९५ पुरुषहरूमा ९९ (९७.०५%) विवाहित र ९६ (९७.९५%) अविवाहित त्यसैगरी ५ महिलाहरूमा ३ (२.९४%) विवाहित र २ (२.०८%) अविवाहित वैदेशिक रोजगारीमा गएको देखिन्छ । यसरी हेर्दा महिला भन्दा पुरुष बढी मात्रामा विदेश गएको देखिन्छ ।

## ४.४ वैदेशिक रोजगारमिा जानु भन्दा अगाडिको आर्थिक अवस्था (Economics Status before Foreign Employment)

मधेसा गा.वि.स. को मुख्य आम्दानीको रूपमा कृषि रहेको छ । यस गा.वि.स. का मानिसहरू सामान्यतया खेतीपाती गरेर जीवन गुजाना गर्दछन् भने केही मानिसहरू व्यापार व्यवसायमा पनि संलग्न रहेको छन् । केही समय यता निजामती सेवा तथा शिक्षण पेशामा पनि संलग्न हुँदै आएको पाइन्छ । अहिले आएर वैशिक रोजगार जानको सङ्ख्या उल्लेख्य मात्रामा रहेको छ (गा.वि.स, २०७१) ।

### ४.४.१ स्रोतको आधारमा पारिवारिक आम्दानी (Family Income on the Basic of Source)

परिवारका सदस्यहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्नको लागि आम्दानी अनिवार्य शर्त हो । परिवारको मुख्य आयस्रोतले प्रत्येक व्यक्तिको जीवनशैली तथा

जीवनस्तरमा प्रभाव पारेको हुन्छ । यस अध्ययनमा सहभागीहरूको वैदशिक रोजगारीमा जानुभन्दा अघिको पारिवारिक आम्दानीको स्रोतलाई देखाइएको छ ।

**तालिका ४.५**

**स्रोतगत पारिवारिक वार्षिक आम्दानी - २०६७**

| **क.सं.** | **आम्दानीहरू** | **आम्दानी (रु. मा)** | **प्रतिशत (%)** |
|---|---|---|---|
| १ | व्यापार व्यवसाय | ५०,००,०००/- | ४०.३ |
| २ | स्वदेशी रोजगारी | २,६४,०००/- | २१.३ |
| ३ | कृषि | १,७६,०००/- | १४.२ |
| ४ | घरेलु उद्योग | ११,६०,०००/- | ९.४ |
| ६ | पेन्सन | १८,४०,०००/- | १४.८ |
| जम्मा | | १,२४,००,०००/- | १०० |
| २०० घरपरिवारको कुल वार्षिक आम्दानी □ रु. १२४००००० | | | |
| औषत वार्षिक प्रतिव्यक्ति आम्दानी □ पारिवारिक वार्षिक कुल आम्दानी ÷ कुल जनसङ्ख्या □ १२४००००० ÷ ३४१ □ ३६३६३.६ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.५ का अनुसार वैदेशिक रोजगारीमा सहभागी हुनुपूर्व परिवारको स्रोतगत वार्षिक आम्दानी तथा आम्दानीको स्रोतलाई प्रस्तुत गरिएको छ । जसलाई पारिवारिक वार्षिक कुल आम्दानी (१,२४,००,०००) लाई कुल जनसङ्ख्या (३४१) ले भाग गरेर जम्मा पारिवारिक प्रतिव्यक्ति आम्दानी ३६३६३.६ निकालिएको छ । उक्त तालिकामा सबैभन्दा बढी आम्दानी कृषिबाट भएको देखिन्छ जसमा वार्षिक रु. ५०,००,०००/- (४०.३%) आम्दानी गरेको देखिन्छ । त्यसैगरी स्वदेशी रोजगारबाट रु. २,६४,०००/- (२१.३%), व्यापार व्यवसायबाट रु. १,७६,०००/- (१४.२%), घरेलु उद्योगबाट रु. ११,६०,०००/- (९.४%) तथा पेन्सनबाट रु. १८,४०,०००/- (१४.८%) वार्षिक आम्दानी गरेको देखिन्छ ।

### ४.४.२ तहगत पारिवारिक आम्दानी (Levelwise Family Income)

मधेसा गा.वि.स. को प्रमुख आम्दानीको स्रोत कृषि भएता पनि शिक्षक, प्रहरी, भारतिय सेना, ब्रिटिस सेना, कर्मचारी तथा वैदेशिक रोजगारमा पेशामा आवद्ध भएका

मानिसहरूको पनि बसोबास उल्लेख्य रहेको छ । प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको तहगत पारिवारिक आम्दानीबाट देखाउन खोजिएको छ ।

**तालिका ४.६**

**तहगत पारिवारिक वार्षिक आम्दानी-२०६७**

| क्र.सं. | वार्षिक आम्दानी | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु ५०,०००/- सम्म | ९८ | ४९ |
| २ | रु ५०,०००/- देखि रु १,००,०००/- | १०० | ५० |
| ३ | रु १,००,०००/ भन्दा माथि | २ | १ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.६ मा वैदेशिक रोजगारमिा जानु भन्दा पहिलेको तहगत वार्षिक पारिवारिक आम्दानीलाई देखाइएको छ । ९८ घरपरिवारमा सङ्ख्याले वार्षिक रु. ५०,०००/- सम्म आम्दानी गरेको देखिन्छ । १०० परिवार सङ्ख्याले रु. ५०,०००/- देखि रु. १,००,०००/- सम्म आम्दानी गरेको देखिन्छ । त्यसैगरी रु. १,००,०००/- भन्दा माथि आम्दानी गर्ने घरपरिवार सङ्ख्या ३४ रहेको देखिन्छ ।

### ४.४.३ तहगत तथा स्रोतगत व्यक्तिगत आम्दानी (Levelwise and Sourcewise Individual Income)

यस अध्ययनमा सहभागीहरूको उक्त रोजगारीमा जानुपूर्वको व्यक्तिगत आम्दानी तथा आम्दानीका स्रोतहरूको देखाउन खोजिएको छ । यसलाई निम्न तालिकामा देखाइएको ।

**तालिका ४.७**

**वैदेशिक रोजगारमिा जानुपूर्वको तहगत व्यक्तिगत वार्षिक आम्दानी-२०६७**

| क्र.सं. | वार्षिक आम्दानी | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु २०,००० देखि रु ३०,०००/- | ३० | १५ |
| २ | रु ३०,०००/- देखि ५०,०००/- | ६८ | ३४ |
| ३ | रु ५०,०००/- देखि ७०,०००/- | ५० | २५ |
| ४ | रु ७०,०००/- देखि माथि | ५२ | २६ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.७ मा सहभागीहरूको रोजगारीमा जानुपूर्व तहगत आम्दानी देखाइएको छ । उक्त तालिकामा ३० (१५%) ले रु. २०,०००/- देखि रु. ३०,०००/- सम्म आम्दानी गरेको देखिन्छ । ६८ (३४%) जनाले ३०,०००/- देखि रु. ५०,०००/- सम्म आम्दानी गरेको देखिन्छ । त्यसैगरी ५० (२५%) जनाले रु. ५०,०००/- देखि रु. ७०,०००/– सम्म आम्दानी गरेको देखिन्छ । साथै ५२ (२६%) जनाले रु. ७०,०००/- देखि माथि आम्दानी गरेको देखिन्छ ।

**तालिका ४.८**

**वैदेशिक रोजगारीमा जानुपूर्वको स्रोतगत व्यक्तिगत वार्षिक आम्दानी-२०६७**

| क.सं. | आम्दानी | सङ्ख्या | आम्दानी (रु मा) | प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | व्यापार व्यवसाय | ४७ | ८,४०,०००/- | २३.१ |
| २ | कृषि | १०९ | २०,००,०००/- | ५४.९ |
| ३ | जागिर | ४४ | ८,००,०००/- | २२ |
| जम्मा | | २०० | ३६,४०,०००/- | १०० |
| कुल वार्षिक आम्दानी □ ३६,४०,०००/-<br>औषत वार्षिक प्रतिव्यक्ति आम्दानी □ वैदेशिक रोजगारमा संलग्न २०० को कुल व्यक्ति आम्दानी ÷ कुल संलग्न जनसङ्ख्या □ ३६,४०,००० ÷ २०० □ १८,२००/-<br>कुल जनसङ्ख्या □ २०० | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.८ मा वैदेशिक रोजगारमा सहभागीहरूको रोजगारीमा जानुपूर्व स्रोतगत आम्दानी देखाइएको छ । जसलाई कुल व्यक्तिगत आम्दानी (३६,४०,०००) लाई जम्मा जनसङ्ख्या (२००) ले भाग गरी जम्मा १८,२०० व्यक्तिगत आम्दानी निकालिएको छ । उक्त तालिकामा व्यापार व्यवसायबाट ४७ ले वार्षिक रु. ८,४०,०००/- (२३.५%) सम्म आम्दानी गरेको देखिन्छ । कृषिबाट १०९ जनाले २०,००,०००/- (५४.९%), नागरिबाट ४४ जनाले ८,००,०००/- (२२%) सम्म आम्दानी गरेको देखिन्छ ।

## ४.५ वैदेशिक रोजगार पछिको आम्दानी (Income after going to Foreign Employment)

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएपछि नमूना छनोटमा परेका घरपरिवारको पारिवारिक विभिन्न तहको आम्दानीलाई देखाउन खोजिएको छ । जुन देहायबमोजिम उल्लेख गरिएको छ ।

### ४.५.१ तहगत पारिवारिक आम्दानी (Levelwise Family Income)

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएपछिको उनीहरूको पारिवारिक आम्दानीको अवस्थालाई प्रस्तुत गर्न खोजिएको छ । देशहरूको प्रकृति, कामको प्रकृति अनुसार आम्दानीको स्तरमा पनि विविधता रहेको पाइन्छ । यहाँ उनीहरूको पारिवारिक आम्दानीको स्तरलाई देखाउन खोजिएको छ ।

**तालिका ४.९**

**वैदेशिक रोजगारी पछिको तहगत पारिवारिक आम्दानी-२०६९**

| क्र.सं. | वार्षिक आम्दानी | परिवार सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु ३,००,०००/- सम्म | १२४ | ६२ |
| २ | रु ३,००,०००/- देखि रु ५,००,०००/- | ५४ | २७ |
| ३ | रु ५,००,०००/- देखि रु ६,००,०००/- | २२ | ११ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.९ मा वैदेशिक रोजगार पछिको पारिवारिक आम्दानीको अवस्थालाई देखाइएको छ । तालिकामा न्यूनतम वार्षिक आम्दानी रु ३,००,०००/- सम्म आम्दानी गर्ने १२४ (६२%) घरपरिवार देखिएको छ । त्यसैगरी ५४ (२५%) घरपरिवार सङ्ख्याले रु. ३,००,०००/- देखि रु. ५,००,०००/- सम्म आम्दानी गरेको पाइन्छ र २२ (११%) घरपरिवार सङ्ख्याले रु. ५,००,०००/- देखि रु. ६,००,०००/- सम्म आम्दानी गर्ने गरेको पाइन्छ ।

### ४.५.२ स्रोतको आधारमा पारिवारिक आम्दानी (Family Income on the Basis of Source)

यस अध्ययनमा परिवारको सदस्य वैदेशिक रोजगारीमा सहभागी भएपछि उनीहरूको पारिवारिक आम्दानीलाई देखाउन खोजिएको छ । वैदेशिक रोजगारमा सहभागी हुनेहरूको आम्दानीमा विविधता रहेको पाइन्छ । समग्रमा उक्त रोजगारीबाट प्राप्त आम्दानी र घरपरिवारको सदस्यहरूले गर्ने आम्दानीलाई जोडेर उनीहरूको पारिवारिक वार्षिक आम्दानी तथा औषत प्रतिव्यक्ति आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१०**

**वैदेशिक रोजगार पछिको स्रोतगत पारिवारिक आम्दानी-२०६९**

| **क.सं.** | **आम्दानी स्रोतहरू** | **आम्दानी (रु मा)** | **प्रतिशत (%)** |
|---|---|---|---|
| १ | व्यापार व्यवसाय | ८०,००,०००/- | ९.७ |
| २ | स्वदेशी रोजगारी | ३५,४०,०००/- | ४.३ |
| ३ | कृषि | २६,२०,०००/- | ३.२ |
| ४ | घरेलु उद्योग | १६,४०,०००/- | १.९ |
| ५ | पेन्सन | २३,८०,०००/- | २.८ |
| ६ | वैदेशिक रोजगार | ६,४०,००,०००/- | ७७.८ |
| जम्मा | | ८,२१,८०,०००/- | १०० |
| २०० घरपरिवार कुल वार्षिक आम्दानी □ रु ८,२१,८०,०००/-<br>औषत प्रति घरपरिवार आम्दानी □ रु ४,१०,९००/-<br>औषत प्रतिव्यक्ति आम्दानी □ रु ७०,७०९/- | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.१० मा वैदेशिक रोजगार पछिको परिवारको स्रोतगत वार्षिक तथा आम्दानीको स्रोतलाई देखाइएको छ । तालिकामा अनुसार सबैभन्दा बढी वैदेशिक रोजगारीबाट आम्दानी भएको देखिन्छ । जसमा वार्षिक रु. ६,४०,००,०००/- (९०.६%) आम्दानी भएको देखिन्छ भने सबैभनदा कम घरेलु उद्योगबाट रु. ६,४०,०००/- (०.९%) आम्दानी भएको देखिन्छ । त्यसैगरी कृषिबाट रु. २६,००,०००/- (३.७%), पेन्सनबाट रु. ९,८०,०००/- (१.४%), स्वदेशी रोजगारीबाट रु. १४,४०,०००/- (२%) तथा व्यापार व्यवसायबाट रु. १०,००,०००/- (१.४%) आम्दानी गरेको देखिन्छ । यसप्रकार कुल २००

घरपरिवारले वार्षिक ३,५३,३३,०००/- आम्दान गरेको देखिन्छ भने औषत वार्षिक पारिवारिक वार्षिक आम्दानी रु. ३,५३,३३०/- हुने देखिन्छ । त्यसैगरी औषत वार्षिक प्रतिव्यक्ति आम्दानी रु. ८४,१२६.१९/- भएको देखिन्छ ।

### ४.५.३ तहगत व्यक्तिगत आम्दानी (Levelwise Individual Income)

रोजगारदाता देशहरूले आफ्नो नियम, कानून तथा क्षमा अनुसार ज्यालादर निर्धारण गरिएको हुन्छ । यसप्रकार देशहरूको विविधता अनुसार ज्याला पनि फरक फरक पाइन्छ । युरोपियन देशहरूको तुलनामा मलेसिया, कतार, साउदी अबर, दुबई, कुवत जस्ता देशहरूमा नेपाली कामदारको ज्याला कमी छ । कामको प्रकृति तथा कम्पनी अनुसार पनि ज्यालादर फरक पर्न जान्छ । त्यसैगरी दलालको बदमासीको कारणले पनि तलब कम हुने गुनासोहरू प्रशस्त हुने गरेको छ । यद्यपी कतिपयले राम्रो आम्दानी पाउने गरको पाइन्छ । नमूना छनोटमा परका घरपरिवारको वार्षिक तहगत आम्दानीलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**तहगत व्यक्तिगत आम्दानी-२०६९**

| क्र.सं. | वार्षिक आम्दानी | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु १,००,०००/- देखि २,००,०००/- सम्म | २८ | १४ |
| २ | रु २,००,०००/- देखि रु ३,००,०००/- | ७० | ३५ |
| ३ | रु ३,००,०००/- देखि रु ४,००,०००/- | ७६ | ३८ |
| ४ | रु ४,००,०००/- देखि रु ५,००,०००/- | २६ | १३ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिका तालिका ४.११ मा तहगत व्यक्तिगत आम्दानी देखाइएको छ । तालिका अनुसार २८ (१४%) जनाले रु १,००,०००/- देखि रु. २,००,०००/- सम्म तलब पाएको देखिन्छ । त्यसैगरी ७० (३५%) ले रु. २,००,०००/- देखि रु. ३,००,०००/-, ७६ (३८%) ले रु. ३,००,०००/- देखि रु. ४,००,०००/- र २६ (१३%) जनाले रु ४,००,०००/- देखि रु. ५,००,०००/- सम्म तलब थाप्ने गरेको देखिन्छ ।

## ४.६ वैदेशिक रोजगार अघि पछिको पारिवारिक आम्दानीको तुलना (Familywise comparison of Income before and after going to Foreign Employment)

स्वदेशमा आफ्नो भविष्य सुनिश्चित नहुने अर्थात् उपयुक्त रोजगारीमा अवसर नहुँदा तथा कम आम्दानी भएर नै बाध्यताबस वैदेशिक रोजगारीलाई रोजिन्छ । अर्थात् आम्दानीमा वृद्धि गर्नको लागि नै वैदेशिक रोजगारमा जाने गर्दछ । प्रस्तुत अध्ययनमा पनि उक्त रोजगारीमा जानुको कारण न्यून आम्दानी देखिएको छ । त्यसैले यहाँ उक्त रोजगारीमा जानुभन्दा पहिले र गएपछिको आम्दानीलाई तुलना गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२**

**वैदेशिक रोजगार अघि र पछिको पारिवारिक आम्दानीको तुलना**

| **क.सं.** | **आम्दानी स्रोतहरू** | **आम्दानी रु मा (अघि)** | **आम्दानी र मा (पछि)** |
|---|---|---|---|
| १ | व्यापार व्यवसाय | ५०,००,०००/- | ८०,००,०००/- |
| २ | स्वदेशी रोजगार | २६,४०,०००/- | ३५,४०,०००/- |
| ३ | कृषि | १७,६०,०००/- | २६,२०,०००/- |
| ४ | घरेलु उद्योग | ११,६०,०००/- | १६,४०,०००/- |
| ५ | पेन्सन | १८,४०,०००/- | २३,८०,०००/- |
| ६ | वैदेशिक रोजगार | - | ६,४०,००,०००/- |
| जम्मा | | १,२४,००,०००/- | ८,२१,८०,०००/- |
| | विवरण | अघि | पछि |
| २०० घरपरिवारको कुल वार्षिक आम्दानी | | १,२४,००,०००/- | ८,२१,८०,०००/- |
| औषत पारिवारिक वार्षिक आम्दानी | | ६२,०००/- | ४,१०,९००/- |
| औषत प्रतिव्यक्ति आम्दानी | | ३६,५६३.६/- | ७४,७०९.०९/- |
| औषत प्रतिघरपरिवार जनसङ्ख्या | | ५.५ | ५.५ |
| कुल जनसङ्ख्या | | ३४१ | ३४१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१२ मा वैदेशिक रोजगार अघि र पछिको आम्दानीलाई देखाइएको छ । तालिकामा आम्दानीको स्रोत र उक्त स्रोतबाट प्राप्त हुने आम्दानीलाई अलग अलग छुट्टाएको छ । यहाँ अध्ययनकर्ताले अध्ययन गर्दाको समयमा लक्षित समूहको आम्दानी रु. ८,२१,८०,०००/- रहेको छ । तालिकामा २०० घरपरिवारको कुल वार्षिक आम्दानी पहिले

रु. १,२४,००,०००/- रहेको देखिन्छ भने पछि बढेर ८२,१८,०००/- भएको देखिन्छ । औषत पारिवारिक वार्षिक आम्दानी पहिले रु. ६२,०००/- रहेको देखिन्छ । पछि बढेर रु. ४,१०,९००/- भएको देखिन्छ । त्यसैगरी औषत वार्षिक प्रतिव्यक्ति आम्दानी पहिले रु ३६,३६३.६/- रहेको पछि बढेर रु. ७४,७०९.०९/- भएका देखिन्छ ।

यसप्रकार वैदेशिक रोजगार अघि र पछि आम्दानीको तुलना वैदेशिक रोजगारबाट हुने आम्दानी तथा अन्य विभिन्न स्रोतहरूबाट हुने आम्दानी भन्दा बढी भएको देखिन्छ । कुल वार्षिक आम्दानी बढ्नु औषत वार्षिक प्रति घरपरिवार आम्दानी बढ्नु, औषत प्रतिव्यक्ति वार्षिक आम्दानी पनि बढ्नु जुन वैदेशिक रोजगारको सकारात्मक प्रभाव हो भन्न सकिन्छ ।

## ४.७ पारिवारिक खर्चको अवस्था

### ४.७.१ पारिवारिक आम्दानी वृद्धिदर (Growth Rate of Familywise Income)

नमूना छनौटमा परेको व्यक्तिहरूको वैदेशिक रोजगारमा जानुभन्दा अगाडि पारिवारिक वार्षिक आम्दानी रु. १,२४,००,०००/- थियो भने वैदेशिक रोजगारमा गई सकेपछिको पारिवारिक वार्षिक आम्दानी वृद्धि भएर रु ८,२१,८०,०००/- रहेको छ । त्यसैले,

पारिवारिक वार्षिक आम्दानी वृद्धिदर = (अहिलेको आम्दानी - पहिलेको आम्दानी) / पहिलेको आम्दानी × १००

= (८,२१,८०,०००-१,२४,००,०००) / १२४०००० × १००

= ५६२.७२%

अतः पारिवारिक वार्षिक आम्दानी ५६२.७४% वृद्धि रहेको पाइयो ।

### ४.७.२ व्यक्तिगत आम्दानी वृद्धिदर (Growth Rate of Individual Income)

नमूना छनौटमा परेका व्यक्तिहरूको वैदेशिक रोजगारमा जानु अघि व्यक्तिगत वार्षिक आम्दानी १८,२०० थियो भने वैदेशिक रोजगारमा गइसके पछिको व्यक्तिगत वार्षिक आम्दानी वृद्धि भएर रु ३२,०००/- भएको छ । त्यसैले,

व्यक्तिगत आम्दानी वृद्धिदर = (अहिलेको आम्दानी - पहिलेको आम्दानी) / पहिलेको आम्दानी × १००

= (३२०००-१८२००) / १८२०० × १००

= ७५.८२%

अतः व्यक्तिगत वार्षिक आम्दानी ७५.८२% वृद्धि रहेको पाइयो ।

## ४.८ वैदेशिक रोजगारीमा जानु भन्दा अगाडिको तहगत पारिवारिक खर्च (Levelwise Family Expenditure before Foreign Employment)

अध्ययन क्षेत्रबाट परिवारको सदस्य वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि घरपरिवारको आर्थिक अवस्था सामान्य रहेको थियो भने उनीहरूको गर्ने खर्च पनि सामान्य किसिमको रहेको थियो । प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्चको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**वैदेशिक रोजगारमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्च-२०६७**

| क्र.सं. | वार्षिक खर्च | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु ४०,०००/- सम्म | ५८ | २९ |
| २ | रु ४०,०००/- देखि रु ७०,०००/- | १०४ | ५२ |
| ३ | रु ७०,०००/- देखि रु १,००,०००/ | ३८ | १९ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१३ मा वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको तहगत पारिवारिक खर्चको अवस्थालाई प्रस्तुत गरिएको छ । उक्त तालिकामा अनुसार ५८ (२९%) घरपरिवारले वार्षिक रं ४०,०००/- सम्म खर्च गरेको देखिन्छ । १०४ (५२%) घरपरिवारले रु. ४०,०००/- देखि रु. ७०,०००/- सम्म खर्च गरेको देखिन्छ । त्यस्तै ३८ (१९%) घरपरिवारले रु. ७०,०००/- देखि रु. १,००,०००/- वार्षिक खर्च गरेको देखिन्छ ।

## ४.९ वैदेशिक रोजगार अघिको क्षेत्रगत पारिवारिक खर्च (Sectorwise Family Expenditure before Foreign Employment)

आम्दानी र खर्चको सम्बन्ध जहिले पनि सकारात्मक रहन्छ । आम्दानी बढ्दा खर्च बढ्ने र आम्दानी घट्दा खर्च पनि घट्ने तरिका प्रत्येक व्यक्तिमा हुन्छ । प्रस्तुत अध्ययनमा वैदेशिक रोजगार अघिको स्रोतगत वार्षिक पारिवारिक खर्च पत्ता लगाउनु रहेको छ । अध्ययन क्षेत्रमा सर्वेक्षण गर्दा आफ्नो आम्दानी अनुकुलको खर्च गर्ने शैली फरक रहेको

देखियो । आम्दानी बढी हुनेले खर्च पनि गरेको तथा आम्दानी कम हुनेको खर्च पनि कम गरेको देखिन्छ । जसलाई देहायबमोजिम देखाइएको छ ।

**तालिका ४.१४**

**वैदेशिक रोजगार अघिको वार्षिक क्षेत्रगत पारिवारिक खर्च-२०६७**

| क्र.सं. | खर्च हुने क्षेत्रहरू | खर्चको दर (रु मा) | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | ७,६०,०००/- | १३.७ |
| २ | खाद्यान्न | २५,६०,०००/- | ४६ |
| ३ | लत्ताकपडा | ९,८०,०००/- | १७.६ |
| ४ | औषधी उपचार | ४,८०,०००/- | ६.८ |
| ५ | चाडपर्व | ५,८०,०००/- | १०.४ |
| ६ | मल विउ | ३,००,०००/- | ५.४ |
| जम्मा | | ५५,६०,०००/- | १०० |
| वार्षिक आम्दानी रु ६२,००,०००/-<br>वार्षिक खर्च रु. ५५,६०,०००/-<br>वार्षिक वचत रु. ६,४०,०००/-<br>औषत वार्षिक पारिवारिक खर्च रु २७,८९९/-<br>औषत वार्षिक प्रतिव्यक्ति खर्च रु ६६१९.०४/- | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१४ का अनुसार वैदेशिक रोजगार अघिको वार्षिक स्रोगत पारिवारिक खर्चलाई देखाइएको छ । घरपरिवारका खर्च हुने क्षेत्रहरू शिक्षा, खाद्यान्न, लत्ताकपडा, चाडपर्व, मलबिउ, औषधी उपचार खर्च रहेको देखिन्छ । यहाँ शिक्षामा रु. ७,६०,०००/- (१३.७%), खाद्यान्न रु. २५,६०,०००/- (४६%), लत्ताकपडामा रु. ९,८०,०००/- (१६.६%), औषधी उपचारमा रु. ४,८०,०००/- (६.८%), चाडपर्वमा रु. ५,८०,०००/- (१०.४%), मलबिउमा रु. ३,००,०००/- (५.४%) सम्म वार्षिक खर्च गर्ने गरेको देखिन्छ ।

## ४.१० वैदेशिक रोजगार गए पछिको खर्च (Expenditure after going to Foreign Employment)

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएपछि नमूना छनोटमा परेका घरपरिवारको पारिवारिक विभिन्न तहको आम्दानीलाई देखाउन खोजिएको छ । जुन देहायबमोजिम उल्लेख गरिएको छ ।

### १. तहगत पारिवारिक खर्च (Levelwise Family Expenditure)

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएपछिको तहगत पारिवारिक खर्चको अवस्थालाई प्रस्तुत गर्न खोजिएको छ । उक्त रोजगारमा जानुभन्दा पहिलाको खर्च भन्दा गएपछिको खर्चमा तुलनात्मक रूपमा वृद्धि भएको छ । उक्त कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१५**

**वैदेशिक रोजगारीमा गए पछिको तहगत पारिवारिक खर्च - २०६९**

| क्र.सं. | वार्षिक खर्च | परिवार सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | रु १,००,०००/– सम्म | ३२ | १६ |
| २ | रु १,००,०००/– देखि रु १,५०,०००/– | ४८ | २९ |
| ३ | रु १,५०,०००/– देखि रु २,००,००० | ११० | ५५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१५ मा वैदेशिक रोजगारीमा गएपछि तहगत पारिवारिक खर्चको अवस्थालाई देखाइएको छ । उक्त तालिकामा अनुसार ३२ (१६%) घरपरिवार सङ्ख्याले वार्षिक रु. १,००,०००/- सम्म खर्च गर्ने गरेको देखिन्छ । ४८ (२९%) ले रु १,००,०००/- देखि रु. १,५०,०००/- सम्म खर्च गर्ने गरेको देखिन्छ । त्यसैगरी ११० (५५%) रु. १,५०,०००/- देखि रु २,००,०००/- सम्म खर्च गर्ने गरेको देखिन्छ ।

## २. क्षेत्रगत पारिवारिक खर्च (Sectorwise Family Expenditure)

वैदेशिक रोजगारमा गएपछि अगाडिको तुलनामा खर्च गर्ने शैली तथा खर्चको दायरा पनि बढेको पाइन्छ । आम्दानीको वृद्धि हुने वित्तिकै शिक्षा, खाद्यान्न, लत्ताकपडा, मल विउ, चाडपर्व, जग्गा जमिन खरीद, घरको पुनः निर्माण जस्ता क्षेत्रमा खर्च बढेको पाइन्छ । जसको कारण खर्चको दायरा तथा क्षेत्र पनि फराकिलो भएको पाइन्छ । जसलाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१६**

**वैदेशिक रोजगार पछिको क्षेत्रगत पारिवारिक क्षेत्र-२०६९**

| क्र.सं. | खर्च हुने क्षेत्रहरू | खर्च (२०६९) | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा | ४८,७९,५६०/- | ११.१ |
| २ | खाद्यान्न | १,५०,३४,३२०/- | ३४.२ |
| ३ | लत्ताकपडा | २९,४५,३२०/- | ६.७ |
| ४ | औषधी उपचार | १५,३८,६००/- | ३.५ |
| ५ | चाडपर्व | ३८,२४,५२०/- | ८.७ |
| ६ | मल विउ | ९,६७,१२०/- | २.२ |
| ७ | घर निर्माण | १,४७,७०,५६०/- | ३३.६ |
| जम्मा | | ४,३९,६०,०००/- | १०० |
| वार्षिक आम्दानी रु ७०६६६०००/- | | वार्षिक खर्च रु ४३३६०००/- | |
| वार्षिक वचत रु २६७०६०००/- | | औषत वार्षिक पारिवारिक खर्च रु २,१९,८००/- | |
| औषत प्रतिपरिवार सङ्ख्या ५.५ | | औषत वार्षिक प्रतिव्यक्ति खर्च रु ५२,३३३.३३/- | |
| कुल जनसङ्ख्या ३४१ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१६ मा वैदेशिक रोजगार पछिको २०० घरपरिवारको क्षेत्रगत पारिवारिक खर्चलाई देखाइएको छ । यहाँ वैदेशिक रोजगारको कारण नै खर्चको दायरा पनि वृद्धि भएको देखिन्छ । अध्ययन क्षेत्रमा पारिवारिक खर्चलाई हेर्दा शिक्षामा रु. ४८,७९,५६०/- (११.१%), खाद्यान्नमा रु. १,५०,३४,३२०/- (३४.२%), लत्ताकपगामा रु. २९,४५,३२०/- (६.७%), औषधी उपचारमा रु. १५,३८,६००/- (३.५%), चाड पर्वमा रु २८,२४,५२०/- (८.७%),

मल बिउमा रु. ९,६७,१२० (२.२%), घर निर्माणमा रु. १,४७,७०,५६० (३३.६%) खर्च गर्ने गरेको देखिन्छ ।

## ४.११ वैदेशिक रोजगार अघि र पछिको खर्चको तुलना (Comparison of Expenditure before and after foreign Employment)

हरेक व्यक्तिको आम्दानीमा भएको वृद्धि सँगै खर्चको क्षेत्र पनि वृद्धि हुन्छ । यो हरेक व्यक्तिमा लागु हुन्छ । यस अध्ययनमा पनि अध्ययन क्षेत्रको वैदेशिक रोजगारी अघि र पछिको खर्चको अवस्था हेर्दा सोही अनुरूपको देखिन्छ । अर्थात् उक्त रोजगारको कारणले नै खर्चको शैलमिा वृद्धि भएको देखिन्छ । जसलाई निम्नानुसार देखाइएको छ ।

**तालिका ४.१७**

**वैदेशिक रोजगार अघि र पछि खर्चको तुलना**

| क्र.सं. | खर्च हुने क्षेत्रहर | पहिले (२०६९) | प्रतिशत | अहिले (२०७२) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | खाद्यान्न | ७,६०,०००/– | १३.७ | ४८,७९,५६० | ११.१ |
| २ | शिक्षा | २२,६०,०००/– | ४६ | १,५०,३४,३२०/– | ३४.२ |
| ३ | लत्ताकपडा | ९,८०,०००/– | १७.६ | २९,४५,३२०/– | ६.७ |
| ४ | औषधी उपचार | ३,८०,०००/– | ६.८ | १५,३८,६००/– | ३.५ |
| ५ | चाडपर्व | ४,८०,०००/– | १०.४ | ३८,२४,५२०/– | ८.७ |
| ६ | मल विउ | ३,००,०००/– | ५.४ | ९,६७,१२०/– | २.२ |
| ७ | घरको पुनः निर्माण | – | – | १,४७,७०,५६०/– | ३३.६ |
| जम्मा | | ५५,६०,०००/– | १०० | ४,३९,६०,०००/– | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१७ मा वैदेशिक रोजगार अघि र पछिको खर्चको तुलना गरिएको छ । यहाँ वैदेशिक रोजगारमिा जानुभन्दा अगाडि गर्ने खर्चको दर उक्त रोजगारमिा गएपछि भन्दा निकै कम देखिन्छ । अध्ययन क्षेत्रमा खर्चको स्रोतहरू शिक्षा, खाद्यान्न, लत्ताकपडा, चाडपर्व, मल बिउ, औषधी उपचार तथा घरको पुनः निर्माणमा खर्च गरेको पाइयो जसलाई माथिको तालिकामा देखाइएको छ । वैदेशिक रोजगारमा जानुभन्दा अगाडि २०० घरपरिवारका खर्च हुने क्षेत्रहरू, शिक्षा, खाद्यान्न, लत्ताकपडा, चाडपर्व, मलबिउ, औषधी उपचारमा खर्च गरेको

देखिन्छ । यहाँ खाद्यान्नमा रु. ७,६०,०००/- (१३.७%), शिक्षामा रु. २५,६०,०००/- (४६%), लत्ताकपडामा रु. ९,८०,०००/- (१७.६%), औषधी उपचारमा रु. ३,८०,०००/- (६.८%), चाडपर्वमा ४,८०,०००/- (१०.४%), मलबिउमा रु. ३,००,०००/- (५.४%) सम्म वार्षिक खर्च गर्ने गरेको देखिन्छ । वैदेशिक रोजगार पछिको २०० घरपरिवारको पारिवारिक खर्चलाई हेर्दा शिक्षामा रु. ४८,७९,५६०/- (११.१%), खाद्यान्नमा रु. १,५०,३४,३२०/- (३४.२%), लत्ताकपडामा रु. २९,४५,३२०/- (६.७%), औषधी उपचारमा रु. १५,३८६००/- (३.५%), चाड पर्वमा रु. ३८,२४,५२० (८७%), मल बिउमा रु. ९,६७,१२० (२.२%), घर निर्माणमा रु. १,४७,७०,५६०/- (३३.६%) खर्च गर्ने गरेको देखिन्छ । यसप्रकार हेर्दा वैदेशिक रोजगारीमा समावेश हुनु सँगै आम्दानी बढेको र खर्चको दायरा पनि बढेको देखिन्छ ।

### ४.११.१ पारिवारिक खर्च वृद्धिदर (Growth Rate of Familywise Expenditure)

नमूना छनौटमा परेका व्यक्तिहरूको वैदेशिक रोजगारमा जानु अघिको पारिवारिक वार्षिक खर्च रु. ५५,६०,००० रहेको थियो भने वैदेशिक रोजगारमा गइसके पछिको परिवारिक वार्षिक खर्चमा वृद्धि भएर रु ४,३९,६०,००० भएको छ । त्यसैले,

$$\text{पारिवारिक खर्च वृद्धिदर} = \frac{\text{अहिलेको आम्दानी - पहिलेको आम्दानी}}{\text{पहिलेको आम्दानी}} \times १००$$

$$= \frac{४३९६००००-५५६००००}{५५६००००} \times १००$$

$$= ६९०.६४\%$$

त्यसैले पारिवारिक खर्च ६९०.६४% वृद्धि रहेको पाइयो ।

### ४.११.२ व्यक्तिगत खर्च वृद्धिदर (Growthrate of Individual Expenditure)

नमूना छनौटमा परका व्यक्तिको वैदेशिक रोजगारमा जानु अघिको व्यक्तिगत गन वार्षिक खर्च रु २६,०००० रहेको थियो भने वैदेशिक रोजगारीमा गइसके पछिको व्यक्तिगत वार्षिक खर्चमा वृद्धि भएर रु १,१०,००० भएको छ । त्यसैले,

$$\text{व्यक्तिगत वार्षिक खर्च वृद्धिदर} = \frac{\text{अहिलेको आम्दानी - पहिलेको आम्दानी}}{\text{पहिलेको आम्दानी}} \times १००$$

$$= \frac{११००००-२६००००}{२६००००} \times १००$$

$$= ३२३.०७\%$$

त्यसैले व्यक्तिगत वार्षिक खर्च ३२३.०७% वृद्धि रहेको पाइयो ।

## ४.१२ वैदेशिक रोजगारमा जानु अघि र पछिको आम्दानी, खर्च तथा वचतको तुलना (Income, Expenditure and Saving before and after going to foreign Employment)

नमूना छनोटमा परेका अभिभावहरूले वैदेशिक रोजगारीबाट प्राप्त गरेको विप्रेषण नै वार्षिक आम्दानी हो । उक्त आम्दानीलाई आधारभूत आवश्यक परिपूर्तिको लागि खर्च गर्ने गर्दछन् । यसरी प्राप्त गरेको आम्दानीलाई उपभोगमा खर्च गरी बाँकी बचेको रकम बचत गर्ने गरेको पाइन्छ । वैदेशिक रोजगारमा जानु अघि र गएपछिको आम्दानी, खर्च तथा बचतलाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.१८**

**वैदेशिक रोजगारीमा जानु अगाडि र पछिको आम्दानी, खर्च तथा बचतको तुलना**

| क्र.सं. | विवरण | पहिले (२०६९) | अहिले (२०७२) |
|---|---|---|---|
| १ | आम्दानी | १२४,००,०००/- | ८,२१,८०,०००/- |
| २ | खर्च | ५५,६०,०००/- | ४,३९,६०,०००/- |
| ३ | वचत | ६८,४०,०००/- | ३,८२,२०,०००/- |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.१८ मा वैदेशिक रोजगारमा जानुभन्दा अगाडिको आम्दानी, खर्च तथा बचतलाई देखाइएको छ । तालिका अनुसार वैदेशिक रोजगारमा जानु भन्दा अगाडि (२०७०) आम्दानी रु. १,२४,००,०००/-, खर्च रु. ५५,६०,०००/- तथा बचत रु. ६८,४०,०००/- पाइयो भने वैदेशिक रोजगारीमा गएपछि (२०७२) आम्दानी रु ८२१८००००/- खर्च रु ४,३९,६०,०००/- तथा बचत रु ३,८२,२०,०००/- देखिन्छ । यसप्रकार आम्दानीमा भएको वृद्धि सँग खर्चमा पनि क्रमशः वृद्धि भएको पाइयो ।

## ४.१३ वैदेशिक रोजगार पछिको वार्षिक बचत तथा ऋण (Annual Saving and Loan after Foreign Employment)

यस अध्ययनमा परिवारको सदस्य वैदेशिक रोजगारीमा गएपछिको घरपरिवारको बचत तथा ऋणको अवस्था देखाइएको छ । उक्त रोजगारीमा गएपछि उनीहरूको आर्थिक

अवस्थामा सुधार आएको देखिन्छ । त्यस्तै ऋण तिरेर बचत गर्न सक्ने पनि भएको देखिन्छ । त्यस्तै बचतको दर पनि बढाएको देखिन्छ । यसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१९**

**वैदेशिक रोजगारीमा गएपछिको वार्षिक बचत तथा ऋण**

| क्र.सं. | वार्षिक बचत | सङ्ख्या | ऋण | प्रतिशत |
|---|---|---|---|---|
| १ | रु १,००,०००/- सम्म २,००,०००/- | १०८ | - | ५४ |
| २ | रु २,००,०००/- देखि रु ३,००,०००/- | ६२ | - | ३१ |
| ३ | रु ३,००,०००/- देखि रु ४,००,००० | ३० | - | १५ |
| जम्मा | | २०० | - | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.१९ मा वैदेशिक रोजगारीमा गएपछिको वार्षिक बचत तथा ऋणको अवस्थालाई देखाइएको छ । तालिका अनुसार ऋण कसैको देखिन्दैन । यसको मतलब वैदेशिक रोजगारीमा गएपछिको कमाइले ऋण तिरेको देखिन्छ । तालिकामा १०८ (५४%) ले रु १,००,०००/- देखि २,००,०००/- सम्म बचत गर्ने गरेको देखिन्छ । ६२ (३१%) ले रु. २,००,०००/- देखि ५,००,०००/- सम्म बचत गर्ने गरेको देखिन्छ । त्यसैगरी ३० (१५%) ले रु ५,००,०००/- देखि ८,००,०००/- सम्म बचत गर्ने गरेको कुरा माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

## ४.१४ वैदेशिक रोजगार अघि र पछिको बचत, ऋण तथा लगानीको क्षेत्र (Saving, Loan and Investment Sector before and after Foreign Employment)

प्रस्तुत अध्ययन क्षेत्रको वैदेशिक रोजगारमा जानुभन्दा अगाडि ऋण पर्नको कारण अति न्यून आय तथा न्यून उत्पादन रहेको छ । उत्पादित अन्नले वर्षभरी खान नपुग्नु, बालबच्चालाई विद्यालयमा पढ्न पढाउनु, चाडपर्व तथा लुगा कपडाहरू किन्दा, औषधी इत्यादिको कारणले ऋण पर्ने गरेको देखिन्छ । बचत भइहाले पनि अति न्यून तथा बचतै नहुने अवस्था पनि अत्याधिक रहेको देखिन्छ ।

वैदेशिक रोजगारमि गएपछि भने उक्त घरपरिवारको आर्थिक अवस्थामा सुधार भएको देखिन्छ । ऋणमा खर्च धान्नेले पनि ऋण तिरेर बचत गर्ने गरेको देखिन्छ भने बचत गर्ने दर पनि निकै वृद्धि भएको देखिन्छ । तथापी यी मध्ये घरपरिवारले नगदी बचत भने गरेको देखिन्दैन । उक्त बचत रकमलाई कहीं न कहीं लगानी गरेको देखिन्छ । जुन कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**वैदेशिक आम्दानीको बचत तथा लगानीको क्षेत्र**

| क्र.सं. | लगानीको क्षेत्र | रकम | प्रतिशत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | जग्गा तथा घडेरी खरीद | १,३१,००,०००/- | ३४.२७ | ८० | ४० |
| २ | ब्याजमा लगानी | ५,१०,००००/- | १३.३४ | ३८ | १९ |
| ३ | व्यापार व्यवसाय | ९९,००,०००/- | २५.९ | ३२ | १६ |
| ४ | बैंकमा बचत | १,०१,२०,०००/- | २६.४७ | ५० | २५ |
| जम्मा | | ३,८२,२०,०००/- | १०० | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२० मा वैदशिक आम्दानीको बचत तथा लगानीको क्षेत्रलाई देखाएको छ । सर्वेक्षण गर्दा सबै भन्दा बढी लगानी ८० जनाले १,३१,००,००० (३४.२७%) ले लग्गा तथा घडेरी खरीदमा र सबै भन्दा कम व्याजमा लगानी ५१,००,००० (१३.३४%) भएको छ । त्यसपछि व्यापार व्यवसायमा ९९,००,००० (२५.९%) र बैंकमा वचत १,०१,२०,००० (२६.४७%) र व्यापार व्यवसायमा ९९,००,००० (२५.९%) रहेको छ ।

## ४.१५ विप्रेषण लगानी र त्यसबाट प्राप्त आम्दानी (Remittance Investment and Income Received From Remittance)

नेपालमा ५६ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्ने गरेका छन् । यसैगरी घरपरिवारले प्राप्त गर्ने औषत विप्रेषण रु ८०,४३६ पुगेको छ, जसमा बाहिरबाट प्राप्त हुने विप्रेषण अंश ८० प्रतिशत रहेको छ । विप्रेषण प्राप्त गर्ने घरपरिवारको कुल आम्दानीमा यसको अंश ३१ प्रतिशत देखिन्छ । विप्रेषणबाट प्राप्त आम्दानी धेरैजसो उपभोगमा खर्च हुने गरेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६९) । यसप्रकार अध्ययन क्षेत्रमा वैदेशिक

रोजगारबाट प्राप्त विप्रेषण कुन कुन क्षेत्रमा लगानी गरेका छन् र उक्त लगानीबाट कति आम्दानी भएको छ, सो कुरा पत्ता लगाउने प्रयास गरिएको छ । जसलाई क्रमशः देखाइएको छ ।

### ४.१५.१ विप्रेषण आयको विनियोजन (Distribution of Remittance Income)

विप्रेषणबाट प्राप्त आम्दानीलाई निम्न शीर्षकमा विनियोजन गरेको पाइयो ।

**तालिका ४.२१**

**विप्रेषण आयको विनियोजन-२०६९**

| क्र.सं. | विनियोजन शीर्षक | रकम (रु मा) | प्रतिशत |
|---|---|---|---|
| १ | उपभोग खर्च | ३,८४,००,०००/- | ६० |
| २ | उत्पादनमूलक क्षेत्रमा लगानी खर्च | १,०१,५०,०००/- | १५.८५ |
| ३ | नगद बचत | १,५४,५०,०००/- | २४.१५ |
| जम्मा | | ६,४०,००,०००/- | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२१ का अनुसार उपभोग खर्चमा वैदेशिक रोजगारपछिको कुल आय ६,४०,००,०००/- को ६० प्रतिशत र ३,८४,००,०००/- विनियोजन भएको पाइयो । यो रकम वैदेशिक रोजगार पछिको कुल खर्च रु. ४,३९,६०,०००/- बाट वैदेशिक रोजगार अघिको खर्च रु. ५५,६०,०००/- बिचको अन्तर रकम हो । त्यसैगरी उत्पादनमूलक क्षेत्र ( कृषि, घरेलु, उद्योग, व्यापार) मा रु. १,०१,५०,००० (१५.८५%) विनियोजन गरेको पाइयो र रु १,५४,५०,००० (२४.१५ %) नगद बचत गरेको पाइयो ।

### ४.१५.२ विप्रेषण लगानीको आकार (Size of Remittance Investment)

बाह्य देशमा कार्यरत नागरिकद्वारा आफ्नो देशमा प्रवाह हुने पूँजी, नगद वा वित्त नै विप्रेषण हो । धेरै जसो घरपरिवारहरूको वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण विभिन्न क्षेत्रहरूमा लगानी गरेका गर्ने गरेको पाइन्छ । विप्रेषण लगानीको अवस्थालाई बुझ्न विप्रेषण लगानीको आकारलाई हेर्नु पर्दछ । जसलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका ४.२२

## विप्रेषण लगानीको आकार-२०६९

| क्र.सं. | लगानीको क्षेत्र | रकम (रु. मा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १५,७०,०००/- | १५.५ |
| २ | घरेलु उद्योग | ५३,८०,०००/- | ४३.२ |
| ३ | व्यापार | ४२,००,०००/- | ४१.४ |
| जम्मा | | १,०१,५०,०००/- | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२२ का अनुसार विप्रेषण लगानीको क्षेत्र अन्तर्गत कृषिमा रु. १,५७,०००/- (१५.५%) लगानी गरेका पाइयो । त्यसैगरी घरेलु उद्योग अन्तर्गत रु ५३,८०,०००/- (४३.२%) र व्यापार अन्तर्गत ४२,००,०००/- (४१.४%) रहेको देखिन्छ ।

### ४.१५.३ विप्रेषण लगानीबाट प्राप्त तहगत आम्दानी (Levelwise Income from Remittance Investment)

मानिसहरूको आम्दानीमा वृद्धि गर्नका लागि नै लागत लाभको विश्लेषणगरी लगानी गर्ने गर्दछ । परिवारका सदस्यले प्राप्त गरेका विप्रेषण विभिन्न क्षेत्रहरूमा लगानी गरेका हुन्छन् । ति लगानीबाट प्राप्त आम्दानी नै तहगत आम्दानी हो । नमूना छनोटमा परेका २०० घरपरिवारले प्राप्त गरेको विप्रेषण लगानी गरी निश्चित आम्दानी प्राप्त गरेका छन् । जसलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका ४.२३

## तहगत आम्दानी-२०६९

| क्र.सं. | आम्दानी (रु. मा) | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४०,०००/ देखि ८०,०००/- सम्म | १३२ | ६६ |
| २ | ८०,०००/ देखि १,००,०००/ सम्म | ४४ | २२ |
| ३ | १,००,०००/- देखि १,२०,०००/ सम्म | २४ | १२ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२३ का अनुसार रु ४०,०००/- देखि ८०,०००/- सम्म आम्दानी गर्ने घरपरिवार १३२ (६६%), रु ८०,०००/- देखि १,००,०००/- सम्म आम्दानी गर्ने घरपरिवार ४४ (२२%) त्यसैगरी रु १,००,०००/- देखि १,२०,०००/- सम्म आम्दानी गर्ने घरपरिवार २४ (१२%) रहेका देखिन्छ ।

### ४.१५.४ विप्रेषण लगानीबाट प्राप्त क्षेत्रगत आम्दानी (Sectorial Income from Remittance Investment)

अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट आफ्ना परिवारका सदस्यले पठाएको विप्रेषण धेरै जसो गरगहना, घरजग्गामा खर्च र बैंकमा बचत गर्ने गरेको पाइएको छ र बाँकी रहेको रकमलाई मात्र कृषि (तरकारी खेती, बाखा पालन, बंगुर पालन), व्यापार, घरेलु, उद्योग ब्याजमा लगानी गरेका छन् । जसबाट उनीहरूको आम्दानीमा थप बढोत्तरी भएको छ । नमूना छनोटमा परेका घरपरिवारकाले विप्रेषण लगानीबाट प्राप्त क्षेत्रगत आम्दानीलाई निम्मानुसार देखाइएको छ ।

**तालिका ४.२४**

**विप्रेषण लगानीबाट प्राप्त क्षेत्रगत आम्दानी-२०६९**

| क्र.सं. | आम्दानी स्रोतहरू | लगानी | आम्दानी (रु. मा) | प्रतिफल | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | १५,७०,०००/- | १८,००,०००/- | २,३०,०००/- | २८.५३ |
| २ | व्यापार | ४२,००,०००/- | ४३,७६,०००/- | १,७६,०००/- | २१.८४ |
| ३ | घरेलू उद्योग | ४३,८०,०००/- | ४७,८०,०००/- | ४,००,०००/- | ४९.६३ |
| जम्मा | | १,०१,५०,०००/- | १,०९,५६,०००/- | ८,०६,०००/- | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिकामा विप्रेषण लगानीबाट प्राप्त आम्दानीलाई देखाएको छ । तालिका अनुसार सबैभन्दा बढी प्रतिफल घरेलु उद्योगमा रु ४,००,००० (४९.६३%) देखिएको छ भने सबैभन्दा कम प्रतिफल व्यापारमा १,७६,००० (२१.८४%) देखिएको छ । उत्पादन शिल क्षेत्रमा रु १,०१,५०,०००/- लगानी गर्दा रु १,०९,५६,०००/- आम्दानी गरेको देखिन्छ । यहँ लगानी र त्यसबाट प्राप्त आम्दानि तुलना गर्दा ८,०६,००० को अन्तर देखिन्छ ।

### ४.१५.५ विप्रेषण लगानीबाट प्राप्त हुने अवसर आम्दानी (Opportunity Income from Remittance Investment)

सामान्यतया अवसर आय भन्नाले त्यागिएको आयलाई बुझिन्छ । मानिसहरूले जुन क्षेत्र वा वस्तुलाई बढी आय प्राप्त गर्दछ, त्यही वस्तु तथा क्षेत्रमा लगानी गर्दछ । तुलनात्मक रूपमा कम आय हुने क्षेत्रमा लगानी गर्न चाहादैनन । बैंकहरूले दिन वार्षिक ब्याज अन्तर्गत सानिमा बैंक (५.५%), लक्ष्मी बैंक (५.५%), मेघा बैंक (६%), नेपाल बंक लिमिटेड (५%), राष्ट्रिय वाणिज्य बैंक (४%) हरूको औषत वार्षिक ब्याज दर (५.२%) ले लगानी गर्दा प्राप्त हुने आम्दानी निम्नानुसार देखिन्छ (राष्ट्र बैंक, २०७२) ।

**तालिका ४.२५**

**विप्रेषण लगानीबाट प्राप्त हुने अवसर आम्दानी-२०६९**

| लगानी रकम (रु. मा) | ब्याजदर (प्रतिशतमा) | वार्षिक आय (रु. मा) |
|---|---|---|
| १,०१,५०,००० | ६ | ६०,९०० |
| १,०१,५०,००० | ५.५ | ५,५८,२५० |
| १,०१,५०,००० | ५ | ५,०७,५०० |
| १,०१,५०,००० | ४ | ४,०६,००० |
| औषत अवसर आम्दानी | ५.१३% | ५,२०,१८७.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.२५ मा विप्रेषण लगानीबाट प्राप्त अवसर आम्दानीलाई देखाइएको छ । विभिन्न बैंकका ब्याजदरलाई हेर्दा मेघा बैंकले सबैभन्दा बढी वार्षिक ब्याजदर ६ प्रतिशत निर्धारण गरेकाले विप्रेषण लगानीबाट प्राप्त आम्दानी रु १,०१,५०,००० लाई मेघा बैंकमा बचत गर्दा वार्षिक आम्दानी रु ६,०९,०००/- गर्न सक्छन् त्यसैले कुल २०० घरपरिवारको अवसर आय रु. ६,०९,००० देखिन्छ ।

### ४.१५.६ उत्पादनशील क्षेत्रबाट प्राप्त आम्दानी र ब्याज लगानीबाट प्राप्त आम्दानीको तुलना (Comperative between Income of Productive Sector & Income of Investment Interest)

विप्रेषणबाट प्राप्त आम्दानी रु १,०१,५०,०००/- उत्पादनशील क्षेत्रमा लगानी गर्दा त्यसबाट रु १,०९,५६,०००/- बराबरको आम्दानी देखिन्छ । यहाँ आम्दानी रकम लगानी गरेको रकमभन्दा ८,०६,०००/- बढी देखिन्छ भने त्यही रकम रु १,०१,५०,०००/- लाई सबैभन्दा बढी ब्याजदर वार्षिक (६%) दिने मेघा बैंकमा बचत गर्दा जसबाट वार्षिक ६,०९,०००/- आम्दानी हुने देखिन्छ । यस अध्ययनबाट बैंक बचतलाई प्राप्त हुने आम्दानी भन्दा उत्पादनशील क्षेत्रमा गरेको लगानीबाट प्रापत हुने आम्दानी १,९७,०००/- ले बढी देखिन्छ ।

त्यसैले बैंकमा वचत गर्दा भन्दा उत्पादनशील क्षेत्रमा गरिएको लगानीबाट बढी आम्दानी प्राप्त भएको छ । बैंकमा वचत गर्दा आम्दानी वृद्धिदर ६% रहेको छ भने उत्पादनशिल क्षेत्रमा लगानी गर्दा ७९.४% वृद्धिदर $\left(\frac{१०९५६००-१०१५००००}{१०१५००००}\times १००\right)$ देखिएको छ ।

### ४.१६ वैदेशिक रोजगारमा जाने कारणहरू (Causes of Foreign Employment)

वैदेशिक रोजगारीको निम्ति नेपालबाट वर्षेनी विदेशी जानको सङ्ख्या वृद्धि भइरहेको छ । विशेषगरी Pull र Push Factor को कारणले वैदेशिक रोजगारमा जाने गर्दछन् । Pull Factor अन्तर्गत विदेशमा रोजगारको अवसर राम्रो हुनु, शिक्षा आदि पर्दछन् । त्यसैगरी Push Factor अन्तर्गत गरिबी, रोजगारको अवसर नहुनु, प्रतिकुल व्यापार आदि पर्दछ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमि जानुपर्ने कारण के के हुन भनेर अभिभावक तथा वैदेशिक रोजगारमि सहभागी युवायुवतीहरूलाई छुट्टछुट्टै प्रश्नावली तयार पारी अन्तर्वार्ता लिइएको थियो । जसलाई निम्नानुसार व्याख्या गरिएको छ ।

#### १. रोजगारीको अवसर कम हुनु (Low Opportunity of Employment)

वैदेशिक रोजगारीमा जान सरकारले युवालाई अप्रत्यक्ष रूपमा बाध्य पारिएको छ । वैदेशिक रोजगारीमा जाने युवाहरूलाई स्वदेशमै रोजगारीका अवसरहरू सृजना गर्नुपर्छ भन्ने

कुरामा सरकार मौन देखिएको छ । राजनीतिक अस्थिरता, असुरक्षा, उर्जा संकट जस्ता कारणले ठूला लगानी आउन सकिरहेको छैन । जसबाट ठूला उद्योगहरू स्थापना हुन सकेका छैनन, भएका उद्योगहरू पनि धमाधम बन्द भइरहेको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा सहभागी मध्ये ३०.४ प्रतिशतले वैदेशिक रोजगार जानुको कारणमा रोजगारीमा अवसर कम भएको बताएका थिए ।

## २. सूचना तथा सञ्चारको प्रभाव (Impact of Communication)

आधुनिक सञ्चार क्षेत्रको तिब्र विकासले विश्वलाई एउटा गाउँमा सीमित पारे सँगै पश्चिमी शैलीको भोग विलास रहन सहन गर्दा सिको बढीरहेको छ । बढ्दो आपसी प्रतिस्पर्धाको भन्दा को कम भन्ने भावनाले गर्दा पनि खर्चलु प्रवृत्ति बढिरहेको छ । महँगो पैसा तिरेर निजी विद्यालयमा पढाउँदा त्यहाँ इज्जत हुन्छ र शिक्षाको गुणस्तर पनि हुन्छ भन्ने मान्यता बढेको छ। त्यसै कसले महँगा गहनाहरू लगाएको छ ? महँगा फर्निचर, गाडी, घर इत्यादीको भोग विलासीताको कारण तिनीहरू प्राप्त गर्नको लागि वैदेशिक रोजगारीमा सहभागी मध्ये ९.९ प्रतिशतले वैदेशिक रोजगारमा जानुको कारणमा सूचना तथा सञ्चार भएको बताएका थिए ।

## ३. गुणस्तरीय शिक्षाको अभाव (Lack of Quality Education)

वर्तमान अवस्थामा नेपालको शैक्षिक प्रणाली व्यवसायिक, व्यवहारिक, जिवन निर्वामुखी नभएको कारण श्रम बजारमा काम लाग्न सकेको छैन । शिक्षा प्रणालीमा माग र पूर्ति बीच सन्तुलन आउन सकिरहेको छैन । किनभने अन्तर्राष्ट्रिय श्रम बजाजरमा प्राविधिक जनशक्तिको माग ज्यादा रहेको छ तर त्यो किसिमको जनशक्ति उत्पादन नगरी खाली सैद्धान्तिक ज्ञान प्रदान गर्ने थलोको रूपमा शैक्षिक संस्था देखिएको छ । वैदेशिक रोजगारीमा सहभागी मध्ये १८.८ प्रतिशतले वैदेशिक रोजगारमा जानुको कारणमा गुणस्तरीय शिक्षाको अभाव भएको बताएका थिए ।

## ५. परम्परागत कृषि प्रणाली (Traditional Agriculture System)

वर्तमान कृषि प्रणाली पनि बेरोजगार उत्पादन गर्ने केन्द्र बनेको छ । कृषि प्रणालीमा हाल पनि काम गर्ने तथा उत्पादन प्रक्रिया परम्परागत नै रहेको छ । जसले गर्दा उत्पादन

बढाउन सकिरहेको छैन । उत्पादित खाद्यान्नले हालको जनसङ्ख्यालाई धान्न सकेको छैन । यस कारणले पनि आम्दानीको अन्य विकल्पको खोजी गर्दा वैदेशिक रोजगार सजिलो माध्यम भएको देखिन्छ । वैदेशिक रोजगारीमा सहभागी मध्ये १६.० प्रतिशतले वैदेशिक रोजगारमा जानुको कारणमा परम्परागत कृषि प्रणाली रहेको बताएका थिए ।

## ५. न्यून तलब (Low Salary)

नेपालमा प्राप्त गर्ने काम तलबको कारणले पनि वैदेशिक रोजगामा जान प्रोत्साहित हुने गरेको छ । विदेशमा यहाँको तुलनामा आकर्षक तलब तथा सुविधा पनि राम्रो पाइने हुनाले वैदेशिक रोजगारमा जानेको सङ्ख्या प्रत्यक वर्ष बढिरहेको देखिन्छ । त्यसैगरी कमजोर आर्थिक अवस्था सुधार गर्न, साहुको ऋण तिर्न, स्वदेशमा रोजगार नपाएर तथा धेरै पैसा कमाएर सुरक्षित जीवनयापन गर्नको लागि पनि वैदेशिक रोजगारमा जाने बढेको देखिन्छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा सहभागी मध्ये २४.९ प्रतिशतले वैदेशिक रोजगारमा जानुको काणमा न्यून तलब भएको बताएका थिए ।


**तालिका ४.२६**

**वैदेशिक रोजगारीमा जानुको कारण-२०६९**

| क्र.सं. | विवरण | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रोजगारीको अवसर कम हुनु | ११० | ३०.४ |
| २ | गुणस्तरीय शिक्षाको अभाव | ६८ | १८.८ |
| ३ | परम्परागत कृषि प्रणाली | ४८ | १६.० |
| ४ | सूचना तथा सञ्चारको प्रभाव | ३६ | ९.९ |
| ५ | न्यून तलब | ९० | २४.९ |

तालिका ४.२६ का अनुसार वैदेशिक रोजगार जानका कारण सर्वेक्षण गर्दा वैदेशिक रोजगारमा सहभागी भएका युवायुवती, उक्त वैदेशिक रोजगामा सहभागी भएका युवा तथा युवतीहरूको अभिभावक माझ सर्वेक्षण गरी यो निष्कर्ष निकालिएको छ । जसलाई वृत्तचित्रद्वारा पनि देखाइएको छ ।

वृत्तचित्र ५.१
वैदेशिक रोजगारीमा जानुको कारण




## ४.१७ नमूना छनोट घरपरिवारको पारिवारिक शैक्षिक अवस्था (Family Educational Status of Sampled Households)

शिक्षा व्यक्तिको विकास तथा आर्थिक, सामाजिक रूपान्तरणको प्रमुख माध्यम हो । शिक्षाबाट नै मानिसले आफ्नो व्यक्तित्व विकास गर्दछ । शिक्षा प्राप्त गरेपछि मानिसको व्यवहारमा सकारात्मक परिवर्तन देखापर्दछन् । वास्तवमा शिक्षाले मानिसलाई सत्मार्ग तर्फ दोऱ्याई सुख, सम्पन्न र ऐश्वर्य प्रदान गर्दछ । शिक्षाले मानिसको सर्वाङ्गीण पक्षको विकास गराई जीवन सरल, सभ्य तथा अर्थपूर्ण बनाउँदछ । त्यसकारण मानिसको जीवनमा शिक्षा अपरिहकार्य वस्तु हो । जीवनमा विशिष्ट र महिमामय भूमिका हुने हुँदा यसलाई ग्रहण गर्नु ठूलो बुद्धिमानी मानिन्छ ।

### ४.१७.१ वैदेशिक रोजगारीमा सहभागीको शैक्षिक अवस्था (Educational Status of Participator in Foreign Employment)

कुनैपनि कार्य सम्पन्न गर्नको लागि शिक्षाको अपर्याप्ततामा पूर्ण हुन सक्दैन । आधुनिक प्रविधिको विकास र विस्तार शिक्षाकै उपज हुने । वैदेशिक रोजगारमिा जानको लागि शिक्षा अति नै आवश्यक त वका रूपमा देखा परेको छ । विदेशमा प्राप्त गर्ने ज्यालाको दर पनि शिक्षाको गुणस्तरमा भर पर्दछ । जो व्यक्तिको प्राविधिक शिक्षा प्राप्त गरेको छ भने अन्यको तुलनामा उसको आम्दानी ज्यादा हुने गरेको पाइन्छ । यहाँ वैदेशिक रोजगारीमा जाने कामदारको शैक्षिक अवस्था निम्नानुसार देखाइएको छ ।

### तालिका ४.२७

### वैदेशिक रोजगारीममा सहभागीको शैक्षिक अवस्था-२०६९

| क्र.सं. | शैक्षिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | – | – | – | – |
| २ | प्रा.वि. | १ | ५१ | ५२ | ३६ |
| ३ | नि.मा.वि. | १ | २४ | २५ | १२.५ |
| ४ | मा.वि. | १ | ९८ | ९९ | ४९.५ |
| ५ | उच्च शिक्षा | २ | २२ | २४ | १२ |
| जम्मा | | ५ | १९५ | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२७ का अनुसार वैदेशिक रोजगारमा जानेहरूमा निरक्षर कोही पनि देखिदैन । प्रा.वि. सम्म अध्ययन गर्ने महिला १ र पुरुष ५१ गरी जम्मा ५२ (२६%) जना, नि.मा.वि सम्म अध्ययन गर्ने महिला १ र पुरुष २४ गरी जम्मा २५ (१२.५%) जना, मा.वि. सम्म अध्ययन गर्ने महिला १ र पुरुष ९८ (४९.५%) जना र उच्च शिक्षा सम्म अध्ययन गर्ने महिला २ र पुरुष २२ गरी जम्मा २४ (१२%) रहेको देखिन्छ ।

### ४.१७.२ नमूना छनौट अभिभावकको शैक्षिक अवस्था (Educational Status of Sampled Family Head)

यस अध्ययनमा वैदेशिक रोजगारमिा सहभागी हुने अभिभावकहरूको (मुख्य उत्तरदाता) शैक्षिक अवस्थालाई देखाउन खोजिएको छ । नमूना छनोटमा परेका घरमूलीको शैक्षिक अवस्था अध्ययन गर्दा निरक्षर तथा साक्षर अन्तर्गत प्रा.वि. देखि उच्च शिक्षा सम्म अध्ययन गरेको पाइयो । जसलाई तलको तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका ४.२८**

**अभिभावकको शैक्षिक अवस्था-२०६९**

| क.सं. | शैक्षिक स्थिति | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | निरक्षर | ४० | ३१.७ | २० | २७ | ६० | ३० |
| २ | प्रा.वि. | २५ | १९.८ | १९ | २५.६ | ४४ | २२ |
| ३ | नि.मा.वि. | ३५ | २७.७ | १८ | २४.३ | ५३ | २६.५ |
| ४ | मा.वि. | २६ | २०.६ | १७ | २२.९ | ४३ | २१.५ |
| जम्मा | | १२६ | १०० | ७४ | १०० | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२८ का अनुसार नमूना छनोटमा परेका घरपरिवारको शैक्षिक स्थितिलाई देखाइएको छ । तालिकामा निरक्षर पुरुष ४० (३१.७%) र महिला २० (२७%) गरी जम्मा ६० (३०%) रहेका छन् । प्रा.वि. सम्म अध्ययन गर्ने पुरुष २५ (१९.८%) र महिला १९ (२५.६%) गरी जम्मा ४४ (२२%) जना, नि.वि.स. सम्म अध्ययन गर्ने पुरुष ३५ (२७.७%) र महिला १८ (२४.३%) गरी जम्मा ५३ (२६.५%) जना, मा.वि. सम्म अध्ययन गर्ने पुरुष २६ .२०.६%) र महिला १७ (२२.९%) गरी जम्मा ४३ (२१.५%) जना रहेको देखिन्छ ।

## ४.१७.३ नमूना छनौट घरपरिवारको शैक्षिक अवस्था (Educational Status of Sampled Family Members)

यस अध्ययनमा नमूना छनौटमा परेका घरपरिवारको शैक्षिक अवस्थालाई देखाइएको छ । नमूना छनोटमा परेका घरपरिवारको शैक्षिक अवस्थालाई निरक्षर, साक्षर, प्रा.वि., नि.मावि., मा.वि र उच्च शिक्षा गरी छुट्याइएको छ ।

**तालिका ४.२९**

**पारिवारिक शैक्षिक अवस्था २०६९**

| क्र.स. | शैक्षिक स्थिति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | ९१ | १३४ | २२५ | २०.४५ |
| २ | साक्षर | ८७ | ११६ | २०३ | १८.४५ |
| ३ | प्रा.वि. | १२० | १११ | २३१ | २१ |
| ४ | नि.मा.वि. | ११३ | ९३ | २०६ | १८.७३ |
| ५ | मा.वि. | ८९ | ५१ | १४० | १२.७३ |
| ६ | उच्च शिक्षा | ६१ | ३४ | ९५ | ८.६४ |
| जम्मा | | ५६१ | ५३९ | ११०० | १०० |

तालिका नं. ४.२९ नमूना छनोटमा परेका परिवारको शैक्षिक अवस्था देखाइएको छ । जसमा औषत पारिवारिक सङ्ख्या ५.५ भएकोले साथै परिवार सङ्ख्याले २०० गुणन (५.५×२००□११००) गर्दा जम्मा जनसङ्ख्या ११०० हुन आउँछ । यसमा पुरुषको जनसङ्ख्या ५६१ र महिलाको जनसङ्ख्या ५३९ रहेको छ । यही पुरुषको तुलनामा महिलाको निरक्षर जनसङ्ख्या बढी रहेको देखिन्छ । यहाँ सबैभन्दा बढी २२५ (२०.४५%) निरक्षर जनसङ्ख्या रहेको देखिन्छ भने सबै भन्दा कम ९५ (८.६%) उच्च शिक्षा हासिल गर्ने जनसङ्ख्या रहेको देखिन्छ ।

### ४.१७.४ बालबालिकाको शैक्षिक अवस्था (Educational Status of Children)

यस अध्ययनमा वैदेशिक रोजगारीमा सहभागी हुनेहरूको बालबालिकाहरूको शैक्षिक अवस्थालाई देखाउन खोजिएको छ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि र वैदेशिक रोजगारीमा गएपछि उनीहरूको बालबालिकाहरूमा के कस्ता परिवर्तन देखा परेको छ भन्ने अवस्थालाई तालिकामा देहायबमोजिम देखाइएको छ ।

**तालिका ४.३०**

**वैदेशिक रोजगार अघि र पछिको बालबालिकाहरूको शैक्षिक अवस्था-२०६९**

| तह | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | सरकारी | निजी | सरकारी | निजी |
| प्रा.वि. | ३२ | १० | १० | ३६ |
| नि.मा.वि. | ३० | १२ | १२ | ४० |
| मा.वि. | २४ | १४ | १० | २६ |
| +2 | - | २ | - | २० |
| स्नातक | ८ | - | ८ | - |
| जम्मा | ९४ | ३८ | ४४ | १२२ |
| कुल पहिलेको विद्यार्थी सङ्ख्या ⬜ १३२<br>कुल अहिलेको विद्यार्थी सङ्ख्या ⬜ १६६ | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३० मा वैदशिक रोजगारीमा जानुभन्दा अगाडिको र वैदेशिक रोजगारीमा गएपछिको उनीहरको बालबालिकाको शैक्षिक अवस्थालाई देखाइएको छ । उक्त रोजगारीमा जानु भन्दा अगाडि उनीहरूको बालबालिका कुल १३२ जना रहेको देखिन्छ । जसमध्ये ८ जना स्नातक तह अध्ययन गरिरहेको देखिन्छ । त्यसैगरी २ जना निजी प्रवीणता तह अध्ययन गरिरहेको देखिन्छ । त्यसैगरी २४ जना सरकारी १४ जना निजी, ३० जना सरकारी र १२ जना निजी क्रमशः मा.वि. र नि.मा.वि. अध्ययन गरिरहेको देखिन्छ भने प्रा.वि. ३२ सरकारी र १० जना विद्यालयमा पढने गरेको देखिन्छ । यसरी समग्रमा वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि ३८ जना मात्र निजी विद्यालयमा पढेको देखिन्छ । बाँकी सबै सरकारी विद्यालयमा पढेको देखिन्छ ।

वैदेशिक रोजगारीमा गएपछि भने उनीहरूको बालबालिकाहरू सरकारी विद्यालयमा भन्दा निजी विद्यालयमा पढेको देखिन्छ । तालिकामा प्रा.वि.मा १० जनाले सरकारी विद्यालयमा पढेको देखिन्छ ने ३६ जनाले निजी विद्यालयमा विद्यालयम अध्ययन गरेको देखिन्छ । त्यसैगरी नि.मा.वि. मा १२ जनाले सरकारी विद्यालयमा पढेको देखिनछ भने ४० जनाले निजी विद्यालयमा अध्ययन गरेको देखिन्छ । त्यसैगरी मा.वि. मा १० सरकारी विद्यालयमा अध्ययन गरेको देखिन्छ भने २६ निजी विद्यालयमा अध्ययन गरेको देखिन्छ ।

त्यसैगरी प्रवीणता तहमा २० जनाले निजीमा अध्ययन गरेको देखिन्छ भने स्नातक तहमा भने सरकारीमा ८ जनाले अध्ययन गरेको देखिन्छ ।

माथिको तथ्याङ्कको हेर्दा वैदेशिक रोजगारीमा नजाँदाको अवस्थामा आफ्ना बालबालिकालाई सरकारी विद्यालयमा पढाउने गरेको देखिन्छ । निजी विद्यालयमा भने अति कम मात्रामा पढाउने गरेको देखिन्छ तर वैदेशिक रोजगारीमा गएपछि भने निजी विद्यालयमा पढाउने गरेको देखिन्छ ।

## ४.१८ आर्थिक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभाव (Economic Impact in Educational Sector)

बढ्दो विश्वव्यापीकरणसँगै शिक्षामा आधुनीकरण हुँदै गएकाले शिक्षा पनि सामान्य मानिसको पहुँच भन्दा टाढा हुँदै गएको यर्थाथता हो । सरकारी विद्यालयमा पढाइको गुणस्तर नभएको तथा सरकारी विद्यालयमा पढाउँदा आफ्नो सन्तानले अङ्ग्रेजी नजान्ने भन्ने मानसिकताले महँगो पैसा तिरेर निजी विद्यालयहरूमा आफ्ना बालबालिकाहरूलाई पढाउने गरेको पाइन्छ । साथै विद्यालयमा पनि समय समयमा गएर आफ्ना बालबालिकाहरूको नतिजाको जानकारी लिने तथा थप सुधार गर्न परामर्श गर्ने गरेको पनि पाइन्छ । त्यसैले गर्दा वैदेशिक रोजगारी रहँदा शैक्षिक लगानीमा वृद्धि गरेको हुँदा वैदेशिक रोजगारीबाट फर्के पछि पनि उक्त लगानी यथावत छ ? अथवा घटाएको छ ? जुन कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३१**

**वैदेशिक रोजगारीबाट शैक्षिक लगानीमा भएको परिवर्तन**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षामा लगानी बढाएको छ | १४९ | ७४.५ |
| २ | कुनै परिवर्तन गरिएको छैन | ५१ | २५.५ |
| ३ | शिक्षामा लगानी घटाएको छ | – | – |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३१ मा वैदेशिक रोजगारीबाट फर्किपछि पनि उनीहरूको पहिले देखि लगानी गरिरहेको शैक्षिकक लगानीमा के कस्तो परिवर्तन भएको छ । उक्त कुराहरूलाई देखाउन खोजिएको छ। तालिका अनुसार शिक्षामा लगानी बढाउने १४९ (७४.६%) देखिएको छ । भने कुनै पनि परिवर्तन गरिएको छैन अर्थात् पहिले गरेको भन्दा थपघट केही पनि गरिएको छैन भन्नेमा ५१ (२५.५%) रहेको छ । त्यसैगरी शिक्षामा लगानी घटाउने सङ्ख्या भेटिएन ।

## ४.१९ आर्थिक तथा शैक्षिक अवस्थाको तुलना (Comparison of Economic and Educational Status)

अध्ययन क्षेत्रको वैदेशिक रोजगारमा जानुभन्दा अगाडि तथा पछाडिको आर्थिक तथा शैक्षिक अवस्था हेर्दा अधिकांश बालबालिकालाई उक्त रोजगारीमा सहभागी हुनुपूर्व सरकारी विद्यालयमा अध्ययन गराएको देखिन्छ । तर वैदेशिक रोजगारीमा सहभागी भएपछि उनीहरूको आर्थिक अवस्थामा पनि सुधार आएको देखिन्छ । साथै उनीहरूको बालबालिकाहरू निजी विद्यालयमा अध्ययन गर्नेको सङ्ख्या पनि उल्लेख्य मात्रामा वृद्धि भएको देखिन्छ। आर्थिक तथा शैक्षिक अवस्थाको तुलनालाई निम्नानुसार देखाइएको छ।

**तालिका ४.३२**

**आर्थिक र शैक्षिक अवस्थाको तुलना-२०६९**

| आर्थिक | | शैक्षिक | | | |
|---|---|---|---|---|---|
| पहिले | अहिले | पहिले | | अहिले | |
| | | बालबालिका सङ्ख्या | | बालबालिका सङ्ख्या | |
| वार्षिक आम्दानी | वार्षिक आम्दानी | सरकारी | निजी | सरकारी | निजी |
| रु ५०,०००/- सम्म | रु ३,००,०००/- सम्म | ३८ | १४ | २० | ४८ |
| रु ५०,०००/ देखि रु ९०,०००/- | रु ३,००,०००/- देखि ५,००,००० सम्म | २२ | ६ | १४ | ५२ |
| रु ९०,०००/ देखि रु १,००,०००/- | रु ५,००,०००/- देखि ६,००,००० सम्म | २० | ४ | १० | २८ |
| जम्मा | | ८० | २४ | ४४ | १२८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.३२ का अनुसार वैदेशिक रोजगारमा जानुभन्दा पहिला वार्षिक आम्दानी क्रमशः रु ५०,०००/- आम्दानी हुनेको बालबालिकाहरू मध्ये ३८ जना सरकारी र १४ जना निजी, रु ५०,०००/- देखि रु ९०,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये २२ जना सरकारी र ६ निजी त्यसैगरी रु ९०,०००/- देखि रु १,३०,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये २० जना सरकारी र ४ जना निजी विद्यालयमा अध्ययन गरिरहेका थिए । वैदेशिक रोजगार पछि वार्षिक आम्दानी क्रमशः रु ३,००,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये २० जना सरकारी र ४८ जना निजी, रु ३,००,०००/- देखि रु ५,००,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये १४ जना सरहकारी र ५२ जना निजी त्यसैगरी रु ५,००,०००/- देखि रु ६,००,०००/- सम्म आम्दानी हुनेको बालबालिकाहरू मध्ये १० जना सरकारी र २८ जना निजीमा अध्ययन गरिरहेको देखिन्छ ।

## ४.२० विदेशमा काम गर्ने क्षेत्र (Income Resource of Foreign Employment)

अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीको निम्ति गएका परिवारको सदस्यहरू विभिन्न क्षेत्रमा काम गर्ने गरेका छन् । जसलाई यस अध्ययनमा देखाउन खोजिएको छ । उक्त रोजगारीमा सहभागीहरूले गरेका कामको विवरणलाई देहायबमोजिम देखाइएको छ ।

**तालिका ४.३३**

**विदेशमा काम गर्ने क्षेत्र**

| क्र.सं. | कामको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | श्रमिक (Labour) | ४० | २० |
| २. | सुरक्षा गार्ड (Security Guard) | २२ | ११ |
| ३. | चालक (Driver) | १० | ५ |
| ४. | पाइस मिस्त्री (Driver) | २२ | ११ |
| ५. | विक्रेता (Salesman) | ८ | ४ |
| ६. | घरेलु कामदार (Housekeeping) | १४ | ७ |
| ७. | प्राविधिक (Production Operator) | २८ | १४ |
| ८. | (Scaffolder) | ३६ | १८ |
| ९. | डकर्मी (Carpenter) | २० | १० |
| | जम्मा | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३३ मा वैदेशिक रोजगारीको आम्दानीको स्रोतलाई देखाइएको छ । यस अनुसार Labour मा ४० (२०%) ले काम गरेको देखिन्छ । त्यसैगरी Security Guard २२ (११%), Driver १० (५%), Plumber २२ (११%), Salesman ८ (४%), House keeping १४ (७%), Production Operator २८ (१४), Scaffolder ३६ (१८%), Carpenter २० (१०%) ले काम गरेको देखिन्छ ।

## ४.२१ वैदेशिक रोजगारमा जानु भन्दा अघि र रोजगारीमा रहँदा सिकेको सीपको अवस्था र नेपालमा प्रयोग (Condition of Skill before and Foreign Employment and Its Application in Nepal)

वैदेशिक रोजगारीमा समावेश हुनको लागि सर्वप्रथम आफूले गर्नुपर्ने काम सम्बन्धी सीप सिक्नु आफै सुरक्षित हुनु हो । यसरी सीप सिकेपछि रोजगारदाताले जिम्मा दिएको काम सरल र सहजरूपमा काम गर्न सकिन्छ साथै आम्दानी पनि राम्रो हुन्छ । त्यस्तै वैदेशिक रोजगारमा रहँदा सिकेको सीप नेपालमा आएर प्रयोग गरियो भने थप आय आर्जनमा मद्दत गर्दछ साथै आफूले सीकेको सीप अन्य बेरोजगार युवाहरूलाई सिकाएर स्वालवम्बन बनाउन समेत सहयोग पुग्दछ ।

**तालिका ४.३४**

**वैदेशिक रोजगारीमा जानुभन्दा अघि र रोजगारीमा रहँदा सिकेको सीप र नेपालमा प्रयोग**

| विवरण | | जम्मा | प्रतिशत |
|---|---|---|---|
| वैदेशिक रोजगारमा जानुभन्दा अगाडि सिकेको सीपमको अवस्था | सिके | १७ | २७.४ |
| | सिकिन | ४५ | ७२.६ |
| | जम्मा | ६२ | १०० |
| वैदेशिक रोजगारमा लिएको सीप नेपालमा प्रयोग | प्रयोग गरे | १४ | १८.४ |
| | प्रयोग गरिन | ६२ | ८१.६ |
| | जम्मा | ७६ | १०० |
| वैदेशिक रोजगारमा सिकेको सीप प्रयोग नगरेको कारण | मन नलागेर | ८ | १२.९ |
| | कच्चा पदार्थ नपाएर | १८ | २९ |
| | प्रयोग गर्ने ठाउँ नभएर | ३६ | ५८.१ |
| | जम्मा | ६२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३४ अनुसार वैदेशिक रोजगामा जानुभन्दा अगाडि सीप सिक्ने जम्मा १७ (२७.४%) र ४५ (७२.६%) ले नसिकेको देखिएको छ । त्यस्तै उक्त रोजगारीको अवस्थामा सिकेको सीप नेपालमा प्रयोग गर्ने १४ (१८.४%) देखिएको छ भने ६२ (८१.६%) प्रयोग नगरेको देखियो । उक्त सीपलाई नेपालमा प्रयोग नगर्नुको कारण कच्चा पदार्थ नपाएरमा १८ (२९%) देखिन्छ भने प्रयोग गर्ने ठाउँमा नभएमा ३६ (५८.१%) देखिन्छ ।

उपरोक्त कुराको आधारमा वैदेशिक रोजगारमा रहँदा सिकेको सीप नेपालमा प्रयोग नगर्नुको कारण विशेषतः उक्त सीपसँग सम्बन्धित कल कारखाना नभएको र उक्त सीपलाई कसरी व्यवहारिक रूपमा प्रयोग गर्ने भन्ने विषयमा ग्रामिण परिवेशमा बसोबास गर्ने युवालाई थाहा नहुने तथा खोजी नगर्ने हुँदा उक्त सीपको नेपालमा प्रयोग गर्न नसकेको देखिन्छ ।

## ४.२२ वैदेशिक रोजगारीमा जाने माध्यम (Medium of Going to Foreign Employment)

नेपाली कामदारहरू वैदेशिक रोजगारमा जाँदा विभिन्न माध्यमद्वारा गएको देखिन्छ । यसका साथै खाडी राष्ट्रहरूमा कुन काममा लागि कति रकम लाग्दछ भन्ने जानकारीको अभाले पति तिर्नुपर्ने भन्दा बढी रकम तिरेको पाइन्छ भने कतिपय अवस्थामा नेपाली कामदारहरू अशिक्षित हुने हुँदा दलालले झुक्याएर धेरै पैसा असुलेको पनि पाइन्छ । यहाँ अध्ययनमा स्थलगत सर्वेक्षणबाट निम्न अनुसारको अवस्था देखिन आएको छ ।

**तालिका ४.३५**

**वैदेशिक रोजगारमा जाँदा प्रयोग गरिएको माध्यम-२०६९**

| क्र.सं. | काम गर्न गएको माध्यम | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | दलाल | ३५ | १७.५ |
| २ | इजाजत प्राप्त संस्था | ११४ | ५७ |
| ३ | व्यक्तिगत प्रयास | ५१ | २५.५ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३५ मा वैदेशिक रोजगारमा जाँदा प्रयोग गरिएको माध्यमलाई देखाइएको छ । उक्त तालिकामा ६ (१७.५%) जनाले दलाल मार्फत् गएको देखिन्छ । इजाजत प्राप्त संस्थाबाट पहलबाट ११४ (५७.९%) जना गएको देखिन्छ । त्यस्तैगरी व्यक्तिगत प्रयासमा ५१ (२६.३%) जना गएको देखिन्छ ।

## ४.२३ वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च (Cost Payment of going to Foreigh Employment)

नेपाली कामदार वैदेशिक रोजगारीमा विभिन्न माध्यम (दलाल, व्यक्तिगत, ईजाजत प्राप्त संस्था) द्वारा जाने गर्दछ । उनीहरूको वैदेशिक रोजगारीमा निम्ती ७०,००० देखि १,३०,००० सम्म तिर्ने गरेका छन् । दलालबाट जाँदा कामदारहरू ठगिने गरेका छन् भने कपितय अवस्थामा इजाजत प्राप्त संस्थाबाट नै ठगिने गरेका गुनासो गरेका छन् । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा जाँदा कामदारले तिरेको रकमलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.३६**

**वैदेशिक रोजगारमा जाँदा लागेको खर्च-२०६९**

| क.सं. | वैदेशिक रोजगारमा जाँदा लागेको खर्च (रु. मा) | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | रु ५०,०००-७०,०००/- सम्म | २१ | १०.५ |
| २ | रु ७०,०००- रु १,००,०००/- सम्म | ९५ | ४७.५ |
| ३ | रु १,००,०००- रु १,३०,०००/- सम्म | ८४ | ४२ |
| जम्मा | | २०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३६ मा वैदेशिक रोजगारमा जाँदा लागेको खर्च देखाइएको छ । उक्त तालिकामा रु ५०,००० देखि रु ७०,००० सम्म २१ (१०.५%) खर्च व्यवहोरेको देखिन्छ । रु ७०,००० देखि रु १,००,००० सम्म ९५ (४७.५%) तथा रु १,००,००० देखि रु १,३०,००० सम्म ८४ (४२%) जनाले खर्च व्यवहोरेको देखिन्छ ।

## ४.२४ वैदेशिक रोजगारीको वर्गीकरण र देश निर्धारण (Classification of Foreing Employment and Country's Determination)

अन्तर्राष्ट्रिय श्रम बजारको मागलाई हेर्ने हो भने दक्ष जनशक्तिको माग ज्यादा रहेको पाइन्छ । सामान्यरूपमा नेपाली श्रम बजारमा उपलब्ध हुने श्रमिकहरूको वर्गीकरण गर्दा दक्ष जनशक्ति भनदा अर्धदक्ष जनशक्ति नै पाइन्छ । जसलाई देहायबमोजिम तालिकाको आधारमा वर्गीकरण गरिएको छ ।

**तालिम ४.३७**

**नेपालमा उपलब्ध हुने कामदार विवरण**

| **High Professional A** | **Technician B** | **Semi Skilled C** | **Unskilled D** |
|---|---|---|---|
| Engineer<br>Doctor,<br>Specialities,<br>Professor,<br>Teacher,<br>Geologist,<br>Minaral,<br>Specialized,<br>Charatered,<br>Accountant,<br>Banking,<br>Specialished | Junior Engineer,<br>Nurse,<br>Pharmasists,<br>Plant operator,<br>Forman,<br>Equipment operator,<br>Machanical,<br>Operator,<br>Carpenter,<br>Plumber,<br>Driver etc. | Helper of electrician,<br>Mechanics,<br>Masson,<br>Mixer pumps operators,<br>Block makers,<br>Trailor,<br>Shop assistant,<br>Gardener,<br>Loundry etc. | Labours,<br>Cleaners,<br>Sweeper,<br>Watchman,<br>Industrial Labours,<br>Airport Labour etc. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

तालिका ४.३७ मा उल्लेखित कामदारहरू सामान्यतया नेपालबाट प्राप्त गर्न सकिने भनि नेपाल सरकाले मापदण्ड बनाएको छ । जसले गर्दा विदेशी कम्पनीलाई कामदार खोज्न गाह्रो हुँदैन । माथिको तालिकामा विभाजित कामदारहरू प्रशस्त मात्रामा नपाईएता पनि केही मात्रामा भने उपलब्ध हुने गर्दछ । तालिकामा उल्लेख भएको A वर्ग भनेको अत्यन्त उच्च र दक्ष वर्ग हो । यो सानो मूल्यमा उपलब्ध हुन पनि सक्दैन । यस्तो वर्गको श्रमिक सामान्यतया उच्च विकसित मुलुकहरूमा खपत हुने गर्दछ । त्यसैगरी दोस्रो वर्गको श्रमिकहरू नेपाल जस्तो मुलुकको लागि पनि उपयोगी हुने भएकाले यसको खपत स्वदेशमै बढी हुने देखिन्छ । त्यसैगरी तेस्रो वर्गको श्रमिकहरू सामान्यतया आफै पूर्ण निर्भर भई काम

गर्न नसक्ने भएको हुँदा यो समूहमा श्रमिकहरू वैदेशिक रोजगारमा समावेश भएको दुई वर्ष पछि सीपवान श्रमिक हुन्छन् । चौथो श्रमिकहरू भनेको अत्यन्त शोषित वर्ग हो । यस्ता श्रमिकहरू न्यून खालको सीप तथा अध्ययन कम भएका मानिसहरू हुन्छन् । त्यसैगरी विकासोन्मुख देशमा उपलब्ध हुने श्रमिकहरू मध्ये सबैभन्दा यही वर्गमा पर्दछन् । यसरी माथि उल्लेखित प्रकृतिका कामदारहरू नेपालमा उपलब्ध हुने भएतापनि यस अध्ययन क्षेत्रले समेटेको देशहरू निम्न प्रकारका कामदारहरू गएको देखिन्छ ।

**तालिका ४.३८**

**वैदेशिक रोजगारमा गएको देश र कामको प्रकृति-२०६९**

| क्र.सं. | देश | सङ्ख्या | कामको प्रकिति | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | मलेशिया | ५८१६५ | Production operator, general worker, security guard | ११८२ | ५६९८३ |
| २ | कतार | ७४१३८ | Labour, carpenter, plumber, housemade | ५९० | ७४३४८ |
| ३ | साउदी अरब | ४७८२० | Driver, labour, masson, salesman | ९९ | ७७७२१ |
| ४ | दुवई | ३९९७९ | Labour, stell fixture | | २१४७१६ |
| ५ | कुवेत | २०१३२ | shop assistant sweeper | २८८० | १७७१७ |
| जम्मा | | २४०२३४ | | ७६३१ | ४२३७६८ |

स्रोत : श्रम तथा यातायात व्यवस्थापन मन्त्रालय आ.व. २०६९/७० श्रम बजार बुलेटिन ।

तालिम ४.३८ अनुसार नेपालबाट विशेष गरी सामान्य कामदार, चालक, सुरक्षा गार्ड, विक्रेता जस्ता कामको लागि वैदेशिक रोजगारीमा गएको देखिन्छ । त्यसमा महिलाहरू विशेषगरी घरयासी कामदार र बालबालिकाहरूको हेरचाह गर्ने कार्यको लागि बढी मात्रामा विदेशी गएको देखिन्छ ।

## ४.२५ वैदेशिक रोजगारीको सकारात्मक तथा नकारात्मक पक्षहरू (Positive and Negative Aspects of Foreign Employment)

नेपाली विकासोन्मुख राष्ट्रहरू मध्ये एक राष्ट्र हो । राजनीतिक अस्थिरता, असुरक्षा, उर्जासंकट जस्ता विद्यमान समस्याहरूले लगानीमैत्री वातावरण सृजना नभएकोले उद्योगभन्दा कलकारखाना जस्ता क्षेत्रको विकास हुन सकेको छैन । जसको सिधा असर

युवावर्गमा परेको छ । यही कारणले गर्दा बेरोजगारीले दिनप्रतिदिन जरो गाडेको छ । उचित प्रकारको रोजगार नपाइने हुनाले बेरोजगारी युवाहरूको गन्तव्यस्थल विभिन्न देशहरू बनेका छन् । वैदेशिक रोजगारीले पारेको प्रभावलाई सकारात्मक तथा नकारात्मक गरी २ भागमा विभाजन गरी अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १. सकारात्मक प्रभाव (Positive Impact)

आजका युवाहरूको वैदेशिक रोजगार प्रतिको आकर्षण देख्दा नै यस भित्र थुप्रै सकारात्मक पक्षहरू रहेको छ भनी बुझ्न सकिन्छ । वैदेशिक रोजगारबाट सहभागीहरूलाई त फाइदाहरू छनै साथै राष्ट्रलाई पनि पुगेको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारले पारेको सकारात्मक प्रभावहरू निम्न छन् ।

### क) गरिबी न्यूनीकरणमा सहयोग (Help in Poverty Alleviation)

वैदेशिक रोजगारीले वेरोजगारी समस्या समाधान गरी गरिबी निवारण गर्नमा ठूलो भूमिका खेलेको हुन्छ । गरीब तथा कमजोर आर्थिक स्तर भएकाहरूले वैदेशिक रोजगारमा गई आफ्नो आर्थिक स्तर पनि मजबुद बनाएका कारण केही हद सम्म भएपनि गरिबीको प्रतिशत पनि घटेको देखिन्छ । अध्ययन क्षेत्रका सहभागीहरू मध्ये २६ प्रतिशतले वैदेशिक रोजगारीको सकारात्मक पक्ष अन्तर्गत श्रम शोषण भएको गरिबी न्यूनीकरणमा सहयोग भएको बताएका थिए ।

### ख) प्रविधि हस्तान्तरण तथा सीपको आदान-प्रदान (Transfer of Technique and Exchange of Skill)

वैदेशिक रोजगारीले प्रविधि तथा सीपको आदान-प्रदानमा उल्लेख्य भूमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रबाट विदेशमा काम सिकेर गएका कामदारलाई काम गर्न सजिलो भएको विदेशबाट सिकेर आएको सीप प्रयोग गरेर आफ्नो क्षेत्र तथा देशको विकासमा सहयोग गरेको छ । अध्ययन क्षत्रेका सहभागीहरू मध्ये १४.५ प्रतिशतले वैदेशिक रोजगारीको सकारात्मक पक्ष अन्तर्गत प्रविधि हस्तान्तरण तथा सीपको आदान-प्रदान भएको बताएका थिए ।

**ग) विदेशी मुद्रा आर्जन (Earing of Foreign Currency)**

विदेशी मुद्रा आर्जन गर्ने स्रोत भनेको उत्पादिन वस्तु निर्यात र मानविय सेवा हुन् । प्रशस्त मात्रामा उद्योगधन्दाको विकास हुन नसकेकोले विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतको रूपमा वैदेशिक रोजगार अगाडि रहेको छ । विदेशी मुद्रामा राम्रो पकड हुनु भनेको विदेशी सँग प्रतिस्पर्धा गर्नु सक्नु हो । वैदेशिक रोजगारको माध्यमबाट विभिन्न सीपहरू पनि भित्र्याउन सकिन्छ । जसको प्रयोगबाट स्वदेशमा थप रोजगारीको सिर्जना गर्न सकिन्छ । अध्ययन क्षेत्रका सहभागीहरू मध्ये २० प्रतिशतले वैदेशिक रोजगारीको सकारात्मक पक्ष अन्तर्गत विदेशी मुद्रा आर्जन भएको बताएका थिए ।

**२. नकारात्मक प्रभाव (Negative Impact)**

हरेक कुराको सकारात्मक तथा नकारात्मक गरी दुई पक्षहरू हुन्छन् । वैदेशिक रोजगारीले पार्ने नकारात्मक प्रभावलाई निम्न बुँदामा प्रस्तुत गरिन्छ ।

**क) श्रम शोषण (Labvour Exploitation)**

नमूना छनोटमा परेका वैदेशिक रोजगारमा गएका कामदारहरूले कामको जोखिम अनुसार मासिक तलब पाएका छैनन । नेपाली र अन्य देशका नागरिकले गर्ने समान काममा पनि नेपालीले अरु सरह समान पारिश्रमिक पाएका छैनन् । अध्ययन क्षेत्रका सहभागीहरू मध्ये २०.५ प्रतिशतले वैदेशिक रोजगारीको नकारात्मक पक्ष अन्तर्गत श्रम शोषण भएको गरिबी न्यूनीकरणमा सहयोग भएको बताएका थिए ।

**ख) प्रतिभा पलायन (Brain Drain)**

वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले व्यक्ति तथा राष्ट्रलाई अल्पकालमा फाइदा नै पुऱ्याएपनि दिर्घकालमा फाइदा पुऱ्याउने देखिदैन किनभने उर्जावान युवाहरू यसरी विदेशिने हो भने बालबालिका तथा वृद्ध मात्र बाँकी हुने भएकोले देश विकास हुन सक्दैन । त्यसैगरी आफ्ना देशका मौलिक वस्तु प्रायः हराएर गएका छन् सर्वसुलभ र सजिलो सस्तो वस्तुहरूप्रति आकर्षित हुन वैदेशिक रोजगारीले ठूलो भूमिका खेलेको देखिन्छ । अध्ययन क्षेत्रका सहभागीहरू मध्ये १०.५ प्रतिशतले वैदेशिक रोजगारीको नकारात्मक पक्ष अन्तर्गत प्रतिभा पलायन भएको बताएका थिए ।

### ग) परनिर्भरतामा वृद्धि (Increasement of Dependency)

देशमा बढ्दै गएका कुला अर्थव्यवस्थाले देशमा आत्मानिर्भरता भन्दा परनिर्भरताको भावना समाजमा बढेको छ। वैदेशिक रोजगारीको कारणले मानिसको जिवनशैली बदलिएको छ यो भन्दा अगाडि आफैले खाद्यवस्तु उत्पादन गर्दै आएकोमा अहिले विभिन्न तयारी वस्तुले ठाउँ लिएको छ जसको कारण मानिसको स्वास्थ्य विग्रदो अवस्थामा छ । अध्ययन क्षेत्रका सहभागीहरू मध्ये ८.५ प्रतिशतले वैदेशिक रोजगारीको नकारात्मक पक्ष अन्तर्गत परनिर्भरतामा वृद्धि भएको बताएका थिए ।

**तालिका ४.३९**

**वैदेशिक रोजगारकिो सकारात्मक तथा नकारात्मक पक्षहरू**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गरिबी न्यूनीकरणमा सहयोग | ५२ | २६ |
| २ | प्रविधि हस्तान्तरण तथा सीपको आदान-प्रदान | २९ | १४.५ |
| ३ | विदेशी मुद्रा आर्जन | ४० | २० |
| ४ | श्रम शोषण | ४१ | २०.५ |
| ५ | प्रतिभा पलायन | २१ | १०.५ |
| ६ | परनिर्भरतामा वृद्धि | १७ | ८.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

## ४.२६ वैदेशिक रोजगारमिा नेपाली कामदारहरूको समस्याहरू (Problems of Nepalese Workers in Foreign Employment)

वर्तमान राजनीतिक अस्थिरता, स्वदेशमा रोजगारीमा न्यून अवसर लगायतका विविध कारणले वैदेशिक रोजगारी अन्तिम विकल्पको रहेको छ। वैदेशिक रोजगारीमा जाने युवाहरूको तथ्याङ्कबाट पनि वैदेशिक रोजगारप्रति युवाहरूको आकर्षण थाहा पाउन सकिन्छ । बेरोजगारीका कारण नेपाली कामदारहरू वैदेशिक रोजगारमा जाने लहर चलेतापनि यिनीहरूमा थुप्रै समस्याहरू रहेका छन् । मधेसा गा.वि.स. मा यस शोधको अध्ययनमा गरिएको स्थलगत सर्वेक्षण अनुसार अध्ययन क्षेत्रका सहभागीहरूमा (कामदार) समस्याहरू निम्नानुसार रहेका छन् ।

१)	नेपालमा भने अनुसारको मासिक तलब र ओभर टाइम सुविधा नपाउनु ।

२)	विदेशमा गएर जटिल प्रवृत्तिको काम गर्ने बाध्य हुनु ।

३)	नेपाली कामदारको म्यानपावर वा दलालले भने अनुसारको काम नपाउनु ।

४)	साउदी अरब तथा कतार मुलुकमा नेपाली महिला कामदार घरेलु कामको बोझमा साथै शारीरिक यौनजन्य हिंसामा पर्नु ।

५)	भाषामा कठिनाई

६)	राजदूतावासले नेपाली कामदारको समस्याहरू ध्यान नदिनु ।

७)	खाडी राष्ट्रमा नेपाली कामदारको जीवन वीमा, अङ्गभङ्गको क्षतिपूर्तिको उचित व्यवस्था नभएकोले सम्पूर्ण जोखिम कामदार आफैले व्यहोर्नु ।

# अध्याय पाँच (CHAPTER FIVE)

# सारांश, निष्कर्ष र सुझावहरू (SUMMARY, CONCLUSION AND RECOMMENDATION)

प्रस्तुत शोधको अध्ययनमा वैदेशिक रोजगारीले नेपाली समाजमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव विशेषगरी सुनसरी जिल्लाको मधेसा गा.वि.स. को बारेमा क्षेत्रगत अध्ययन गरिएको छ । अध्ययनको उद्देश्यलाई पूरा गर्नका लागि विभिन्न विषयवस्तुहरूको उठान तथा तथ्यपरक सूचना समावेश गर्ने प्रयास गरिएको छ । यस अध्यायमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाईएका सारांश, निष्कर्ष र सुझावहरू समावेश गरिएको छ । सारांश, निष्कर्ष र सुझावहरूलाई निम्नानुसार क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

## ५.१ सारांश (Summary)

प्रस्तुत अध्ययन सुनसरी जिल्लाको मधेसा गा.वि.स. मा “विप्रेषणले वैदेशिक रोजगारीमा संलग्न घर परिवारको आर्थिक तथा शैक्षिक क्षेत्रको पारेको प्रभाव” शीर्षकमा अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रमा ३ उद्देश्यहरू मध्ये पहिलो वैदेशिक रोजगारमा जानुपूर्व र पछिको शैक्षिक तथा आर्थिक अवस्थाको तुलनात्मक अध्ययन र्नु, दोस्रो विप्रेषण लगानीबाट प्राप्त आय पत्ता लगाउनु र तेस्रो वैदेशिक रोजगारबाट प्राप्त आयले उनीहरूको बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु रहेका छन् । यस अध्ययनमा साउदी, अरब, दुवई? कुवेत, मलेसिया, कतार गरी ५ वटा देशहरूलाई मात्र लिइएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्कको आधारमा तयार पारिएको यस शोधपत्रमा प्राथमिक तथ्याङ्कमा वैदेशिक रोजगारसँग सम्बन्धित घरपरिवारका अभिभावकहरू तथा वैदेशिक रोजगारबाट फर्किएका युवायुवतीहरूसँग प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत पत्रपत्रिकामा प्रकाशित वैदेशिक रोजगार सम्बन्धी रिपोर्टहरू, गा.वि.स. कार्यालय मधेसा, जि.वि.स. कार्यालय सुनसरी, आर्थिक सर्वेक्षण, वैदेशिक रोजगार विभाग काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग कार्यालयबाट प्रकाशित लेख, रचना र बुलेटीन तथा यस अध्ययनसँग सम्बन्धित पुराना शोधपत्रको अध्ययन गरिएको तथ्याङ्कहरूलाई लिइएको छ । ३४१ घरपरिवार मध्ये ५८.७ प्रतिशतले हुन आउने २०० घरपरिवारलाई समेटिएको छ । वैदेशिक रोजगारीमा सहभागी भएका

युवायुवतीहरू मध्ये हाल वैदेशिक रोजगारबाट घर फर्किएका २० जना युवायुवतीलाई यस अध्ययन भित्र समेटिएको छ । द्वितीय तथ्याङ्कहरूमा वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न पुराना शोधपत्रहरू, आर्थिक सर्वेक्षण, राष्ट्रिय योजना आयोग, वैदेशिक रोजगार विभागबाट प्रकाशित प्रतिवेदन, मधेसा गा.वि.स. को प्रतिवेदन, श्रम मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्कहरू रहेका छन् । अध्ययन क्षेत्रमा १ देखि ९ वडामा बसोबास गर्ने कुल घरपरिवार सङ्ख्या ८४१ मध्ये वैदेशिक रोजगारीमा जाने व्यक्तिहरू बसोबास गर्ने घरपरिवार सङ्ख्या ३४१ बाट सामन्य सम्भावनायुक्त नमूना छनोट विधि अन्तर्गत चिट्ठी प्रणालीबाट २०० (५८.७%) घरपरिवारलाई नमूनाको रूपमा छनोट गरिएको छ । नमूना छनोटमा परेका प्रत्येक घरपरिवारका अभिभावकलाई समानुपातिक रूपमा (एक घर एक अभिभावक) छनोट गरिएको छ । अध्ययनको साधन अन्तर्गत प्रश्नावली तयार गरी प्राथमिक तथ्याङ्कका स्रोतहरू वैदेशिक रोजगारीमा संलग्न युवायुवतीहरू अभिभावकहरूसँग र रोजगारीबाट फर्किएकासँग शोधकर्ता स्वयम् उपस्थिति भई प्रत्यक्षरूपमा भेटघाट गरी संरचनात्मक अन्तर्वार्ता (Interview) लिइएको छ ।

अध्ययनमा क्रममा प्राप्त सूचनाहरूलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रबाट सबैभन्दा धेरै मलेसियामा ५३ (२६.५%) जना र सबैभन्दा थोरै दुवई (२६ (१३%) जना वैदेशिक रोजगारीका लागि गएका छन् । नमूना छनोटमा परेरका घरपरिवारको जनसांख्यिक अवस्थालाई हेर्दा सबैभन्दा बढी २४-४९ वर्ष उमेर समूहका मानिस रहेका छन् र सबैभन्दा कम ०-५ वर्ष उमेरम समूहका देखिन्छन् । सबैभन्दा बढी २६-३५ उमेर समूहका वैदेशिक रोजगारीमा गएको देखिन्छ । वैदेशिक रोजगारमि सहभागीको पारिवारिक संरचना अन्तर्गत सबैभन्दा बढी २-४ जना ९२ (४६%) रहेको देखिन्छ । वैवाहिक स्थितिलाई हेर्दा पुरुषको हकमा ९९ (९७.०५%) जना र महिलाको हकमा ३ (३%) जना साथै अविवाहित अन्तर्गत पुरुषको हकमा ९६ (९७.९५%) जना र महिलाको हकमा २ (२.०८%) जना रहेको देखिन्छ । त्यसैगरी वैदेशिक रोजगारीमा जाने सहभागीहरूको शैक्षिक अवस्था अध्ययन गर्दा सबैभन्दा धेरै ९९ (४९.५%) जनाले प्रा.वि. उत्तिर्ण गरेका छन् भने सबैभन्दा कम २४ (१२%) जनाले प्रा.वि. उत्तिर्ण गरेको पाइयो । वैदेशिक रोजगारीका लागि विदेशिने कारणहरूमा सबैभन्दा बढी ३०.४% रोजगारीको अवसर कम हुनु कारण रहेका छन् ।

वैदेशिक रोजगारीमा समावेश भएका कुल २०० घरपरिवारको कुल जनसङ्ख्या ३४१ र औषत प्रतिघरपरिवार सङ्ख्या ५.५ रहेको छ । वैदेशिक रोजगारीमा जानुभन्दा अगाडि कुल २०० घरपरिवारले वार्षिक रु ५०,०००/- देखि रु १,३०,०००/- सम्म आम्दानी गरेको देखिन्छ भने उक्त घरपरिवारहरूको कुल आम्दानी वार्षिक रु १,२४,००,०००/- गरेको देखिन्छ । त्यसैगरी औषत घरपरिवार आम्दानी वार्षिक रु १,२४,००,०००/- तथा औषत प्रतिव्यक्ति आम्दानी रु ७,३८०.९५/- भएको देखिन्छ । वैदेशिक रोजगारी पछिको आम्दानी भने वार्षिक रु ३,००,०००/- देखि रु ६,००,०००/- सम्म आम्दानी गरेको देखिन्छ । कुल वार्षिक आम्दानी भने रु. ८,२१,८१,०००/- देखिन्छ । २०० घरपरिवारको वार्षिक प्रतिघरपरिवार आम्दानी भने रु ४,१०,९००/- रहेको देखिन्छ । त्यसैगरी औषत प्रतिव्यक्ति आम्दानी भने वार्षिक आम्दानी रु ७०,७०९/- भएका देखिन्छ । वैदेखिक रोजगारमि जानुभन्दा अगाडिको कुल वार्षिक खर्च रु ५५,६०,०००/- भएको देखिन्छ । त्यसैगरी कुल बचत रु ६,४०,०००/- रहेको देखिन्छ । तर उक्त रोजगारीमा समावेश भएपछि भने कुल वार्षिक खर्च रु ४३९६००००/- तथा कुल बचत रु २,६७,०६,०००/- रहेको देखिन्छ ।

वैदेखिक रोजगारीमा जानुभन्दा अगाडी २०० घर परिवारको वार्षिक आम्दानी रु १,२४,००,०००/- र औषत प्रतिव्यक्ति आम्दानी रु ३६,३६३.६/- रहेको छ । वैदेखिक रोजगारमि जानुभन्दा पछि २०० घरपरिवारको कुल वार्षिक आम्दानी रु ८,२१,८०,०००/- औषत वार्षिक आम्दानी ४,१०,९००/- रहेको छ भने औषत प्रतिव्यक्ति आम्दानी रु ७०,७०९/- रहेको छ ।

वैदेशिक रोजगारमा जानेहरूमा निरक्षर कोही पनि देखिदैन । प्रा.वि. सम्म अध्ययन गरेको ५२ (२६%), नि.मा.वि. सम्म अध्ययन गरेको २५ (१२.५%) मा.वि. सम्म अध्ययन गरेको ९९ (४९.५%) तथा उच्च शिक्षा सम्म अध्ययन गरेको २४ (१२%) रहेको देखिन्छ । वैदेखिक रोजगारीमा सहभागीहरूको बालबालिका उक्त रोजगारमा जानुभन्दा पहिला ९४ जना सरकारीमा र ३८ जना निजीमा अध्ययन गरेको पाइन्छ । तर रोजगारपछि भने ४४ जना सरकारीमा र १२२ जना निजी विद्यालयमा अध्ययन गरेको देखिन्छ । शैक्षिक लगानीमा भएको परिवर्तनमा १४९ (७४.५%) घरपरिवारले शिक्षामा लगानी बढाएको ५१ (२५.५%) घरपरिवारले कुनै परिवर्तन गरिएको छैन भन्ने पाइयो । अध्ययन क्षेत्रका सहभागीहरू विदेशमा काम गर्ने क्षेत्रहरू मध्ये Labour मा ४० (५%), Plumber २२ (११%), Salesman ८

(४%), Housekeeping १४ (७%), Production Operator २८ (१४%), Scaffolder ३६ (१८%), Carpenter २० (१०%) ले काम गरेको देखिन्छ ।

वैदेशिक रोजगारमा जानुभन्दा अगाडि सीप सिक्ने जम्मा १७ (२७.४%) र ४५ (७२.६%) ले नसिकेको देखिएको छ । त्यस्तै उक्त रोजगारीको अवस्थामा सिकेको सीप नेपालमा प्रयोग  गर्ने १४ (१८.४%) देखिएको छ भने ६२ (८१.६%) प्रयोग नगरेको देखियो । उक्त सीपलाई नेपालमा प्रयोग नगर्नुको कारण मन नलागेरमा ८ (१४.३%) कच्चा पदार्थ नपाएरमा १८ (२१.४%) देखिन्छ भने प्रयोग गर्ने ठाउँ नभएरमा १८ (६४.३%) देखिन्छ । अध्ययनका सहभागीहरू विदेश काम गर्न गएको माध्यममा ३५ (१७.५%) जनाले दलाल मार्फत गएको देखिन्छ । इजाजत प्राप्त संस्थाले पहलबाट ११४ (५७%) जना गएको देखिन्छ । त्यस्तैगरी व्यक्तिगत प्रयासमा ५१ (२५.५%) जना गएको देखिन्छ । वैदेखिक रोजगारमा जाँदा लागेको खर्चमा रु ५०,००० देखि रु ७०,००० सम्म २१ (१०.५%) खर्च व्यहोरेको देखिन्छ । रु ७०,००० देखि रु १,००,००० सम्म ९५ (४७.५%) तथा रु १,००,००० देखि रु १,३०,००० सम्म ८४ (४२%) जनाले खर्च व्यहोरेको देखिन्छ ।

अध्ययन क्षेत्रमा वैदेखिक रोजगारीको सकारात्मक तथा नकारात्मक पक्षहरूको अध्ययन गर्दा विदेशी मुद्रा आर्जन, प्रविधि हस्तान्तरण तथा सीप विकास, संस्कृतिको आदान प्रदान तथा गरिबी न्यूनिकरण जस्ता सकारात्मक प्रभाव परेको देखिन्छ । त्यस्तै प्रतिभा पलायन, श्रम पोषण, परनिर्भरतामा वृद्धि, पारिवारिक सम्बन्ध विग्रनु जस्ता नकारात्मक असरहरू देखिएका छन् । वैदेशिक रोजगारमा नेपाली कामदारहरूका समस्याहरू अन्तर्गत नेपाली कामदारहरूले म्यानपावर वा दलाले भने अनुसारको काम नपाउनु, नेपालबाट जाँदा भने अनुसारको मासिक तलब र ओभर टाइम सुविधा नपाउनु, विदेशमा गएर जटिल प्रवृत्तिको काम गर्न बाध्य हुनु भाषागत समस्या हुनु नेपाली महिला कामदार घरेलु कामको बोझका साथै शारीरिक यौनजन्य हिंसामा पर्नु, राजदूतावासले नेपाली कामदारका समस्याहरूमा ध्यान नदिनु, खाँडी राष्ट्रमा नेपाली कामदारको जीवन बीमा, अङ्गभङ्गको क्षतिपूतिको उचित व्यवस्था नभएकोले सम्पूर्ण जोखिम कामदार आफैले व्यहोर्नु रहेका छन् । यस प्रकार यस अनुसन्धानमा वैदेशिक रोजगारमा जानुपर्ने कारण तथा उक्त रोजगारले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावहरूको बारेमा खोजी गरी अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ५.२ निष्कर्ष (Conclusion)

प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य वैदेशिक रोजगारीको लागि मलेशिया, साउदी अरब, कुवेत, दुवई, कतारमा रहेको युवाहरू उक्त रोजगारीमा जानुपर्ने कारण पत्ता लगाउनु, वैदेशिक रोजगारीमा जानुपूर्व र गएपछिको उनीहरूको आर्थिक अवस्था तुलनात्मक अध्ययन गर्नु तथा उक्त रोजगारको आयले उनीहरूको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु थियो । उक्त उद्देश्य प्राप्तिका लागि मधेसा गा.वि.स., सुनसरीमा गरिएको अध्ययनले निम्नलिखित निष्कर्ष अध्ययनकर्ताले निकालेको छ ।

१) अध्ययन क्षेत्रमा सहभागीहरू रोजगारीका अवसर कम हुनु, गुणस्तरीय शिक्षाको अभाव, परम्परागत कृषि प्रणाली, सूचना तथा सञ्चारको प्रभाव, न्यून तलब जस्ता कारणहरूको वैदेशिक रोजगारीमा गएको पाइयो ।

२) वैदेखिक रोजगारीमा जानुभन्दा अगाडि २०० घरपरिवारको वार्षिक आम्दानी रु १,२४,००,०००/- भएको देखिन्छ । त्यसैगरी वैदेखिक रोजगारमा गएपछि वार्षिक आम्दानी भने रु ८,२१,८०,०००/- भएको देखिन्छ ।

३) वैदेखिक रोजगारमा जानुभन्दा अगाडि पारिवारिक खर्च ५,५६,०००/- र बचत रु ६,४०,०००/- त्यसैगरी वैदेशिक रोजगारमा गएपछिको पारिवारिक खर्च रु ४,३९,६०,०००/- र बचत रु २,६७,०६,०००/- भएको देखिन्छ । उक्त बचत व्याज, जग्गा, घडेरी खरीद, व्यापार व्यवसाय तथा बैंकमा वचत गरेको देखिन्छ । वैदेशिक रोजगारमा जानु भन्दा अगाडिको क्षेत्रगत खर्च अन्तर्गत सबैभन्दा बढी शिक्षामा रु २२,६०,०००/- (४६%), सबैभन्दा थोरै मल बिउमा रु ३,००,०००/- (५.४%) छ भने वैदेशिक रोजगारीमा गएपछिको क्षेत्रगत खर्च अन्तर्गत सबैभन्दा बढी शिक्षा रु १,५०,३४,३२०/- (३४.२%), सबैभन्दा थोरै मलबिउमा रु ९,६७,१२०/- (२.२%) भएका देखिन्छ । यसप्रकार आम्दानीमा भएको वृद्धिसँगै खर्चमा पनि वृद्धि भएको देखिन्छ ।

४) नमूना छनोटमा परेका घरपरिवारले प्राप्त गरेको विप्रेषण रकमलाई सबैभन्दा बढी रु ५३,८०,०००/- (४३.२%) घरेलु उद्योगमा लगानी गरेको पाइयो ।

विप्रेषण लगानी गरिएको क्षेत्रहरू मध्ये सबैभन्दा धेरै आम्दानी घरेलु उद्योगबाट ४९.६३% प्राप्त गरेको पाइयो ।

५) वैदेखिक रोजगारमिा जानुपूर्व २०० घरपरिवारको स्कुल जाने कुल बालबालिका १०४ जना मध्ये ६४ जना सरकारी विद्यालयमा तथा ४० जना निजी विद्यालयमा अध्ययन गरिरहेको देखिन्छ । परिवारको सदस्य वैदेशिक रोजगारीमा गएपछि स्कुल जाने कुल बालबालिका १७२ जना मध्ये ४४ जना सरकारी विद्यालयमा तथा १२८ जना निजी विद्यालयमा अध्ययन गरिरहेको देखिन्छ । यसरी पहिलेको तुलनामा पछि निजी विद्यालयमा पढाउने सङ्ख्या वृद्धि भएको देखिन्छ ।

६) वैदेशिक रोजगारीमा जानु भन्दा पहिले शिक्षामा लगानी रु ७,६०,०००/- (१३.७%) रहेको देखिन्छ भने वैदेशिक रोजगारीमा गए पश्चात् शिक्षामा लगानी वृद्धि भई रु ४८,७९,५६० (११.१%) भएको देखिन्छ ।

७) वैदेशिक रोजगारीमा सीप नसिकी गएको देखिन्छ ।

८) वैदेशिक रोजगारबाट प्राप्त आम्दानी उत्पादनशील क्षेत्रमा लगानी हुने सकेका छैनन् ।

९) वैदेशिक रोजगारमा दलाल, इजाजद प्राप्त संस्था तथा व्यक्तिगत प्रयासको माध्यमबाट गएको पाइयो ।

१०) वैदेशिक रोजगामा जाँदा रु ५०,०००/- देखि रु १,३०,०००/- सम्म रकम तिरेको पाइयो ।

११) नेपाली कामदारहरू सीप नसिकि विदेश जाँदा जटिल काम गर्नुपर्ने, कम तलब पाउने, भाषागत कठिनाईको कारण विदेशी कामदारसँग काम गर्न कठिनाई भएको अवस्था पाइएको छ ।

## ५.३ सुझावहरू (Recommendations)

नेपाली वैदेशिक रोजगार व्यवसाय थुप्रै समस्याहरूबिच जकडिएको पाइन्छ । त्यसैले वैदेशिक रोजगारलाई सुधार गर्नको लागि यस अध्ययनमा प्राप्त नतिजाको आधारमा केही नीति तथा कार्यक्रमहरू सञ्चालन गर्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१)	सरकारी नीति नियममा भएका रोजगार सम्बन्धी विविध कमीकमजोरी समयसापेक्ष रूपमा सुधार गरी लागू गर्नुपर्दछ ।

२)	सरकारले कामदारलाई विभिन्न किसिमका रोजगारमूलक सीप तथा तालिम प्रदान गरेर मात्र रोजगारमिा पठाउनु पर्दछ ।

३)	कामदारहरू स्वदेशमा सीप सिकेर वैदेशिक रोजगारमा जानु पर्दछ ।

४)	वैदेशिक रोजगारबाट प्राप्त आम्दानीलाई अनुत्पादन क्षेत्रमा हुने खर्च कटौटी गरी उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्दछ ।

५)	कामदारहरूले वैदेशिक रोजगारमा जाँदा सम्बन्धित देश र कामको प्रवृत्ति अनुसार सो कामको लागि कति रकम तिर्नु पर्ने हो सो लागत विवरण बुझेर मात्र विदेश जानु पर्दछ ।

६)	वैदेशिक रोजगारमा हुने ठगी, शोषण तथा दलाली कार्यको नियन्त्रणको लागि सरकारले समयसमयमा अनुगमन र निरीक्षण गर्नुपर्दछ ।

७)	वैदेशिक रोजगारमा जाने मुलुकहरूसँग नेपाली श्रमिकहरूको हित अनुकुल हुने गरी श्रम सम्झौता हुनु पर्ने देखिन्छ ।

८)	नेपाल सरकारले नेपाली कामदार पठाउने देशमा अनिवार्य रूपमा नेपाली राजदुतावास खोल्नुपर्दछ ।

# सन्दर्भसूचि (REFERENCES)

अर्थ मन्त्रालय (२०७०), *आर्थिक सर्वेक्षण,* काठमाडौंः अर्थ मन्त्रालय नेपाल सरकार ।

*आर्थिक सँगालो* (२०७०), नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी सघं बैकर्स क्लव भवन, थापाथली, काठमाडौं ।

खत्री, खिमबहादुर (२०६०), *वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधत त्रि.वि. शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

घिमिरे प्रकाश(२०६३), *नेपालका वैदेशिक रोजगारीका केही पक्षहरु,* **मिरमिरे** मासिक पत्रिका २०६३, काठमाडौं : नेपाल राष्ट्र बैंक ।

नेपाल राष्ट्र बैंक (२०६२), *वैदेशिक रोजगार अर्थतन्त्र र नेपाल,* नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग तयार पारेको अध्ययनको सँगालो, बालुवाटार, काठमाडौँ : नेपाल राष्ट्र बैंक ।

नेपाल राष्ट्र बैंक (२०६२), *अनुसन्धान विभागले गरेको अध्ययनको सँगालो,* काठमाडौँ ।

नेपाल राष्ट्र बैंक (२०७०), *विदेशी विनिमय कारोबार गर्ने ईजाजत प्राप्त सस्थाहरुको कारोबार र निरीक्षण सम्बन्धी त्रैमासिक प्रतिवेदन,* (आ.व २०७०/२०७१ को चौथो त्रैमासिक ) ।

पण्डित, सुर्यकुमार (२०५७), *नेपालमा वैदेशिक रोजगार,* काठमाडौः बैदेशिक पत्रकार संघ ताहाचल ।

पोखरेल, नारायण दत्त (२०५७), *वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव,* काठमाडौं : अप्रकाशित शोधपत्र, मानविकी तथा समाजशास्त्र संकाय, कीर्तिपुर ।

पौडेल, मिनराज (२०७१), *बृहत् अर्थशास्त्र,* काठमाडौँ : एम.के.पब्लिशर्स एण्ड डिष्टिब्युटर्स ।

## अनुसुचि १

## वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवारका अभिभावकका लागी प्रश्नावली

जिल्ला : सुनसरी गा.वि.स. : मधेसा वडा नं...............

नाम थर ........................ लिङ्ग ................

उमेर ......................... धर्म ................

वैवाहिक स्थिती :........................... जात ..............

शिक्षा ............................ परिवारको संख्या ...........

पेशा ............................ भाषा ........................

परिवारको सदस्य वैदेशिक रोजगारीमा गएको देश ................................

१. वैदेशिक रोजगारमा संलग्न सदस्य तपाइको के नाता पर्नु हुन्छ ?

क. छोरा ख. छोरी ग. श्रीमान घ. श्रीमती

२. तपाईको परिवारको सदस्य विदेश जानु पुर्व तपाईहरु के पेशा ⁄व्यवसाय संचालन हुनुहुन्थ्यो ?

क. कृषि ख. ब्यापार

ग. जागिर घ. अन्य..........

३. तपाईहरुले उक्त व्यवसाय गर्दा गर्दै किन वैदेसिक रोजगारीमा पठाउने निर्णय गर्नु भयो ?

क. थोरै आम्दानी ख. वेरोजगारी

ग. अन्य भए.......................

४. वैदेशिक रोजगारीमा जानु अघि तपाईको आम्दानी कति भयो ?

क. मासिक ५-१० हजार ख. मासिक १०-१५ हजार

ग.मासिक १५-२० हजार घ. मासिक २० हजार देखि माथि

५. विदेश जानु पूर्व तपाईहरुको आर्थिक तथा शैक्षिक अवस्था कस्तो छ ?

क. राम्रो　　　　　　　　ख. ठिकै

ग. नराम्रो　　　　　　　　घ. अन्य भए...................

६. वैदेशिक रोजगारीमा जानु भन्दा पहिले हने मासिक खर्च :

| शीर्षक | रकम | प्रतिशत |
|---|---|---|
| शिक्षा | | |
| खाद्यान्न | | |
| लत्ताकपडा | | |
| औषधि उपचार | | |
| चाडपर्व | | |
| मल विउ | | |
| जम्मा | | |

७. वैदेशिक रोजगारीमा जानु पुर्व तपाईको छोराछोरी कुन विद्यालय पढाउनुहुन्थ्यो ?

क. सरकारी　　　　　　　　ख. निजी

८. तपाईले किन निजी विद्ययालय अध्ययन गराउनु भयो ?

क. अरुका छोराछोरी निजी विद्यलयमा पढ्न गएको देखेर

ख. निजी विद्यालयको पठनपाठन रामैा नभएर

ग. अन्य भएर........................

९. तपाईले किन सरकरी विद्यालय अध्ययन गराउनु भयो ?

क. आर्थिक अवस्था कमजोर भएर

ख. सरकारी विद्यालय पठनपाठन राम्रो नभएर

ग. अन्य भएर ............

१०. वैदेशिक रोजगारीमा गए पछि तपाइको आम्दानी कति भयो ?

क. मासिक २०-३० हजार　　　ख. मासिक ३०-४० हजार

ग. मासिक ४०-५० हजार　　　घ मासिक ५० हजार देखि माथि

११ वैदेशिक रोजगारमा गए पछि मासिक खर्च :

| शिर्षक | रकम | प्रतिशत |
|---|---|---|
| शिक्षा | | |
| खाद्यन्न | | |
| लत्ताकपडा | | |
| औषधी उपचार | | |
| चाडपर्व | | |
| मल विउ | | |
| घरको पुन निर्माण | | |

१२. विदेशवाट पठाएको रकमवाट घर खर्च चल्छ कि चल्दैन ?

क. ठिक्क हुन्छ ख. वचत हुन्छ ग. पग्दैन

१३. तपाईले प्राप्त गरेको आम्दानीलाई मासिक कति वचत गर्नुहन्छ ?

क. ५-१० हजार ख. १०-१५ हजार

ग. १५-२० हजार घ. २५-३० हजार

१४. वचत रकमलाई के मा लगाउनु भएको छ ?

क. बैंकमा राखेको छु ख. व्यवसायमा लगानी गरेको छु

ग. व्यत्तिलाई दिउको छु घ. अन्य.................

१५. विदेशबाट घरमा कति कति समयमा पैसा पठाउनु हुन्छ ?

क. मासिक रुपमा ख. २ महिनामा ग. ३ महिना घ. ६ महिना

१६. तपाईको आफन्त वैदेशिक रोजगारीमा गएपछि तपाईहरुको आर्थिक अवस्था मजबुत भएको हो ?

क. हो ख. होईन

१७. हो भने तपाईहरुको के गरी आर्थिक अजस्था मजवुद बनाउनु भयो ?

.........................................................................................................

१८. तपाईको आफन्त वैदेशिक रोजगारीमा गएपछि तपाईका बालबालिका कस्तो विद्यालयमा अध्ययन गर्दछ ?

क. सरकारी ख. निजी

१९. तपाएईले निजि विद्ययालमा नै किन अध्यापन गराउनु भएको हो?

क. पठनपाठन राम्रो भएर ख. आम्दानी स्तर राम्रो भएर

ग. अरुको छोराछोरी निजी विद्ययालयमा गएको देखर घ. अन्य भए....

२० तपाईको सदस्य विदेश गएपछि तपाईले शिक्षा क्षेत्रमा कति खर्च गनु हुन्छ ?

क. ५-१०% ख.१०-१५% ग. १५-२०% घ.२०-२५%

२१. विप्रशणलाई कुन कुन क्षेत्रमा लगानी गनु भएको छ ?

क. ...........................

ख. ...........................

ग. ...........................

घ. ..........................

२२. विप्रशण लगानीबाट अवसर आम्दानी कति हुन्छ ?

क. रु........................................

ख. रु ......................................

२३. विप्रेशण लगानी बाट आम्दानी कति हुन्छ ?

क. रु ४०,००० रु ८०००० सम्म

ख. रु ८०००० रु १००००० सम्म

ग. रु १००००० रु १२०००० सम्म

२४. विदश जानु अघि र विदेश गएपछिको शिक्षामा के अन्तर आयो ?

..........................................................................................

२५. विदेश जानु अघि र विदेश गएपछि उपभोगमा के अन्तर छ ?

..........................................................................................

२६. वैदेशिक रोजगारमा पठाउँदा कति खर्च गनु भउको छ ?

क. रु ३०,०००-५०,००० ख. रु ५०,०००-७०,०००

ग. ७०,०००-१,००,००० घ. रु १,००,००० भन्दा माथी

२७. उक्त खर्च कसरी व्यपस्था गर्नु भयो ?

क. ऋण ख. सापटी ग. जग्गा विकी घ. वचत बाट

२८. तपाईहरुको आर्थीक तथा शैक्षिक अवस्था मजवुद वनाउने प्रमुख माध्यम नै वैदेशिक रोजगारी हो ?

क. हो ख. होइन

२९. हो भने वैदेशिक रोजगारलि तपाइको आर्थिक तथा शैक्षिक अवस्थालाई कसरी मजवुत बनायो ?

.........................................................................................

३०. तपाईको आफन्त विदेश जादा कुनै समस्या पऱ्यो वा परेन ?

क. पऱ्यो ख. परेन

३१ तपाईलाई विदेश जानु पूर्व कस्तो प्रकारको समस्या आईपऱ्यो ?

..................................................................................

३२. तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा गईसकेपछि कुनै समस्या पर्‍यो कि परेन ?

क. पऱ्यो ख. परेन

३३. कस्तो प्रकारको समस्या आई परेको थियो ?

...............................................................................

३४. वर्तमान समयमा तपाईहरुको आथिक, पारिवारीक र शैक्षिक पृष्ठभूमि कस्तो छ ?

क. राम्रो ख. नराम्रो

३५. राम्रो पृष्ठभूमि के छ ?

..............................................................................

३६. राम्रो पृष्ठभूमी हुनुको मुख्य कारण के हो ?

..............................................................................

३७. नराम्रो पृष्ठभूमि के छ ?

..............................................................................

३८. तपाईले अफ्नो आर्थिक, पारिवारीक र शैक्षिक पृष्ठभूमीलाई बनाउन नसक्नुको कारण के हो ?

....................................................................................................

....................................................................................................

३९. वैदेशिक रोजगारीमा नजानु भएको भए तपाईहरुको आर्थिक तथा शैक्षिक पृष्ठभूमी कस्तो हुन्यो होला ?

....................................................................................................

....................................................................................................

## अनुसुचि २

## वैदेशिक रोजगारीमा समावेश भई हाल फर्किएका व्यक्तिहरुका लागि प्रश्नावलि

**(क) व्यक्तिगत विवरण :**

जिल्ला : सुनसरी          गा.वि.स. : मधेसा          वडा नं.....................

नाम थर ....................................          लिङ्ग : ...........

उमेर..............................

धर्म................................

वैवाहिकस्थिती............................

जात................................

शिक्षा.........................

परिवारको संख्या................

पेशा.........................

भाषा.................

वैदेशिक रोजगारीमा गएको देश .............................

वैदेशिक रोजगारीमा काम गरेको वर्ष..........................

**(ख) पारिवारीक विवरण :**

अ. एकल          आ. संयुक्त

२. तपाईको परिवारको विवरण उल्लेख गर्नु होस्।

| क्र. सं. | नाम | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

३. तपाईको परिवारको मुख्य पेशा के हो ?

क. कृषि ख. व्यापार ग. वैदेशिक रोजगार

घ. अन्य भए....................

४. वैदेशिक रोजगारी भन्दा बाहेक अन्य आम्दानीको स्रोत छ ?

क. छ ख. छैन

६. छ भने उल्लेख गर्नुहोस.......................................

**(ग) वैदेशिक रोजगारीमा जानु अघि र पछिको अवस्था**

१. वैदेशिक रोजगारीमा जानु भन्दा अगाडी तपाईले के पेशा /व्यवसाय संचालन गर्नुहुन्यो ?

क. खेती ख. व्यापार

ग. जागिर घ. अन्य भए उल्लेख गर्ने.......................

२. तपाईले उक्त व्यवसाय संचालन गर्दा गर्दै किन विदेश जानु भएको हो ?

...........................................................................................

३. वैदेशिक रोजगारमा जानु अघि तपाईको आम्दानी कति थियो ?

क. मासिक ५-१० हजार ख. मासिक १०-१५ हजार

ग. मासिक १५-२० हजार ग. मासिक २० हजार देखि माथि

४. वैदेशिक रोजगारीमा जानु अघि तपाईको पारिवारीक, आर्थिक र शैक्षिक पृष्ठभूमी कस्तो थियो ?

क. राम्रो ख. ठिकठिकै

५. वैदेशिक रोजगारीमा जानु पुर्व तपाईको छोराछोरी कुन विद्यालयमा पढ्दथ्यो ?

क. सरकारी ख. निजी

६. वैदेशिक रोजगारीमा किन जानुभउको थियो ?

क. स्वदेशमा रोजगारी नपाएर

ख. सुचना तथा संचारको प्रभाव/न्युन तलब

ग. गुणस्तरयि शिक्षाको अभाव

घ. परम्परागत कृषि प्रणाली

७. तपाईलाई विदेश जान कस्ले प्रेरित गऱ्यो ?

क. बाबु आमा ख. साथि भाई

ग. आफन्त घ. आफ्नै निर्णय

घ. वैदेशिक रोजगारीको समस्या

क. वैदेशिक रोजगारीमा जानु पुर्वको समस्या

१. तपाईलाई वैदेशिक रोजगारीको सिलसिलामा विदेश जानु पूर्व कुनै समस्या आयो कि अएन ?

क. पऱ्यो ख. परेन

२. तपाईले कस्तो प्रकारको समस्या व्यहोर्नु भयो ?

...................................................................

३. विदेश कुन माध्यम बाट जानु भएको हो ?

क. इजाजत प्राप्त संस्था ख. दलाल

ग. व्यक्तिगत प्रयास घ. अन्य

४. तपाईसगं त्यसरी वढि रकम लिँदा लिदै पनि तपाईले सम्बन्धित निकायमा तपाईले तिरेको भन्दा बढि रकम फिर्ता पाउनु भयो ?

क. पाँए ख. पाइन

५. तपाईले बढि रकम तिरेको थाहा हुदा हुदै पनि किन सम्बन्धित निकायमा जानकारी दिनुभएन ?

क. विदेश जान पाइदैन भनेर ख. भने बमोजिम काम पाईदैन भनेर

ग. विदेशमा दुःख हुन्छ भनर घ. अन्य भए.................................

६. तपाईलाई सम्बन्धित मेनपावरले भनेको समयमा पठायो ?

क. पठायो ख. पठाएन

७. तपाई रोजगारी एजेन्सीलाई कत्तिको विश्वास गर्नु हुन्छ ?

क. गर्छु ख. गर्दिन

८. वैदेशिक रोजगारीमा गए पछि तपाईको आम्दानी कति भयो ,

क. मासिक २०-३० हजार ख. मासिक ३०-४० हजार

ग. मासिक ४०-५० हजार घ. मासिक ५० हजार देखि माथि

९. तपाई वैदेशिक रोजगारीमा गएपछि कस्तो अनुभव गर्नु भयो ?

क. राम्रो ख. नराम्रो

१०. वैदेशिक रोजगारीबाट तपाईलाई के फाइदा भयो ?

.........................................................................

११. वैदेशिक रोजगारीबाट के बेफाइदा भयो ?

..........................................................................

१२. तपाई वैदेशिक रोजगारीमा गएपछि तपाईको पारिवारीक आर्थिक अवस्था कस्तो परिवर्तन आयो ?

क. राम्रो ख. नराम्रो

१३. वैदेशिक रोजगारीबाट तपाई तथा तपाईको परिवारमा कस्तो परिवर्तन भयो ?

............................................................................................

१४. तपाई वैदेशिक रोजगारीमा गएपनि परिवारमा केही नराम्रो भयो ?

..........................................................................................

१५. तपाईले वैदेशिक रोजगारी गएपछि सोचको कुरा कति पुरा भयो ?

..............................................................................................

१६. कति पुरा भएन ?

.............................................................................................

१७. वैदेशिक रोजगारीमा गए पछि बचत गर्नु भएको छ ?

क. छ ख. छैन

१८. वचत भए के गर्नु भएको छ ?

क. बैंकमा राखेको छु ख. व्यवसायमा लगानी गरेको छु

ग. व्यक्तिलाई ऋण दिएको छु घ. अन्य

१९. तपाई रोजगार एजेन्सीबाट दुःख पाउनुभयो कि भएन ?

................................................................................

**(ख) वैदेशिक रोजगारमा गएपछिको समस्याः**

१. तपाई नेपालबाट विदेश पुगेपछि तपाईलाई सम्बन्धित कम्पनिबाट समयमै लिन आएकी आएन ?

क. आए ख. आएन

२. समयमा नै आइपुग्दा तपाईले कस्तो अनुभव गर्नु भयो ?

.....................................................................................

३. तपाईले कस्तो प्रकृतिको काम गर्नुभयो ?

......................................................................................

४. वैदेशिक रोजगारीमा जानु पुर्व सम्बन्धित व्यक्ति वा निकायले भने अनुसारको काम पाउनु भयो ?

क. पाउ ख. पाएन

५. वैदेशिक रोजगारमा जानु भन्दा पहिला कुनै सपि सिक्नुभउको थियो ?

क. थिए ख. थिएन

६. यदि सिक्नुभएको थियो भने कस्तो सपि सिक्नुभएको थियो ?

..........................................................................................

७. तपाईले सिकेको सपि अनुरुप काम गर्न कत्तिको सहज भयो ?

..........................................................................................

८. तपाई काम नसिकी जाँदा कस्ता कठिनमई परे ?

..................................................................................................

९. विदेशमा रहँदा ओभर टाइम काम गर्नुभयो ?

क. गरे ख. गरिन

१०. यदि ओभरटाइम गर्नु भयो भने त्यस बापत कस्तो सुबिधा प्राप्त भयो ?

क. तलब भन्दा कम ख. तलब बराबर

ग. तलब भन्दा बढी

११. तपाईले काम गर्ने कम्पनीमा मालिक र कामदारको सम्बन्ध कस्तो पाउनु भयो ?

क. राम्रो ख. नराम्रो

१२. तपाईले राम्रो सम्बन्ध के पाउनु भयो ?

.....................................................................................

१३. तपाईले नराम्रो सम्बन्ध के पाउनु भयो ?

...........................................................................................

१४. तपाईले पिदेशमा खान बस्न र सुरक्षाको स्थिती कस्तो पाउनु भयो ?

क.राम्रो ख. ठिकै ग. निम्न स्तर

घ. अन्य भए.....................

१५. तलब नियमित रुपमा पाउनु भयो ?

क. पाँए ख. पाएन

१६. तपाईलाई राम्रो भाषा संस्कृति र धर्म कस्तो अप्ठ्यारो बनायो ?

..........................................................................................

१७ नेपाली र अरु विदेशी सँग सँगै काम गर्दा भोगेको दुःखको बारेमा अनुभव कस्तो रह्यो ?

............................................................................................................

१८. तपाईको देशको र तपाई काम गर्न गएको देशको सरकारले कामदारको हकहितको लागी गरेका कही कुरा बताई दिन सक्नु हुन्छ ?

............................................................................................................

१९. तपाई गएको देशमा नेपाली कामदारको समग्र अवस्था कस्तो पाउनुभयो ?

............................................................................................................

२०. खाडी राष्ट्रमा नेपाली कामदारको समग्र अवस्था कस्तो पाउनुभयो ?

............................................................................................................

२१. खाडी राष्ट्रमा नेपाली महिलाले गर्ने काम कुन क्षेत्रमा सिमित छ ?

क. घरेलु क्षेत्रमा ख. होटलमा ग. कलकारखानामा

घ. अन्य भए.......

**ग. वैदेशिक रोजगारीबाट फर्किएपछिको समस्याः**

१. तपाई वैदेशिक रोजगारीबाट फर्किएपछि कुनै समस्या आइपर्‍यो कि परेन ?

क. पर्‍यो ख. परेन

२. तपाईलाई कस्तो प्रकारको समस्या आइपऱ्यो ?

.........................................................................

३. तपाईले वैदेशिक रोजगारीमा केही सिप सिकेर आउनु भयो ?

क. सिके ख. सिकिन

४. यदि सिक्नु भएको छ भने कस्तो सिप सिक्नु भयो ?

.......................................................................

५. तपाईले विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गर्नु भएको छ ?

क. छ ख. छैन

६. यदि उपयोग गर्नु भएको छ भने कस्तो क्षेत्रमा प्रयोग गर्दै हुनुहुन्छ ?

क. कृषि ख. व्यापार ग. उद्योगधन्दा

घ. अन्य भए...........

७. छैन भने किन गर्न सक्नुभएन ?

....................................................................................

८. तपाई वैदेशिक रोजगार प्रति सन्तुष्ट हुनुहुन्छ ?

क. सन्तुष्ट छु ख. सन्तुष्ट छैन

९. यदि सन्तुष्ट हुनुहुन्छ भने किन ?

....................................................................................

१०. यदि सन्तुष्ट हुनुहुन्न भने किन ?

....................................................................................

**अनुसुचि ३**

**नमुना छनोटमा परेका अभिभावकहरुको नामावली**

| | | |
|---|---|---|
| १. रुद्र बहादुर राउत | २. विर्ख बा. श्रेष्ठ | ३. वसन्त कुमार फुयँल |
| ४. तुलाभक्त राई | ४. तुलक मगर | ६. भिम कार्की |
| ७. खड्ग बा. वि.क. | ८. उत्तर बा. अधिकारी | ९.लक्ष्मण थापा |
| १०. शान्ता गेलाल | ११. तेज बा. अधिकारी | १२. धन बा. वि.क. |
| १३. उत्तम वि.क. | १४. केशर भुजेल | १५. तिलक मगर |
| १६. रोहित मगर | १७. कुमार बस्नेत | १८. हिरा कुमारी थामी |
| १९. इन्द्र मगर | २०.रजिद्र मगर | २१. दुर्गा मगर |
| २२. शान्ति गेलाल | २३. अम्बी परियार | २४. सरीता भट्टराई |
| २५. कल्पना पाण्डे | २६. भिरम परियार | २७. दिपक के.सी. |
| २८. विकास पाण्डे | २९. विकास वि.क. | ३०.सुनिता के.सी. |
| ३१. दिपक विष्ट | ३२. राजेश विष्ट | ३३. जय कु. भट्ट |
| ३४. निर कमार खड्का | ३५. देउ कुमार माझी | ३६. क्याप्टेन राई |
| ३७. आर्मी खड्का | ३८. प्रितम खड्का | ३९. प्रज्वल भट्टराई |
| ४०. उद्धप फुयँल | ४१. भिमराज थापा मगर | ४२. सुर्य बा. राई |
| ४३. लोकमान तामाङ्ग | ४४. त्रिचन्द्र लामा | ४५. सुवास लामा |
| ४६. निर्मला फुयँल | ४७. हिराकला राई | ४८.सन्तोषी मिजार |
| ४९. सुमन बुढाथोकी | ५०. पर्वत दवाडी | ५१. सृजन धिमिरे |
| ५२. प्रकास ओझा | ५३. शर्मिला निरनैला | ५४. गोपाल कट्वाल |
| ५५. यसोधा विष्ट | ५६. प्रमिला विष्ट | ५७. ज्यातीकला कट्वाल |
| ५८. कुमारी मगर | ५९. राममाया थुलुङ्ग | ६०. प्रविण खड्का |
| ६१. सन्तोष भुजेल | ६२. सुरज गिरी | ६३. नविन राई |
| ६४. प्रतिमा भट्टराई | ६५. महाकाली पासवान | ६६. मोहन पौड्याल |
| ६७. माहन कार्की | ६८. सविना श्रेष्ठ | ६९. किसान विष्ट |
| ७०. हेम कुमार विष्ट | ७१. रञ्जना खड्का | ७२. पुष्पा थापा |
| ७३. सुनिता थापा | ७४. राम कुमार राई | ७५. अशोक कार्की |
| ७६. ज्ञान बा. वि.क. | ७७. शत्रुधन वि.क. | ७८. परशुराम खतिवडा |
| ७९. नवदीय तामाङ्ग | ८०. राम कृष्ण तामाङ्ग | ८१. दावा शेर्पा |
| ८२. अर्जुन तामाङ्ग | ८३. अनुप वन | ८४. वरराम मगर |

| | | |
|---|---|---|
| ८५. दल बा. राई | ८६. दिल कुमार पौड्ल | ८७. अरुणा फुयैंल |
| ८८. विमला सार्की | ८९. सम्झना थापा | ९०. अस्मीता ढकाल |
| ९१. कल्पना गेलाल | ९२. जगत बा. दाहाल | ९३. उपेद्र राई |
| ९४. संयोग मल्ल | ९५. अनिता ढकाल | ९६. खश्बु वस्नेत |
| ९७. खिला राई | ९८. रमिला तामाङ्ग | ९९. पष्कर ढुङ्गाना |
| १००. लाल महर्जन | १०१. मिना संग्रौला | १०२ सरिता लिम्बु |
| १०३. विनय तिम्सीना | १०४ पवित्रा बास्कोटा | १०५ विन्दु सुवेदी |
| १०६. भरत भण्डारी | १०७. मधु धिमाल | १०८. सुक्ष्मा घिमिरे |
| १०९. जिवन काफ्ले | ११०. पुजा रिमाल | १११. काजल कार्की |
| ११२. टेकेद्र तिम्सीना | ११३. हिता राई | ११४. रेनुका गेलाल |
| ११५. विष्णु वर्तौला | ११६. विद्या न्यैपाने | ११७. वालिका विष्ट |
| ११८. रिदम गौतम | ११९. देवका कट्वाल | १२०. सरिता सापकोटा |
| १२१. भक्त सग्रौला | १२२. कुञ्जना भट्टराई | १२३. हरिमाया दाहाल |
| १२४. पष्प थापा | १२५. कमला निरौला | १२६. कृसला उप्रेती |
| १२७. प्रविन राजवंशी | १२८. मुना अधिकारी | १२९. मुना लिम्बु |
| १३०. नविन धिमाल | १३१. अभिसेक राई | १३२. नेहा उप्रेती |
| १३३. शान्ता मगर | १३४. पुष्पराज रिमाल | १३५. कृषा रोग्मी |
| १३६. जमुना अधिकारी | १३७. प्रदिप बास्कोटा | १३८. अस्मीता खड्का |
| १३९. मनिसा राजवंशी | १४०. सदानन्द भट्टराई | १४१. वविता पौड्ल |
| १४२. विमल न्यौपाने | १४३. राम बा. पाण्डे | १४४. छत्र कु. गौतम |
| १४५. सरीता भण्डारी | १४६. सोनि श्रेष्ठ | १४७. कुमार बुढथोकी |
| १४८. चन्द्र कट्वाल | १४९. कविता गौतम | १५०. मिन बा. विश्वकर्मा |
| १५१. रस्मी दाहाल | १५२. सिता दवाडी | १५३. सविना थापा |
| १५४. विकास वस्नेत | १५५. सुनिता कार्की | १५६. प्रेम गौतम |
| १५७. तेज विश्वकर्मा | १५८. जानुका वस्नेत | १५९. पारस गेलाल |
| १६०. यादव न्यौपाने | १६२. निर्मला ऐर | १६३. चन्डी राई |
| १६४. माधव भण्डारी | १६५. पुजन कार्की | १६६. वावुराम भट्टराई |
| १६७. ऋषिकेश गेलाल | १६८. सुवास सुवेदी | १६९.रमिला शिवाकोटी |

| | | |
|---|---|---|
| १७०. सन्जु वर्तौला | १७१. दयाराम दाहाल | १७२. केसरी दाहाल |
| १७३. सिता श्रेष्ठ | १७४. मिलन गुरुङ | १७५. विनोद खड्का |
| १७६. केदार पौड्ाल | १७७. जमुना भट्टराई | १७८.अनुराग भट्टराई |
| १७९. रमेश श्रेष्ठ | १८०. सुरेस लिम्बु | १८१. गगां गेलाल |
| १८२. निलम उप्रेती | १८३. भोला दुलाल | १८४. विन्दा तिम्सीना |
| १८५. कुवेर दवाडी | १८६. यसोधा अधिकारी | १८७. पङकच अधिकारी |
| १८८. ज्ञानु ढकाल | १८९. जिसा सिवाकोटी | १९०. फडिन्द्र निरौला |
| १९१. नारायण खड्का | १९२. सर्मिला खड्का | १९३. टिकाराम गौतम |
| १९४. मुक्त बा. बस्नेत | १९५. अन्जु दाहाल | १९६. कैलाश कार्की |
| १९७. सुवास भट्टराई | १९८. विजय मगर | १९९. आन्नद वर्तौला |
| २००. लक्ष्मी कार्की | | |

## अनुसुची ४

## वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको नामावली

| | |
|---|---|
| १.मनिराज राई | २.सुमन पराजुली |
| ३.कमल गौतम | ४.लखनमान वि.क. |
| ५.रविना तामाङ्ग | ६.गिता फुयेल |
| ७.अनिस राउत | ८.माया कार्की |
| ९.मेनुका भट्टराई | १०.जिवन श्रेष्ठ |
| ११रेवती विष्ट | १२.ललिता वि.क. |
| १३.नमिता मगर | १४.दिवस खड्का |
| १५.भोजराज खड्का | १६. ज्ञान बा. बस्नेत |
| १७.लक्ष्मी भुजेल | १८. देविका राई |
| १९.राजु महत | २०. कैलाश कार्की |

## अनुसुची ५

## छलफल निर्देशिकाको खाका

१. वैदेशिक रोजगारीमा जानु अघिको पारिवारीक आर्थिक स्थिति कस्तो थियो ?

२. के आफ्नो परिवारलाई रेमिट्यान्स पठाउन थालेपछि परिवारको आर्थिक स्थितीमा फरक आएको छ ?

३. के रेमिट्यान्सवाट उत्पादन मुलक क्षेत्रमा लगानी भएको छ ?

४. के उत्पादनमुलक क्षेत्रमा गरिएको लगानीवाट प्रतिफल प्राप्त भएको छ ?

५. उत्पादनमुलक क्षेत्रमा गरिएको लगानीबाट कति प्रतिफल प्राप्त भएको छ ?

६. रेमिटयान्सले बालबालिकाको पढाइमा सकारात्मक प्रभाव पारेको छ ?

७. सबैभन्दा बढी कुन शैक्षिक अवस्था भएका युवाहरू वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ ?